# *अध्याय एक*

# शोध अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

साधारणतया घरायसी स्तरका सम्पूर्ण कामहरूलाई घरेलु कार्य भनिन्छ । हरेक परिवारले आफ्नो आर्थिक क्षमतालाई सबल र सक्षम बनाइ सु-व्यवस्थित ढङ्गले अगाडि बढाउने प्रयत्न गरेको हुन्छ । त्यसका लागि पारिवारिक सद्भाव, सहयोग दरिलो र मजबुत बनाउन परिवारका हरेक सदस्यको आ-आफ्नै भूमिका हुन्छ । घरायसी कार्यअन्तर्गत खाना पकाउने, खुवाउने, घाँस काट्ने, दाउरा सङ्कलन गर्ने, बालबच्चा तथा बुढाबुढीको हेरचाह गर्ने, खेतीपाती लगायत सामाजिक, साँस्कृतिक, आर्थिक क्षेत्रमा गरिने कार्यलाई बुझिन्छ । यस्ता पारिवारिक योजना तथा कार्यक्रममा पुरुष सरह महिलाको पनि समान सहभागिता रहि नीति निर्माण गर्नुलाई घरेलु निर्णय निर्माण प्रक्रियामा महिला सहभागिता भनिन्छ (अर्याल, २०५९) । नेपाली समाज पुरुषप्रधान भएकोले हरेक निर्णयमा पुरुष आफै सरिक हुने गर्दछन् । नितान्त यौनिकता र प्रजनन् सम्बन्धी वैयक्तिक विषयमा समेत पुरुषले प्रभाव पारेको पाइन्छ । हाम्रो समाजमा जमिन, वस्तुभाउ किनबेच, छोराछोरीको शिक्षादीक्षा, विवाहकर्म लगायत घरायसी व्यवहारमा पनि पुरुषको नै निर्णायक भूमिका रहेको पाईन्छ । निर्णयको अवसर तथा विविध क्षेत्रमा महिलाहरू पछाडि पर्नुमा समाजमा जरो गाडेर रहेको सामाजिक प्रचलन, परम्परा, संस्कृति, विचार आदि पक्षको प्रभावकारी भूमिका रहेको पाईन्छ । त्यसमा लैङ्गिक विभेद मूल कारक पक्ष मानिन्छ ।

उत्तरआधुनिक समयमा प्रवेश गरिसकेको आजको प्रतिस्पर्धात्मक समाजमा अझैपनि नेपाली महिलाहरू अशिक्षा, अज्ञानता, अस्वस्थता, गरिबी, रुढिबादी संस्कृति र भेदभावमूलक कानूनी व्यवस्थाभित्र रुमलिइरहेका छन् । फलस्वरुप समाजका हरेक पक्षमा पिछडिएर शोषित, पीडित, उपेक्षित र असुरक्षित जीवनयापन गर्न बाध्य भएका छन् । नवौ पञ्चवर्षीय योजनामा यी कुराहरू उल्लेख भएका छन् ।

पुरातन पारिवारिक संरचनामा महिलाहरूले दुःख, यातना, पीडा सहेर मनका इच्छा तथा चाहनालाई कुण्ठित पारी मनका आवाजहरूलाई दबाएर अन्यायलाई सँहदै हरेक कुरामा सम्झौता गर्नुपर्ने अवस्था थियो । महिला स्वतन्त्रताको आवाज भने पहिलेदेखि उठिरहेको हो । जबसम्म समाज तथा परिवारको मानसिकतामा परिवर्तन आउँदैन तबसम्म, महिला स्वतन्त्रताको कुरा नारा र कागजमा मात्र सीमित हुन्छ । हाम्रो समाजले महिलालाई सुरुदेखि नै पराइ घर जाने वर्ग भनि सामाजिकीकरण गराइरहेको पाईन्छ । अरुका लागि रमाउनुपर्ने, सहयोगी बन्नुपर्ने आत्मसन्तुष्टि नमिलेपनि देखावटी रुपमा महिलाले विविध भूमिका निर्वाह गर्नुपर्ने अवस्था रहन्छ (अर्याल, २०५९) ।

नारी विदुषि **Caroline Moser** का अनुसार पुरुषहरूले द्विपक्षीय कार्य उत्पादन र सामुदायिक भूमिका निर्वाह गर्दछन् । समुदायमा उच्च एवम् मूल्याङ्कनयोग्य कार्यमा पुरुषको बढी पहुँच हुन्छ । महिलाहरू त्रिपक्षीय भूमिका निभाउन बाध्य हुन्छन् । कम आय, अनुत्पादक कार्य, बच्चा जन्माउने र हुर्काउने कार्यमा समय व्यतित गर्नुपर्ने हुन्छ । शिक्षा तथा तालिमको अभाव, आफ्नो कमाइ अरूलाई सुम्पेर अर्काको आशामा र सहारामा शोषण र दमनपूर्ण जीवन जिउनुपर्ने बाध्यतामा रहन्छन् महिलाहरु । कुनै स्रोत साधनमा पहुँच नहुँदा उनीहरूको निर्णय न घरमा लागु हुन्छ न समाजले सुन्दछ । यस अवस्थामा उनीहरू आवाज विहिन **(Voiceless)** र सबअल्टर्न जमातमा सिमित हुन्छन् । आवश्यकता अपरिहार्य हुने तर मूल्याङ्कन अत्यन्तै न्यून हुने कार्यक्रममा महिलाहरूको उपस्थिति उच्च रहन्छ । महिलालाई हरेक क्षेत्रमा अधिकार सम्पन्न गराउनुपर्छ भनेर अनेक मञ्चहरुबाट पटक-पटक आवाजहरू बुलन्द गरिएका छन् । उनीहरूको हरेक क्षेत्रमा पहुँच विस्तार गरी महिला अधिकार सुनिश्चित गराउन विभिन्न नियम, कानून तर्जुमा गरिएतापनि तिनको कार्यान्वयन उचित ढङ्गले हुन सकिरहेको छैन । यस्ता विषय सहजरुपले समाजबाट स्वीकार गरिएको हुनुपर्दछ ।

यसै सन्दर्भमा, मानव अधिकार घोषणा पत्र १९४८ को धारा १ मा सबै मानव जाति जन्मदै स्वतन्त्र, सम्वृद्ध र अधिकारका भागीदार हुन्छन् भनिएको छ । त्यसै सन्दर्भमा **Jannet hunt** ले महिला विकासको आवश्यकतालाई मानव अधिकारको परिधिभित्र राखेर हेरिनुपर्दछ भनेकी छन् । नेपालले सन् १९७५लाई अन्तर्राष्ट्रिय नारी वर्षको रुपमा मनाउने र १९७५-१९८५ को दशकलाई महिला दशकको रुपमा मनाउने संयुक्त राष्ट्रसंघको आह्वानलाई

स्वीकार गरी तदनुरुप कार्यक्रम सञ्चालन गरेको थियो । त्यस्तै सन् १९९५को **Beijing Declaration**
**(4th International Conference)** लाई मान्यता प्रदान गरी सोको प्रभावकारी ढङ्गले कार्यन्वयन गर्न लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना लागु गरेको छ । विशेषत संयुक्त राष्ट्रसंघको स्थापना भएपछि महिला विकासका प्रयासहरू अगाडि बढाइएका हुन् । अन्तर्राष्ट्रिय सम्मेलनको सन्दर्भमा सन् १९७५ मा मेक्सिकोमा प्रथम महिला सम्मेलन भयो । दोस्रो विश्व महिला सम्मेलन डेनमार्कको राजधानी सहर कोपनहेगनमा सन् १९८० मा सम्पन्न भयो । यसले महिला समानता, सहभागिता, अधिकार, अवसर र उत्तरदायित्व आदि विभिन्न पक्षलाई अगाडि सार्‍यो । त्यस्तैगरी सन् १९८५मा केन्याको राजधानी नैरोवीमा तेस्रो विश्व महिला सम्मेलन आयोजना गरियो । यो सम्मेलन महिलाहरूको आर्थिक, सामाजिक तथा शैक्षिक विकास गरी उनीहरूको जीवन स्तरमा सुधार गर्दै लैजाने उद्धेश्यले आयोजना गरिएको थियो । क्रमश चौथो विश्व महिला सम्मेलन चीनको बेइजिङमा सम्पन्न भयो । उक्त सम्मेलन महिला र पुरुषबिचको भेदभाव अन्त्य गर्न र उनीहरू बिच नयाँ साझेदारी विकास गर्ने उद्धेश्यले सन् १९९५ मा आयोजना गरिएको थियो । बेइजिङ कार्ययोजनाको पुनरावलोकन सम्बन्धी दस्तावेजहरूको सँगालो, २०५७ मा यि विषयहरू प्रस्तुत गरिएका छन् ।

सन् १९८० को दशकयता हरेक क्षेत्रमा महिला सहभागिता हुनुपर्छ भन्ने कुरा टड्कारो रुपमा उठिरहेको छ, त्यसमा  धेरै काम पनि भएका छन् । महिला र पुरुष एक रथका दुई पाङ्ग्रा हुन् जसलाई सहज तरिकाले सञ्चालन गर्न महिलाको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ । नेपाली समाजमा महिलाले परम्परादेखि नै उचित हैसियत प्राप्त गर्न आफ्नो निश्चित भूमिका र कर्तव्यहरू निर्वाह गर्दै आएको पाइन्छ । हाम्रा प्राचिन धर्मग्रन्थ वेद, पुराण, रामायण, महाभारत आदिमा आदिम महिलाको भूमिका र स्थिति उच्च रहेको कुरा उल्लेख छ । कुन्ती, मन्दोदरि, तारा, अहिल्या, द्रौपदी आदि उच्च कोटीका बौद्धिक महिला थिए । सीता, भृकुटी, लक्ष्मी, राजेश्वरी, राज्यलक्ष्मी, देवल देवी, नायक देवी आदि विराङ्गना नारी हुन् । यिनै महिलाका सन्तती पछिल्लो समयमा सेवकको रूपमा जीवन गुजार्न बाध्य छन् (अधिकारी र घिमिरे, २०६१) ।

पितृसत्तात्मक परिवारमा महिलाको उत्पादन तथा श्रमशक्ति, प्रजननशक्ति, यौनिकता, गतिशीलता, सम्पत्ति तथा अन्य आर्थिक स्रोत साधन माथि पुरुषहरूको नियन्त्रण हुन्छ । यस्तो नियन्त्रण गर्ने सँस्थाहरूमा परिवार, धर्म, कानुनी व्यवस्था, आर्थिक संस्थाहरू, राजनीतिक व्यवस्था तथा संस्थाहरू, जनसञ्चारमाध्यम, शिक्षण संस्थाहरू र ज्ञान व्यवस्था पितृसत्ताका प्रतिनिधिका रुपमा कार्यरत छन् (भासिन, १९९३) । अधिकांश महिलाहरूले अनौपचारिक श्रम क्षेत्र र कृषि क्षेत्रमा श्रम खर्चिनु परेको छ । महिलाको परिश्रमको उचित लेखाजोखा छैन । अझैपनि हाम्रो समाजमा पारिवारिक काम र  सामाजिक दायित्वलाई कामको रुपमा परिभाषित गर्न सकिएको छैन । यसबारे राज्यद्वारा पुर्नमूल्याङ्कन गरिनु पर्दछ । विभिन्न क्षेत्रमा महिलाको पहुँच बारे तल चर्चा गरिन्छ ।

नेपालको अन्तरिम संविधानले राज्यका सवै तहमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरेको छ । तर कार्यान्वयनको स्थिति यस्तो रहेको छ । कूल जनसङ्ख्याको ५१.५० प्रतिशत महिला छन् भने पुरुष ४८.५० प्रतिशत छन् । साक्षरता दर महिलाको ४५ प्रतिशत छ भने पुरुष ५५ प्रतिशत, सुरक्षा अङ्ग (प्रहरीमा) महिला ६ प्रतिशत छन्, पुरुष ९४ प्रतिशत, सुरक्षा अङ्ग (सेना) महिला १.२० प्रतिशत छन् भने पुरुष ९८.८० प्रतिशत, कृषिमा संलग्न महिलाको प्रतिशत ६४ रहेको छ । पुरुष ३४ प्रतिशत संलग्न छन् । संवैधानिक निकायमा महिलाको सहभागिता ५ प्रतिशत छ भने पुरुषको सहभागिता ९५ प्रतिशत रहेको छ । न्यायाधिसमा महिलाको सहभागिता २ प्रतिशत छ भने पुरुष ९८ प्रतिशत छन् । त्यस्तै चिकित्सक महिला ४८ प्रतिशत छन् भने पुरुष ५२ प्रतिशत छन् । निजामति सेवामा महिलाको सहभागिता १२ प्रतिशत छ भने पुरुष ८८ प्रतिशत छन् । स्वास्थ्यमा पहुँच पुगेका महिला ३५ प्रतिशत छन् भने पुरुष ६५ प्रतिशत रहेका छन् । मतदातामा महिला ४९ प्रतिशत छन् भने पुरुष ५१ प्रतिशत, राष्ट्रिय पार्टीको सदस्य महिला ११ प्रतिशत छन् भने पुरुष ८९ प्रतिशत रहेका छन् । २०५८ सालको जनगणना अनुसार महिलाको नाउँमा घरजग्गा ९.११ प्रतिशत र महिला घरमुली १४.८७ प्रतिशत रहेकोमा २०६८ सालमा सो वृद्धि भई १९.७१ प्रतिशत महिलाको नाउँमा घर, २५.७३ प्रतिशत महिला परिवारको घरमुली रहेका छन् (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) ।

विभिन्न अध्ययन अनुसन्धानले पनि हरेक क्षेत्रमा महिलाको सहभागिता न्यून रहेको कुरा देखाएको छ । पारिवारिक आयमा महिलाको कम योगदान देखिनुको कारण मूल्यहीन

घरायसी काममा महिलाको सहभागिता देखिनु हो । घरायसी काममा महिलाको सहभागीता रहेपनि निर्णयको अवसरमा महिलाको पहुँच कमै पाइन्छ । उत्पादित वस्तुको मूल्य बारे निर्णय गर्न र प्राप्त रुपियाँमा नियन्त्रण गर्ने अधिकार कतिपय महिलामा छैन । घरायसी कार्यमा मात्र समय विताउँदा सार्वजनिक क्षेत्रमा महिलाको सहभागीता न्युन छ । समष्टिमा माथि वर्णित तथ्यहरूबाट स्पष्ट हुन्छ कि महिला वर्ग सामाजिक क्षेत्रमा हरेक यात्रामा पछाडी परेको स्पष्ट हुन्छ । समयको परिवर्तित सन्दर्भमा यस विषयमा आशलाग्दो भविष्य देख्न सकिन्छ । दशकौं अगाडिको महिलाको अवस्था र वर्तमानको अवस्थामा भने निःसन्देह फेरबदल आएको पाईन्छ । समय सधै उहि र उस्तै अवस्थामा रहदैन । राजा सुरेन्द्र विक्रम शाहको पालाको मुलुकी ऐन वि.स १९१० कानुनी रुपमा पहिलो व्यवस्थित दस्तावेज हो । यसमा महिलाको समानताको कुनै विषयमा बोलिएको छैन । यस बारेमा अवधारणाको विकास पनि भएको पाइदैन । वि.स १९७७ मा सतीप्रथा र दासप्रथाको उन्मुलन श्री ३ चन्द्रशमशेरले गरेका थिए, इतिहासमा यो महत्वपूर्ण कदम मानिन्छ । नेपालको पहिलो लिखित संविधान पद्मशमसेरको पालाको नेपाल सरकार वैधानिक कानुन २००४ मानिन्छ । त्यसपछि बनेको नेपाल अन्तरिम शासन विधान २००७ ले समानताको विषयलाई खासै उठाएको थिएन । नेपाल अधिराज्यको संविधान २०१५ पछिमात्र महिलाहरूका लागी मौलिक हकका रुपमा समानता लगायतका व्यवस्था गरिदै आएको पाइन्छ । नेपालकै इतिहासमा नेपाल अधिराज्यको संविधान २०४७ मा अधिकार, समानता स्वतन्त्रता तथा नागरिक हकका विषयमा धेरै व्यवस्था गरिएको थियो ।

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ धारा १३ मा सवै नागरिक कानुनको दृष्टिमा समान रहने साथै समान कामका लागी महिला र पुरुषविच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने कुरा उल्लेख गरेको पाइन्छ । त्यस्तै धारा २० मा कुनैपनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य हिंसाजन्य कार्य नगरिने र यस्ता कार्य कानुनद्वारा दण्डनिय रहने व्यहोरा उल्लेखित छ । पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक हुने र महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गरिएको छ । मुलुकी ऐनको ११ औं संसोधनलाई महिलाहरू माथि हुने भेदभाव र शोषणको उन्मुलनका सवालमा महत्वपूर्ण कदम मान्न सकिन्छ । यस संसोधनले अंशवण्डाको महलमा छोरीहरूले समेत दाजुभाइ सरह जन्मनासाथ अंश पाउने व्यवस्था गरेको छ । यसभन्दा पहिला अविवाहित रहेकी छोरीलाई अंश पाउन ३५ वर्ष पुग्नुपर्थ्यो । हाम्रो समाजको परम्परागत मान्यताले महिलालाई

दोस्रो दर्जाको नागरिकको रुपमा हेरेको यथार्यता हाम्रो साम‌ु छर्लङ्ग छ । साथै महिलाहरूको जागिर, घुमफिर र अन्य कार्यमा तिनको गतिशिलतामाथि पुरुषको आदेश, निगरानी र नियन्त्रणले कार्य गर्दछ । यस्ता व्यवहारले महिलाको स्वतन्त्रता, बृत्ति विकास र मानवियता विपरित कार्य गर्दछ । त्यसैले पुरुषहरूवाट हुने यस्ता नियन्त्रणहरूलाई चिरफार गरी महिलाहरू आफै स्वावलम्वी र आत्मनिर्भर बन्नको लागि र पारिवारिक विकास तथा उन्नतीको लागी घरेलु निर्णय प्रक्रियामा उनीहरूको सहभागीता कस्तो रहेको छ भन्ने बुझ्नको लागी यो अध्ययनलाई अगाडि बढाइएको छ ।

कुनै पनि समाज, समुदाय तथा राष्ट्रको विकासको लागी पारिवारिक स्तरवाट नै महिलालाई हरेक कुराको निर्णयमा सहभागी गराउनुपर्छ, तवमात्र महिलाहरू सार्वजनिक क्षेत्रमा पनि निर्णय गर्न सक्षम हुन्छन् । घरेलु निर्णय प्रक्रियामा महिलाको सहभागीता बढाउन सकियो भनेमात्र सार्वजनिक क्षेत्रमा उनीहरूको पहुँच बढ्ने अवसरको विकास हुन्छ । राज्य एवम् समाज स्तरबाट महिलाको अवस्था सुधार गर्न गरिएका अनेकौ प्रयासहरूले पनि उनीहरूको अवस्थामा खासै परिवर्तन ल्याउन नसकिरहेको अवस्था छ । जे होस् प्रयत्नलाई सकारात्मक रूपले हेर्नुपर्दछ ।

## १.२ समस्याको कथन

सामाजिक व्यवस्थालाई जीवन्त राख्न नारी तथा पुरुष दुवैको समान दायित्य तथा योगदान स्वभाविक मानिन्छ । यी दुवै पक्षमा सन्तुलन विग्रिएमा समाजको अस्तित्वमा व्यवधान आउँछ । नारी पुरुष दुवै समान भएकाले दुवैको सह-अस्तित्वलाई किमार्थ अस्वीकार गर्न मिल्दैन तर यथार्थतामा हाम्रो समाजमा नारी तथा पुरुषको अवस्था वा हैसियत समान छैन । पितृसत्तात्मक परिवेशका कारण व्यक्तिगत, घरायसी, सामुदायिक एवम् राष्ट्रिय स्तरका, विभिन्न निर्णय प्रक्रियामा पुरुषहरूकै वर्चस्व रहेको पाइन्छ । सामाजिक संरचना यस्तो छ की महिलाहरू प्रायः घरेलु काममै व्यस्त रहन्छन् । आर्थिक महत्वका हिसाबले महिलाका घरेलु कामकाजलाई मूल्यवान मानिदैन । सामाजिक अन्धविश्वास, कुरिति, कुप्रथा, चेतनाको कमी आदि कारणले पनि महिलाहरूलाई समाजले हेर्ने हेराइ पृथक पाइन्छ । त्यसैले शिक्षा, स्वास्थ्य, रोजगारी, निर्णय प्रक्रिया र क्षमतामा महिला पछाडि छन् । यद्यपि समयको परिवर्तनसँगै महिलाको स्तर वृद्धि, चेतनाको अभिवृद्धि एवम् सशक्तिकरणका

कार्यक्रमहरू अगाडि सारिएका छन् । यस कार्यमा महिला तथा समाज कल्याण मन्त्रालयले महिला उत्थानका कार्यक्रमहरू अघि सार्दै आएको छ । विभिन्न गैह्र सरकारी संस्थाहरू पनि यस कार्यमा संलग्न रहेका छन् । विभिन्न सामाजिक, आर्थिक, सार्वजनिक, राजनैतिक क्षेत्र जस्तै घरायसी निर्णय प्रक्रियामा समेत महिलाहरूलाई अगाडि बढाउन व्यक्तिगत, घरेलु तथा सामुदायिक स्तरमा कार्यक्रमहरू एकपछि अर्को ल्याइएका छन् । घर नै समाजको पहिलो पाठशाला वा महत्वपूर्ण इकाई भएकोले घरेलु निर्णय प्रक्रियामा महिलाहरूलाई सहभागी गराइएमा नारी अधिकार र स्वतन्त्रताको पहिलो ढोका खुल्ने हुन्छ । त्यसैले पनि घरेलु निर्णयमा महिला सहभागिता अपरिहार्य मानिन्छ ।

महिला र पुरुषलाई समान अवसर, समान अधिकार, जिम्मेवारी, सेवामा समान पहुँच, प्रतिफलमा पहुँच पुग्ने अवसर प्रदान गरिएमा पुरुष सरह हैसियत वृद्धि हुने अपेक्षा गरिन्छ । घर, समाज र मुलुकको उत्थानका लागि नारी-पुरुषको सहयात्रा र सहकार्यले उचित प्राथमिकता पाउनुपर्दछ भन्ने उद्देश्यसँग यो अध्ययनलाई केन्द्रित गर्ने प्रयत्न गरिएको छ । यसका अनुसन्धानात्मक प्रश्नहरू यसप्रकार छन् :

१. समग्रमा महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक अवस्था कस्तो छ ?
२. घरेलु निर्णय प्रक्रियामा महिला सहभागीताको स्वरूप कस्तो छ ?
३. घरेलु तहमा महिलालाई स्रोत परिचालन र उपयोगको अवसर प्राप्त छ ?
४. घरेलु तहमा महिलाहरूलाई निर्णय प्रक्रियामा प्रभाव पार्ने पक्षहरू के के हुन् ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्रमा घरेलु निर्णय निर्माण प्रक्रियामा महिला सहभागीताबारे अध्ययन गर्नु सामान्य उद्देश्य रहेको छ । यसका अतिरिक्त निम्न विशेष उद्देश्यहरू रहेका छन् । ती यसप्रकार छन् ।

१. घरेलु मामिलामा लिइने निर्णय प्रक्रियालाई कुन कुन पक्षले प्रभाव पारेका छन् भन्ने बारे अध्ययन गर्ने ।
२. स्रोत परिचालन, उपयोग तथा निर्णय प्रक्रियाबारे देखापर्ने समस्या र समाधानका उपायहरूको खोजी गर्ने ।

## १.४ अध्ययनको महत्व

कूल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा ओगट्ने महिलाहरू पारिवारिक निर्णय प्रक्रियामा पुरुषभन्दा पछाडि परिरहेको अवस्था छ । विभिन्न अध्ययन अनुसन्धानले देखाए अनुसार महिलाहरूले घरायसी कार्यका विभिन्न पक्षमा निर्णयको अवसर नपाउने मात्र नभई विभिन्न घरेलु हिंसा, यौन दुर्व्यवहार, छाउपडी प्रथा, देउकी प्रथा, कुमारी प्रथा, झुमा प्रथा, बोक्सीको आरोपमा विभिन्न यातना, बालविवाह, दाइजोको विषयमा घरपरिवारबाट यातना, लगायतका हिंसाहरू सहन बाध्य छन् । महिला र पुरुष परिवार सञ्चालनका सहयात्रु भएपनि हाम्रो सामाजिक, साँस्कृतिक मूल्य, मान्यता, चालचलन र रितिरिवाजले गर्दा समाजले महिलालाई हेर्ने दृष्टिकोणमा खासै भिन्नता आएको दखिदैन । अनुसन्धानको माध्यमवाट विभिन्न विसङ्गतिलाई उजागर गरी सुधारात्मक बाटोतर्फ अभिप्रेरित गर्न अध्ययनले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिन्छ ।

## १.५ अध्ययनको सीमा

शोध पत्र स्नातकोत्तर तह दोस्रो बर्षमा पूरक अध्ययनको प्रयोजनको लागि तयार पारिएको हो । त्यसैले यो अध्ययन शैक्षिक उद्धेश्यले गरिएको हुँदा सम्पूर्ण क्षेत्रलाई समेट्न समय र स्रोतले असम्भव भएको कारण केवल तनहुँ जिल्ला जामुने गा.वि.स. वडा नं. १ को अध्ययनमा सीमित गरिएको छ । घरेलु निर्णय प्रक्रियामा महिला सहभागीताको बारेमा सम्वन्धित उत्तरदाताबाट प्रत्यक्ष रुपमा जानकारी लिइएको थियो । जसले यो अध्ययनलाई प्रभावित पार्दछ । स्थान र परिवेश अनुसार घरेलु निर्णय प्रक्रियामा महिलाको सहभागीता फरक फरक हुनसक्ने भएकोले यस अध्ययनलाई अन्यत्र स्थानको सन्दर्भमा सामान्यीकरण गर्न सकिदैंन । यो अध्ययनले लैङ्गिक समानता, महिला सहभागीता, महिला सशक्तिकरणलाई समेट्ने अपेक्षा गरिन्छ । यद्यपी निर्णय प्रक्रियामा महिला सहभागिता सम्बन्धी अध्ययनको विषय वृहत छ । यसमा अध्ययन क्षेत्रका महिलाहरूको घरेलु विषय कृषि क्षेत्र, सामाजिक तथा आर्थिक क्षेत्रमा कस्तो पहुँच छ त्यसबारे स्थानिय तहको अध्ययन गरिएको छ ।

## १.६ मुख्य शब्दावलीको परिभाषा

घरेलु निर्णय प्रक्रियाः घरेलु निर्णय प्रक्रिया भनेको परिवारका हरेक आवश्यकताहरू पूरा गर्ने र परिवारलाई सहज तरिकाले सञ्चालन गर्नको लागि लिइने निर्णय हो ।

घरमूली महिलाः महिलाको मुख्य जिम्मेवारी रहेको परिवार, जहाँ घर भित्रका हरेक कार्यहरूमा महिलाको नै मुख्य भूमिका, नेतृत्व र जिम्मेवारी रहेको हुन्छ ।

लैङ्गिक समानताः लैङ्गिक समानता भनेको महिला र पुरुषबीच सबै प्रकारका भेदभावको अन्त्यको अनुपम अवस्था हो ।

महिला सशक्तिकरणः सशक्तिकरण शब्दले कुनै पनि प्रतिस्पर्धात्मक कार्यमा सफलता प्राप्त गर्न आवश्यक पर्ने ऊर्जा तथा क्षमताको विकास गर्ने प्रक्रियालाई बुझाउँदछ । महिलालाई सामाजिक जीवनमा सशक्त भूमिका वहन गर्न सक्षम तुल्याउनु नै महिला सशक्तिकरण हो ।

लैङ्गिक समताः समता भनेको सम न्याय हो । लैङ्गिक भेदभावबाट विगतमा पछाडि पारिएका महिला वर्गलाई पुरुष वर्गको हाराहारीमा ल्याउन अहिले दिइने ग्राहयता नै समता हो ।

## १.७ सङ्गठनात्मक ढाँचा

प्रस्तुत अनुसन्धानलाई विभिन्न ६ अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा रहेको छ । अध्याय दुइमा पूर्व साहित्यको पुनरावलोकन, अध्याय तीनमा अनुसन्धान पद्धति, अध्याय चारमा अध्ययन क्षेत्रको परिचय, अध्याय पाँचमा उत्तरदाताको सामाजिक आर्थिक अवस्थाको विषयमा चर्चा गरिएको छ । भने अन्त्य अध्याय सातमा सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# *अध्याय दुई*

# पूर्व साहित्य पुनरावलोकन तथा समिक्षा

यस अध्ययनमा घरेलु निर्णय प्रक्रियामा महिलाको भूमिका सम्बन्धी प्राप्त पूर्व पाठ्य सामग्री अवलोकन गरी प्रस्तुत गरिएको छ । खासगरी पूर्व अनुसन्धानात्मक सामग्री, आधिकारिक लेख, जर्नल, पुस्तकमा प्राप्त सूचनालाई आधार मानिएको छ ।

## २.१ घरेलु निर्णय प्रक्रिया सम्बन्धी अवधारणा

साधारणतया घर भित्रका सम्पूर्ण कामहरूलाई घरेलु कार्य भनिन्छ । एउटा परिवारलाई सबल, सक्षम र दरिलो बनाउनको लागि परिवारका सम्पूर्ण सदस्यहरूको सहयोग, सद्भाव आवश्यक हुन्छ । यस्ता यावत् कुराहरूमा निर्णय निर्माण गर्ने काममा महिलाको सहभागिता छ भन्ने कुरा अध्ययन गर्न खोजिएको छ । नेपाल एउटा पितृसत्तात्मक समाज हो । समाजमा सुरूदेखि नै घर भित्रका हरेक कामकाजदेखि लिएर घर बाहिरका कामकाजहरूमा पनि निर्णय निर्माण गर्ने काममा पुरुषहरूको नै वर्चस्व रहेको पाइन्छ । महिलाहरू केवल पुरुषहरूको सहयोगीको रूपमा रहेको पाइन्छ । मुलुकी ऐन वि.सं. १९१०, नेपाल सरकार वैधानिक कानुन २००४, नेपाल अन्तरिम शासन विधान २००७ ले पनि समानताको विषयलाई खासै उठाएको थिएन । महिलाहरूलाई आम्दानीमूलक, निर्णयमूलक कार्यहरूमा विभिन्न कुरीति सामाजिक मूल्य मान्यताहरूले वाधा पुऱ्याएका थिए । घरेलु स्तरका साथै घर बाहिरका विभिन्न कामहरूको निर्णय गर्ने अवसर दिइएको थिएन । केवल पुरुषहरूको एकल निर्णयबाट सबै कामहरू हुने गरेका थिए । त्यसले गर्दा स्रोत साधन परिचालन, उत्पादनमूलक काममा महिलाको पहुँज ज्यादै न्युन देखिएको थियो । नेपाल अधिराज्यको संविधान २०१५ पछि मात्र महिलाहरूका लागि मौलिक हकका रूपमा समानताको विषय उठाइयो । त्यसैगरी नेपाल अधिराज्यको संविधान २०४७ मा अधिकार, समानता, स्वतन्त्रता तथा हरेक निर्णय गर्ने नागरिक हकका विषयमा धेरै व्यवस्था गरिएको थियो । नेपालको अन्तरिम संविधान २०६३ का विभिन्न धाराहरूले समान कामका लागि समान ज्याला, घरेलु स्तरका कामहरूमा निर्णय गर्ने अवसर, कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको हिंसाजन्य कार्य नगरिने र यस्ता कार्य कानुनद्वारा दण्डनीय रहने

व्यहोरा उल्लेखित छ । त्यसैगरी लैङ्गिक दृष्टिकोणले पनि महिलाहरूको आर्थिक स्थिति निर्णय गर्ने अधिकार पुरुषको समानान्तर पुऱ्याउनुपर्दछ भन्ने कुरालाई जोड दिएको छ । यसरी महिलाको अवस्था र अनुभव पुरुषहरूभन्दा फरक भएकोले पुरुष सरह महिलाका अधिकारहरू सुनिश्चित गराउन साथै महिलामाथि हुने विभिन्न हिंसाबाट मुक्ति दिलाउन र निर्णय प्रक्रियामा महिलालाई अग्रसर बनाउन विभिन्न महिलावादी आन्दोलनहरू अगाडि बढेका छन् । पछिल्लो समयमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट पुरुष सरह महिलालाई पनि हरेक कामको निर्णय गर्ने तहमा समान सहभागिता हुनुपर्छ भन्ने कुरालाई जोड दिएको छ ।

## २.२ सैद्धान्तिक समिक्षा

यस सन्दर्भमा सैद्धान्तिक विषयसँग अध्ययनलाई जोड्ने प्रयत्न गरिएको छ । जसले सैद्धान्तिक मार्गदर्शन प्रदान गर्दछ । खासगरी लैङ्गिकता, लैङ्गिक सम्बद्ध सहभागिता सम्बन्धी पक्षलाई केन्द्रबिन्दु बनाइएको छ ।

### २.२.१ लिङ्ग र जेण्डरको अवधारणा

प्रशिद्ध विद्वान **Anne oakely** द्वारा प्रतिपादन गरिएको लिङ्ग र जेण्डरको अवधारणालाई प्राय विद्वानहरूले एउटै अर्थमा प्रयोग गर्दथे । सन् १९६० को दशकपछि **Robert stoller** ले यी दुई अवधारणालाई भिन्नभिन्न रुपमा विश्लेषण गरेका हुन् । लिङ्ग भनेको प्राकृतिक एवम् जैविकीय गुण वा पहिचान हो । यो प्रत्येक व्यक्तिले जन्मबाटै लिएर आएको हुन्छ । यो महिला र पुरुषबिच हुने जैविकीय फरकपन हो । यो सर्वव्यापी, शास्वत, स्पष्ट, र स्थायी हुन्छ र कहिल्यै पनि सामान्य परिस्थितीमा परिवर्तन गर्न सकिदैँन । जस्तै महिलाले बच्चा जन्माउँछिन, स्तनपान गराउँछिन, यो नितान्त जैविक भूमिकामा पर्ने भएकाले यस्तो काम पुरुषले गर्न सक्दैनन । जेण्डर मनोवैज्ञानिक, सामाजिक एवम साँस्कृतिक सन्दर्भसँग सम्वन्धित शब्द हो । जेण्डर सामाजिक मूल्य, मान्यता, सँस्कृति समेत विषयसँग सम्वन्धित हुन्छ । समाजले निर्धारण गरेको महिला र पुरुषले पूरा गर्न भनी तोकिएको काम, कर्तव्य, भूमिका र जिम्मेवारीहरू हुन् । जेण्डर समय, जाति, धर्म, ठाउँ अनुसार फरक फरक हुन्छ । यसको प्रकृति निरपेक्ष भएकाले अस्थायी र परिवर्तनशील हुन्छ । प्रत्येक पुरुषभित्र नारीत्व र नारीभित्र पुरुषत्वको गुण हुने गर्छ तर समाजले त्यसलाई प्रस्फुटन हुन दिदैन

(भासिन, २००३) । यसै सन्दर्भमा यसलाई बुझ्न उपयुक्त हुनेछ । साझा सवाल भएकोले जेण्डरले न त महिलालाई बुझाउँछ न पुरुषलाई नै यसले त महिला र पुरुषको सामाजिक, साँस्कृतिक, मनोबैज्ञानिक कामहरूको सम्वन्धलाई जोड दिन्छ । झट्ट हेर्दा **Gender Perspective** ले बढी महिलाहरूको सवाललाई जोड दिएको जस्तो देखिन्छ । परन्तु यो विषय महिला र पुरुष दुवैको हकमा लागु हुने साझा सरोकारको विषय हो । आजको २१ औँ शताब्दीमा पनि महिलाहरू हरेक कुरामा पछाडि परेको अवस्थालाई मध्यनजर राख्दै उनीहरूलाई पनि पुरुष सरह विकासका हरेक पक्षमा अग्रसर बनाउनुपर्छ भन्ने ध्येय यस दृष्टिकोणले बोकेको हुँदा बढी महिला केन्द्रित देखिन्छ । त्यस्तैगरी महिलाको सट्टा पुरुष शोषिएका, दविएका र पछाडि पारिएको अवस्थामा तिनीहरूलाई पनि महिलाहरूको स्थितीसम्म ल्याउने उद्धेश्य **Gender perspective** ले लिएको हुन्छ । **Gender perspective** आउँनु अगाडिका अधिकांश **Theory** ले पुरुषलाई अध्ययनको मुख्य केन्द्रविन्दु बनाएका थिए । महिला योगदानको कदर गर्न नसकी महिलालाई केबल पुरुषको सहयोगीको रुपमा रहेका र उनको छुट्टै पहिचान नभएको कुरालाई व्याख्या विश्लेषण गरेका थिए । यस दृष्टिकोणले सामाजिक, साँस्कृतिक तथा मनोवैज्ञानिक सन्दर्भमा महिलाहरूलाई सबल बनाउनु पर्छ, पुरुष सरह बनाउनुपर्छ भन्ने जिकिर गर्दछ । महिलाहरूको आर्थिक स्थिती तथा निर्णय गर्ने अधिकार पुरुषको सामानान्तर पुऱ्याउनुपर्छ भन्ने कुरालाई जोड दिन्छ । खासगरी यस मान्यताले महिला पुरुषबीच शक्तिको सन्तुलनमा जोड दिन्छ । महिलाको स्थान, अवस्था र अनुभव पुरुषभन्दा फरक रहेकाले पुरुष सरह महिलाको अधिकारहरू सुनिश्चित गराउन साथै महिलामाथि हुने विभिन्न हिंसाबाट मुक्ति दिलाउन महिलावादी आन्दोलनहरू अगाडि बढाउँदै विभिन्न महिलावादी सिद्धान्त तथा अवधारणाको विकास भएको पाइन्छ । महिला सम्वन्धी केहि सैद्धान्तिक सन्दर्भ यसप्रकार उल्लेख गरिएको छ ।

### उदार नारीवाद

यस सिद्धान्तको सुरुवात १६ औँ शताव्दीदेखी भएपनि १९ औँ शताव्दीको अन्त्य र २० औँ शताब्दीको आरम्भमा यसले लोकप्रियता हासिल गरेको थियो । जुनसुकै समाजमा पनि यदि पुरुष र महिलालाई समान अवसर प्रदान गरियो भने दुवैको स्थिती र भूमिका बराबर हुन्छ भन्ने यसको मान्यता हो । यस मान्यताले सामाजिक लिङ्गमा विभेद हुदैन भन्ने तथ्यमा विश्वास गर्दछ । उदारवादी नारीवादले आमूल परिवर्तन नभइ सुधारको अपेक्षा गर्दछ ।

समाजको लैङ्गिक स्थितीमा परिवर्तन ल्याउन समाजमा कानूनी, राजनीतिक, आर्थिक, शैक्षिक व्यवस्थामा परिवर्तन ल्याउन प्रयत्न गर्दछ ।

यस सम्वन्धमा प्रसिद्ध विद्वान **Jessi Bernards** को **The future of marriage (1982)** कृतिमा विवाहले महिलालाई सशक्तिकरण गर्दछ तर श्रीमान्लाई शक्तिशाली बनाउँछ भनिएको छ । महिलालाई मताधिकार, शिक्षामा समान पहुँच, समान कामको समान ज्यालालाई प्राथमिकता दिदै सवै प्रकारका अवसरहरूमा समानता दिएको खण्डमा असमानता हटेर जान्छ भन्ने यिनको मान्यता रहेको छ । त्यसैगरी अर्की बिदुषी **Betty friedan** ले **The feminine mystique (1963)** कृतिमा महिलालाई श्रम विभाजनबाट केवल घरभित्रका काम अथवा मातृ हेरचाहको जिम्मा दिइने भएकाले उनीहरू सीमित दायरामा बाधिन्छन् भन्ने अभिमत व्यक्त भएको छ । महिलालाई सार्वजनिक क्षेत्रमा पुरा अवधिको कामको पहुँच दिएमात्र असमानता समाप्त भइ महिला स्वतन्त्रताको वातावरण सिर्जना हुन्छ भनिएको छ
(श्रेष्ठ र अन्य, २०६६) ।

## मार्क्सवादी नारीवाद

सन् १८८४ मा एङगेल्सको "परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति" नामक पुस्तक प्रकासनपछि यस अवधारणा सुरुवात भएको पाइन्छ । पूँजिवादी सामाजीक संरचना र पितृसत्ताबिच घनिष्टता रहेको कारण महिला माथिको शोषण, दमन, अत्याचार मौलाएको कुरा मार्क्सवादी नारीवादले स्पष्ट गरेको छ । पूँजिवाद नै महिला शोषणको मुख्य कारक पक्ष हो भन्ने कुरामा यसले जोड दिएको पाइन्छ । निजी सम्पत्तिको अन्त्य भएर उत्पादन प्रणालिमा सामुहिक स्वामित्व कायम भएपछि मात्र महिला र पुरुषको हैसियत समान हुने कुरालाई यसले जोड दिएको छ । लैङ्गिक विभेदको कारण जैविकीय नभई वर्गीय विभेद हो भन्ने यसको ठम्याइ रहेको छ । पूँजीवादी समाजमा महिलालाई कम ज्याला, कम सामाजिक इज्जत भएका पद दिइने र स्वतन्त्रताको अभाव रहने हुनाले लैङ्गिक विभेद हुन्छ, भन्ने यसको मान्यता छ । पूँजिवादी समाजमा व्यक्तिगत सम्पत्ति र छोराको महत्व वढी हुनु नै महिला शोषणको प्रमुख कारण हो (अर्यालः २०६५) । यस सिद्धान्तले शोषण, विभेद र असमानताको बकालत गर्दछ ।

## समाजवादी नारीवाद

मार्क्सवादी नारीवाद र उदारवादी नारीवादको समिश्रण नै  समाजवादी नारीवाद हो । समाजमा हुने दमनको स्वरुप एकैनासको हुँदैन, त्यसैले लैङ्गिक दमनलाई जाति, प्रजाति उमेर, लिङ्ग, यौनिक रुचिका आधारमा बुझ्नुपर्छ भन्ने कुरामा समाजवादी नारीवादले जोड दिएको पाइन्छ । समाजमा रहेका हरेक दमनको विरुद्वमा सवै वर्गका महिलाहरू एकजुट भएर लाग्नुपर्छ । पितृसत्तात्मक समाजका हरेक संस्थामा लिङ्गमा आधारित श्रम विभाजन र महिला दमन हुने गर्दछ भन्ने कुरा यसले उठाएको छ । समाजवादी नारीवादले सामाजिक दमन र लैङ्गिक दमन साथै वर्गिय दमनलाई दमन प्रणालीको खोज गर्ने आधारका रुपमा लिइ महिलामाथी हुनेगरेका विभिन्नताहरूलाई पूँजिवादी पितृसत्ताले भन्दा बढी राम्रोसँग विश्लेषण गरेको छ । पुरुषद्वारा हुने दमन, महिलाद्वारा हुने दमन साथै दलित महिलालाई अर्को महिलाले कसरी दमन गर्छन भन्ने कुरामा जोड दिन्छ **(Ritzer, 1996)** ।

निजी सम्पत्तिको उदयभन्दा अगाडिदेखी नै पितृसत्ताको अस्तित्व कायम रहेको थियो । पितृसत्ता र सामाजिक प्रणाली नै महिला सशक्तिकरणको बाधक तत्व हो भन्ने कुराको विश्लेषण यसमा गरिएको छ । महिला र पुरुषको प्रवृत्तिगत छवि बनाउन शिक्षा र सञ्चारले महत्वपूर्ण भूमिका खेल्ने कुरामा यसले जोड दिएको छ (अर्याल, २०६५) । समाजबादी महिलाबादले निजी सम्पत्तिको अन्त्यसँगै पितृसत्ता लोप हुन्छ भन्ने कुरामा सहमति राख्दैन तर महिलाको विकास एवम् सशक्तिकरणमा पितृसत्तात्मक संरचना बाधक भएको कुरा मान्दछ । महिला माथिका दमनका विभिन्न रुपहरू जस्तै वर्ग, जाति, महिलाद्वारा महिलामाथि हुने दमन, हिंसाका विषयमा विश्लेषण गर्न नसकेको आरोप यिनीहरूमा लागेको छ (भण्डारी, २०६०) ।

## महिलावादी तेस्रो धार

महिलावादमा तेस्रो धार सन् १९८० को दशकपछि सुरु भएको मानिन्छ । यसले समाजवादी महिलावादको कुरालाई वढी प्राथमिकताका साथ उठाउँछ । यसले नारी बिचका विभिन्नता एवम् फरकपनमाथि ध्यान केन्द्रित गरेको छ । महिलाहरू विचमै हुने फरकपनलाई समाजमा निर्मित वस्तु तथा सेवाको असमान वितरणले गर्दा महिला-महिलाविच फरक भएको निष्कर्ष निकालेको छ । नारीवादी तेस्रो धारको शुरुवात भएपछि महिला आन्दोलन

केवल पश्चिमी समाजमा मात्रै सीमित नभई तेस्रो विश्वमा समेत फैलियो । नारीवादमा यो धार बढी आलोचनात्मक खालको छ । नारीवादी तेस्रो धारको मूल श्रोत उत्तर आधुनिकतावाद हो । यसले विविधता र पुनः संरचनाको व्याख्या गर्दछ । महिलाभित्र समानता मात्रै छैन बरु विविधता छन् । महिला बिच फरक विचार, रुचिहरू छन् भन्ने यसको मान्यता छ । पुन संरचनावादीका अनुसार ज्ञान नै शक्ति हो भन्ने धारणा पुरुषले बनाएको हो । यसमा शक्ति र ज्ञान दुवै पुरुषसँग भएकाले महिलालाई दमन गर्दछन् । वर्तमानमा ज्ञानको व्यवस्था नै असमानतामूलक एवम् शोषणमुलक भएकोले यो व्यवस्था नै असमानतामूलक एवम् शोषणमूलक भएकोले यो व्यवस्थालाई पुन संरचित गर्नुपर्छ । ज्ञानलाई परिवर्तन गरी नयाँ ज्ञानको विकास गराउनुपर्छ भन्ने कुरामा यसले जोड दिन्छ ( सापकोटा र अन्य २०६६) ।

विभिन्न समयमा विश्वमा विकास भएका महिला आन्दोलनहरूले महिलाको अवस्था र भूमिकाको विषयमा व्याख्या विश्लेषण गर्दा समग्रमा महिला असमानता र पिछडिएको निष्कर्ष निकालेको छ । विकासका लागि अगाडि बढाइएको विभिन्न रणनितीहरूका परिणाम स्वरुप पनि आशा गरेजस्तो सफलता हातपर्न नसकेको कारण सामाजिक, लैङ्गिक विषयलाई जोड दिदै स्रोत तथा अवसरहरूतर्फ महिलाको पँहुच बढाउनु पर्ने, सम्पत्तिमा अधिकार, सशक्तिकरण, समान ज्याला तथा निर्णय प्रक्रियामा महिलाको सहभागिताको बारेमा अर्थात् लैङ्गिक विकासमा जोड दिइएको छ । यसैगरी विकासमा महिलालाई सहभागी गराउनुपर्दछ भन्ने कुरालाई सम्पूर्ण राष्ट्र साथै विभिन्न दातृसंस्थाहरूले बुझीसकेपछि सन् १९७० देखि महिला विकासका सम्वन्धमा विभिन्न अवधारणहरूको विकास भयो ती निम्न अनुसार छन् :

## विकासमा महिला

यो अवधारणाको उत्पत्तिको मुख्य कारण **Ester Boser up** को **Women's Role in Economic Development** नामको पुस्तकलाई मानिएको छ । यो अवधारणाले हरेक विकास निर्माणका कार्यमा महिला र पुरुषको समान सहभागिता हुनुपर्दछ भन्ने मान्यता राख्दछ । यो रणनितीले महिलाको विकास नहुनुमा महिलाहरू शैक्षिक, आर्थिक, पेशागत क्षेत्रमा पछाडी रहनुलाई जोड दिएको छ । उत्पादन क्षेत्रमा महिलाको महत्वपूर्ण भूमिका हुन्छ । तरपनि

महिलाको भूमिकालाई उचित मुल्याङ्कन गर्न सकिएको छैन । महिलाको स्थितीमा सुधार गर्नको लागी समाजमा कानूनी, शैक्षीक, आर्थिक पक्ष लगायत सम्पत्ति, रोजगारीका अवसर, तालिममा पहुँच विस्तार गर्न सक्नुपर्छ भन्ने कुरामा यसले जोड दिन्छ (अर्याल, २०६५) ।

“विकासमा महिला” नामक रणनितीले महिला विकासका निम्ति विद्‌यमान समाजिक अवस्था, संरचना र सम्वन्धलाई परिवर्तन भन्दापनि सुधार गर्नुपर्ने कुरालाई जोड दिन्छ । महिलालाई पुनः उत्पादक क्षेत्रवाट निकाली उत्पादक क्षेत्रमा समावेश गराउनुपर्दछ भन्ने मान्यता यसको छ । बजारमा महिलाको पहुँच बढाउँन महिला उदमशीलता बढाउने खालका सहायक व्यापार गर्न लगाउने, उत्पादित वस्तु बेचेर आएको पैसा महिलाले उपभोग गर्न पाउने वातावरण वनाउने । महिलालाई आर्थिक रुपमा स्वतन्त्र वनाएको खण्डमा मात्रै विकासमा महिला सहभागी भइ निर्णायक तहमा समेत पुगी पूर्ण स्वतन्त्रताको उपभोग गर्न पाउँछन् भन्ने मान्यता यो रणनितीले राख्दछ (चौलागाई र अन्य २०६६) ।

## महिला र विकास

“विकासमा महिला” अवधारणाले अगाडि सारेका रणनितीहरूबाट मात्र वास्तविक रुपमा महिलाको विकास नहुने ठानेर सन् १९७० को उतरार्द्धमा महिला र विकास अवधारणाको उदय भयो । **WAD** ले महिलाहरू पहिलेदेखी नै विकास प्रक्रियामा सहभागी हुदैं आएका हुनाले अव विकासका प्रक्रिया र महिलाविचको सम्वन्धलाई व्यवस्थीत बनाउनुपर्दछ भन्ने कुरा अगाडि सारेको छ । यसले महिलाको यौनिकता, उत्पादन एवम् प्रजनन जस्ता कुरामा कसैको नियन्त्रण नभई उक्त अधिकार स्वयं महिलालाई हुनुपर्दछ भन्ने कुरामा जोड दिएको छ । यसले परम्परागत सामाजिक संरचनाले गर्दा महिला पछाडि परेका छन् त्यसैले यसमा सुधार गर्नुपर्ने सन्दर्भ उठाएको छ । महिलाविरुद्धका हिंसाको अन्त्य गरी साधन र स्रोतको पुनर्वितरण गर्नुपर्छ तवमात्र महिला र पुरुषविच समान ढङगले विकास गर्न सकिन्छ भन्ने कुरा उठाएको छ (अर्याल, २०६५) । परनिर्भरताको सिद्‌धान्तलाई आधार मानेर यो अवधारणा विकास भएको मानिन्छ । पुरुष र महिलाको सम्वन्धलाई शोषक र शोषीत वा केन्द्र तथा पृष्ठक्षेत्रको रुपमा लिएको छ ।

## जेण्डर र विकास

यो रणनीति सन् १९८० को दशकमा देखापरेको हो । दिगो प्रभावकारी र समतामुलक विकासका लागि महिला र पुरुष दुवैलाई सन्तुलित ढङगले विकास कार्यमा सहभागी हुने अवसर र निर्णय गर्ने अधिकार दिनुपर्दछ भन्ने कुरामा यो अवधारणाले जोड दिन्छ । महिलाको अधिनता हटाउनका लागी पुरुषलाई पनि सचेत गराउनुपर्छ भन्ने यसको मान्यता छ । महिलाहरू जसको अधिनमा छन्, जसले जानेर वा नजानेर महिलाहरूलाई आफ्नो नियन्त्रण र अधिनमा राखेका छन्, उनीहरूमाथी महिला आश्रित रहेका छन् । उनीहरू सचेत नहुँदासम्म महिलाको लागी मात्रै जति कार्यक्रमहरू अगाडि सारेपनि त्यसवाट आशा गरे अनुसारको उपलव्धी हुन सक्दैन । त्यसैले महिला र पुरुषबिचमा रहेको असमान शक्ति सम्वन्धलाई समतामुलक ढङ्गले महिला र पुरुष विचमा सुमधुर सम्वन्ध कायम गर्ने गरी सन्तुलित गराउनुपर्छ भन्ने कुरामा यसले जोड दिन्छ । विभिन्न देश, समाज, धर्म, जाति, जनजातिगत अवस्था अनुसार नारी, पुरुषको सम्वन्ध फरक-फरक हुने हुनाले त्यही अनुसार लैङ्गिक विश्लेषण गर्नुपर्दछ । परिस्थिती अनुसार नारी पुरुष जो कोहीलाई पनि सशक्तिकरणको माध्यमवाट समान हैसियतमा पुऱ्याउन सकिन्छ भन्ने कुरामा बढी जोड दिएको छ (चौलागाईं र अन्य, २०६६) ।

## लैङ्गिक समानता

लैङ्गिक समानता भनेको महिला र पुरुषबीच सबै प्रकारका भेदभावको अन्त्यको अनुपम अवस्था हो । लैङ्गिक समानताका केहि मुख्य पक्षहरूमा महिला र पुरुषलाई समान अवसर, जिम्मेवारी, विकासको स्रोत एवम् प्रतिफलमा महिला र पुरुषको समान पहुँच, विकास प्रक्रियामा महिला र पुरुषको समान सहभागिता तथा नीतिगत निर्णय प्रक्रियामा महिला र पुरुषको समान मत आदिलाई लिन सकिन्छ । अर्को शब्दमा महिलाहरूलाई महिला भएकै कारणबाट अवसर, सहभागिता, पहुँच, नियन्त्रणजस्ता पक्षहरूमा पुरुष सरह अधिकारको उपयोग गर्नबाट वञ्चित हुनु नपर्ने अवस्था लैङ्गिक समानताको अवस्था हो ।

मानव जातिलाई चाहे त्यो महिला होस् वा पुरुष कुनै पनि दृष्टिकोणले जस्तो; लिङ्ग, वर्ण, रङ्ग, जात, धर्मले भेदभाव नगरिकन सबै मानव जातिलाई समान स्तरमा राखेर समान व्यवहार गर्नु नै समानता हो । समानतामा कुनै पनि व्यक्तिलाई कुनै पनि कारणले भेदभाव

नगरी हेरिन्छ । समान स्तर भएको मानवहरूमा मात्र समानता हुन्छ । समानता प्राप्त गर्नको लागि व्यक्तिको आवश्यकता अनुसारको चासो, खाँचो पूरा गर्न न्यायोचित वितरण गर्नुपर्दछ । लैङ्गिक विभेदको स्थितिलाई विश्लेषण गर्ने हो भने महिलाहरू पुरुषको तुलनामा समान छैनन् । महिलाहरूलाई पुरुष सरह समान बनाउनु आजको चुनौती हो । महिलाहरूको विकास हुनु भनेको पुरुषको साथै सम्पूर्ण घर परिवारको पनि विकास हुनु हो । महिला पुरुषको समान रूपमा विकास हुनु भनेको परिवार, समाज र राष्ट्रको विकास हुनु हो ।

लैङ्गिक समता

समता भनेको सम न्यायको अवस्था हो । लैङ्गिक भेदभावबाट विगतमा पछाडि पारिएका महिला वर्गलाई पुरुष वर्गको हाराहारीमा ल्याउन अहिले दिइने ग्राहयता नै समता हो । असमानहरू बिच बराबरी नै गर्दा पनि असमानता कायम रहन्छ भन्ने मान्यता समताको अवधारणामा देखिन्छ । महिलालाई दिइनुपर्ने प्राथमिकता, अग्राधिकार, आरक्षण, समताका एक वा अर्को रुप हुन्  । सकारात्मक नतिजाको लागि गरिने फरक स्वरूप भएकोले यस्ता अवस्थालाई सकारात्मक विभेद पनि भनिन्छ । सकारात्मक कदम चलन चल्तीको अर्को शब्द हो ।

समता भनेको स्रोतको वाँडफाँड तथा उपलब्धीहरूको वाँडफाँड गर्ने प्रक्रिया हो । समतामूलक वाँडफाँडले व्यक्ति तथा समूहको विभिन्न आवश्यकतालाई विचार गरेको हुन्छ । यो न्यायपूर्ण वितरणमा आधारित हुन्छ वा आवश्यकता अनुसार वितरण गरिन्छ । समाजमा जो असमान छन् वा समान हुन सकेका छैनन्, जसलाई समानता प्रदान गर्नु छ वा समान स्तरमा पुऱ्याउनु छ, उनीहरूको लागि विशेष प्रकारको व्यवहार, कार्यक्रमको व्यवस्था गरिन्छ । समानता भनेको आजको लक्ष्य हो भने त्यो लक्ष्य प्राप्त गर्ने प्रक्रिया वा माध्यम भनेको समता हो ।

पुरुषको तुलनामा महिलाहरू समान नभएको कारण महिलाहरूलाई समान स्तरमा पुऱ्याउनका लागि गरिने विशेष प्रकारको कार्यक्रमहरू न्यायोचित वितरण प्रणालीमा आधारित हुन्छन् । उदाहरणको लागि लोकसेवा आयोगको परीक्षामा सामेल हुनको लागि पुरुषलाई ३५ वर्ष ननाघेको हुनुपर्ने उमेरको हद छ भने महिलाको लागि ४० वर्ष उमेरको

हद तोकिएको छ । महिलाहरूको सहभागिता पुरुषको तुलनामा कम भएको कारण सकारात्मक विभेद गरी समताको माध्यमद्वारा महिलाहरूलाई समान अवसर प्रंदान गर्ने प्रयासको थालनी भएको छ ।

महिला सशक्तिकरण

सशक्तिकरण शब्दले कुनै पनि प्रतिस्पर्धात्मक कार्यमा सफलता प्राप्त गर्न आवश्यक पर्ने उर्जा एवम् क्षमताको विकास गर्ने प्रक्रियालाई बुझाउँछ । सशक्तिकरणले महिलालाई सामाजिक जीवनमा सशक्त भूमिका वहन गर्न सक्षम तुल्याउँछ । व्यापक रूपमा विचार गर्दा महिला सशक्तिकरण अन्तर्गत महिलाहरूलाई पुरुष सरह अख्तियारको उपभोग गर्न सक्षम बनाउनु, उनीहरूको प्रजनन अधिकारको संरक्षण, उनीहरूको पूर्ण स्वतन्त्रता र स्वायत्तता प्राप्त गर्नु तथा उनीहरूको सामाजिक, आर्थिक, राजनैतिक र स्वास्थ्य स्थितिमा सुधार गर्ने आदि कुराहरू पर्दछन् (कार्की, २०६७) ।

महिला सशक्तिकरण एक निरन्तर चलिरहने प्रक्रिया हो, जसले गर्दा महिलाहरूले आफूमा भएको खुवीलाई पहिचान गरी आफूलाई परेको समस्या तथा वाधाहरूलाई समाधान गर्न सफल हुन्छन् । सशक्तिकरणको निरन्तर प्रक्रियाले महिला तथा पिछडिएका वर्गलाई निर्णय क्षमता बढाउन, आवश्यक स्रोत साधनमाथि पहुँच पुऱ्याउन साथै आफ्नो जीवनमा स्वतन्त्र निर्णय र नियन्त्रण गर्न सक्ने क्षमता वृद्धिमा सहयोग पुऱ्याउन मद्दत गर्दछ । यो यस्तो प्रक्रिया हो जसले महिलालाई आफैं सम्मान बढाउन सक्षम बनाउँछ । आफ्नो व्यक्तिगत तथा सामाजिक छवि उज्वल बनाउन सक्षम तुल्याउँछ । महिला सशक्तिकरण एक निरन्तर चलिरहने प्रक्रिया हो । यसलाई प्राप्त गर्न निरन्तर प्रयास गरिरहनुपर्ने हुन्छ । मानिसको आवश्यकता, त्यसमा पनि महिला र पुरुषको आवश्यकता र चासो फरक-फरक हुने भएको हुँदा त्यसलाई प्राप्त गर्नको लागि निरन्तर पहल गरिरहनुपर्ने हुन्छ । यसैबाट महिला सशक्तिकरण अभिवृद्धि हुँदै जान्छ । गुणस्तरीय वा असल एवम् समृद्ध जीवनको लागि स्रोतहरूमाथि महिला र पुरुष दुवैको समान पहुँच र नियन्त्रण हुनुपर्दछ । हाम्रो समाजमा सामाजिक मूल्य, मान्यताले गर्दा समान व्यवहारको प्राप्ती गर्न सकिरहेका छैनौ । तर यसलाई हामी विभिन्न प्रयासहरूबाट व्यवहारमा उतार्न सक्छौं । यसको प्राप्तीको लागि निरन्तर प्रयासहरू भइरहनुपर्दछ र भैरहेको पनि छ । यसबाट नै महिला सशक्तिकरण सम्भव हुन्छ ।

लैङ्गीकता र विकासका क्षेत्रमा कार्यरत विशेषज्ञ सारा लङ्वेले सशक्तिकरणको ढाँचा विकास गरेकी हुन् । उनको यस ढाँचामा तहगत रूपमा कसरी महिलाहरूको सशक्तिकरण गर्न सकिन्छ भन्ने उल्लेख गरिएको छ । उनले कुनै पनि सामाजिक र आर्थिक क्षेत्रमा महिलाको सशक्तिकरण तह वा चरण जाँच्न पाँच किसिमका विभिन्न समानताका तहमा महिलाको संलग्नताको स्थिति कस्तो छ भनेर हेर्नुपर्ने विचार व्यक्त गरेकी छन् ।

महिला तथा बालबालिका विभाग (२०६८) अनुसार महिला सशक्तिकरणका लागि आवश्यक पर्ने चरणहरू निम्नानुसार छन् :

- कल्याणकारी तह
- पहुँच तह
- सचेतीकरण तह
- सहभागिता तह
- निर्णय तह

कल्याणकारी तह

यस तहमा पुरुष सरह महिलाहरूको भौतिक सुविधा गमन तथा सामग्रीगत कल्याण हुन्छ । जस्तैः पोषणयुक्त खानाको कार्यक्रम, सानातिना आय आर्जनका अवसर र स्वास्थ्य उपचार सम्बन्धी कार्यक्रम । यस्ता कार्यक्रमले केहि मात्रामा भएपनि महिलाको पहुँच बढाउन मद्दत गर्छ ।

पहुँच तह

यस तहमा घर, परिवारमा भएको असमान व्यवहारलाई हटाएर सबै स्रोत, साधन तथा सूचनामा महिलाको पनि समान पहुँच बढाउन मद्दत पुग्दछ ।

सचेतीकरण तह

यस तहमा महिलाहरूले आफूहरूमा परेका लैङ्गिक असमानता, हाम्रै समाजले बनाएको प्रणाली, नियम, परम्परा र भेदभावका कारण सृजना भएको कुरा बुझ्दछन् । यस तहमा

जैविक भूमिका र समाजले बनाएको भूमिका फरक हो जसलाई समाजले परिवर्तन गर्न सक्दछ भन्ने कुरा बुझ्न सक्दछ। यसलाई परिवर्तन गर्न, आवश्यक पहल गर्न सक्दछन्।

सहभागिता तह

यस तहमा सशक्तिकरण भन्नाले घर, परिवार, सामुदायिक स्तरदेखि राष्ट्रिय स्तरसम्म निर्णय प्रक्रिया वा नीति निर्माणमा समान सहभागितामा पहुँच भन्ने कुरा बुझ्नुपर्छ। महिला सशक्तिकरणले हरेक तहमा समान सहभागिता बढ्नलाई मद्दत पुऱ्याउँछ।

नियन्त्रण वा निर्णय तह

निर्णय दिने प्रक्रियामा महिलाको सहभागिता हुनु, निर्णय दिन सक्ने क्षमता र स्तरमा अभिवृद्धि हुनु भनेको महिलाहरूको सशक्तिकरण हुनु हो। यसबाट विभिन्न स्रोत, साधनहरू माथि महिलाहरूको पनि समान पहुँच पुऱ्याई उपलब्धी तथा फाइदाको वितरणमा महिलाको समान नियन्त्रण रहन्छ। नियन्त्रणमा समानता भन्नाले महिला र पुरुष बिचको सन्तुलित नियन्त्रणलाई बुझाउँछ जसले गर्दा कुनै पनि पक्षले अर्को पक्षमाथि प्रभुत्व जमाउन नसकोस्।

नेपालको अन्तरिम संविधान २०६३ मा सशक्तिकरणको विषय राज्यको मुख्य दायित्वभित्र पर्ने र त्यसलाई सुनिश्चित गर्दै समुन्नत न्यायपूर्ण तथा लैङ्गिक रूपले समावेशी र समतामूलक नयाँ नेपाल निर्माण गर्न उक्त योजनाको दीर्घकालिन सोच रहेको उल्लेख छ। महिलाको समान अधिकार सुनिश्चित गर्दै लैङ्गिक रूपले समावेशी र समतामूलक समाज निर्माण गर्ने, महिलाका निमित्त हुने सबै प्रकारका हिंसा र विभेदको अन्त्य गर्ने, द्वन्द्व प्रभावित र विस्थापित महिलाको सामाजिक पुनरस्थापना गर्ने तथा द्वन्द्व समाधान र शान्ति प्रक्रियामा महिलाको क्रियाशिल सहभागिता सुनिश्चित गर्ने जस्ता उद्देश्यहरू रहेका छन्। तीनवर्षे अन्तरिम योजनामा महिला सशक्तिकरण कार्यक्रमहरूलाई हेर्दा नीतिगत र कानुनी सुधार कार्यक्रम, क्षेत्रगत निकाय तथा लैङ्गिक क्षेत्रमा कार्यरत गैरसरकारी, सरकारी संस्थामा संयोजन, नेतृत्व विकास कार्यक्रम, द्वन्द्व समाधान र शान्ति प्रभावित महिलाको सामाजिक पुनरस्थापनाका लागि राष्ट्रिय कार्ययोजना तर्जुमा र सञ्चालन गर्ने जस्ता कार्यक्रमहरू अन्तरिम योजनामा उल्लेख छन् (कार्की, २०६७)।

महिला सशक्तिकरणको महत्व

जवसम्म महिलाहरूको सामाजिक, आर्थिक, राजनैतिक स्थितिमा सुधार ल्याउन सकिदैन तवसम्म समग्र देशवासीको जीवनस्तर माथि उठाउने कुरा कल्पना जस्तै हुनेछ । त्यसकारण समग्र रूपमा देशबासीको जीवनस्तर माथि उठाउन गुणस्तरीय जीवनको अवधारणालाई सार्थक तुल्याउन महिला सशक्तिकरण गर्नु नितान्त आवश्यक हुन्छ । लैङ्गिक समानता वर्तमान समयको अपरिहार्यता हो र लैङ्गिक समानताको स्थिति कायम गर्नका लागि महिला सशक्तिकरण हुनु जरूरी छ । महिला सशक्तिकरणले महिलाहरूलाई चेतनशील बनाउने, आफ्नो हक अधिकार र कर्तव्यप्रति सचेत तुल्याउने र सामाजिक जीवनमा सशक्त भूमिका वहन गर्न सक्षम बनाउने हुन्छ । समाजमा महिलाहरू विरूद्ध हुने हरेक प्रकारका यौनिक हिंसा र घरेलु हिंसाका घटनामा पनि कमी आउँछ । महिला सशक्तिकरणले महिलालाई पुरुष सरह सक्षम एवम् अवसरको उपभोग, गर्ने क्षमता अभिवृद्धि गराउँछ । लैङ्गिक विषय सम्बन्धी नीति र कार्यक्रमहरूलाई एकीकृत रूपमा अगाडि बढाउन, आर्थिक सशक्तिकरणका लागि प्राकृतिक स्रोतमा उनीहरूको पहुँच सुनिश्चित गर्न, महिलासँग सम्बन्धित सबै खाले कुरीतिहरूको अन्त्य गर्न, महिलाका क्षमता अभिवृद्धिका लागि आधुनिक सीप र तालिम लगायतका कार्यक्रम सञ्चालन गर्न, महिलाहरूप्रति यौन शोषण, यौनजन्य हैरानी र घरेलु हिंसालाई अन्त्य गर्न लैङ्गिक सशक्तिकरणले मद्दत पुऱ्याउँछ । त्यसबाट महिलाहरूको आर्थिक अवस्थामा सुधार हुने र महिला रोजगारीमा अभिवृद्धि हुन्छ (विष्ट र जोशी, २०६७) ।

महिला सशक्तिकरणका उपयोगी पक्षहरुः

- महिला दक्षता र क्षमताको वृद्धिले देशमा क्षमतावान् जनशक्तिको आपूर्ति बढाउन सकिन्छ,
- लैङ्गिक भेदभावरहित समतामूलक समाजको निर्माण गरी न्यायपूर्ण समाजको स्थापना गर्न सकिन्छ ।
- महिला शिक्षाले केटाकेटीको शिक्षादीक्षा तथा स्वास्थ्य र सरसफाइमा ज्यादा सहयोग पुग्दछ ।

- महिलामा गरिने पूँजि लगानीबाट पुरुषभन्दा ज्यादा आर्थिक प्रतिफल प्राप्त गर्न सकिन्छ ।
- पारिवारिक कल्याण अभिवृद्धिमा पुरुषभन्दा महिलाकै भूमिका अहम् हुन्छ ।
- सामाजिक पछौटेपनबाट महिलालाई उत्थान गरेर पुरुष सरह तुल्याइएमा उनीहरूको आत्मविश्वास तथा आत्मसम्मान बढ्न गई समतामूलक समाजको निर्माण हुन्छ ( ढकाल, २०६७) ।

नेपालमा महिला सशक्तिकरणका लागि हालसम्म भएका प्रयासहरूः

- आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने कानुनी व्यवस्था,
- सम्पत्तिमा छोरीको अधिकार सम्बन्धी कानुनी व्यवस्था,
- सार्वजनिक सेवाका पदहरूका लागि ३३ प्रतिशत सिटहरूमा महिलाहरूको लागि आरक्षणको व्यवस्था,
- महिलाको नाममा अचल सम्पत्ति जस्तैः जग्गा, जमिन, घर आदि नामसारी गर्दा राजस्व दस्तुरमा २५ प्रतिशत छुटको व्यवस्था,
- राष्ट्रिय महिला आयोगको स्थापना,
- विवाहका लागि तोकिएको न्युनतम कानुनी उमेर महिला र पुरुष दुवैको लागि समान निर्धारण गरिएको अवस्था (विष्ट, २०६७) ।

## २.३ पूर्व अध्ययनको समिक्षा

नेपाल बहुजातीय, बहु धार्मिक मुलुक हुनाका कारण यहाँ विभिन्न प्रकारका सामाजिक रीतिरिवाज, परम्परा, चलन, संस्कार रहेको पाइन्छ । बहुसङ्ख्यक महिलाहरू ग्रामिण क्षेत्रमा बसोबास गर्दछन् । घरेलु अवस्था र सामाजिक हैसियत अनुसार उनीहरूको भूमिका फरक-फरक किसिमको पाइन्छ । कोही घरेलु व्यवस्थापक, कोही आमा र श्रीमतिको रूपमा कार्यरत पाइन्छन् । केही सीमित सङ्ख्यामा खासगरी शहरी क्षेत्रका महिला शिक्षा, राजनीति र व्यवसायिक क्षेत्रमा पनि संलग्न रहेको पाइन्छ । समाजमा हरेक क्षेत्रमा पुरुष सरह महिलाको पनि सामाजिक, आर्थिक, साँस्कृतिक एवम् स्वावलम्वी क्षेत्रहरूमा ठूलो योगदान र सहयात्रा समानान्तर रूपमा चलिरहेको पाइन्छ । मुलुक तथा समाज परिवर्तनका

आन्दोलनहरूमा ऐतिहासिक समयदेखि महिला सहभागिता रहदै आएको अनुभूति गर्न सकिन्छ । मुलुकको इतिहासले यस्ता तथ्यहरू प्रस्तुत गरेकै छ । यस्ता अनेकौं उदाहरण हाम्रा सामु भएर पनि समाजले महिलालाई प्रभावशाली एवम् निर्णायक तहको भूमिकामा राखेको पाइदैन । घरपरिवार, सार्वजनिक एवम् निजी क्षेत्र, समुदाय, सङ्घ-संस्था आदि निकायले महिलाको निर्णय क्षमतालाई कुण्ठित पारेको र हस्तक्षेपकारी भूमिका खेलेको पाइन्छ । यस सन्दर्भमा विभिन्न विद्वान्को अभिमत यहाँ प्रस्तुत गरिन्छ ।

पितृसत्तात्मक सोंचले जरा गाडेको नेपाली समाजमा महिलाहरूलाई प्रत्यक्ष आर्थिक लाभ नहुने घरायसी काममा बढी प्रयोग गरिन्छ । निर्णय प्रक्रियामा संलग्न गराइदैन । अर्कोतर्फ महिलाहरू स्वयमपनि निर्णय प्रक्रियामा संलग्न हुन हिचकिचाउँछन् । आफुलाई पुरुषभन्दा कमजोर ठानेर निर्णय प्रक्रियामा अग्रसर हुन हिचकिचाउँछन् । पुरुषहरू विभिन्न आधारमा सामाजिक र शारीरिक काममा संलग्न हुन्छन् भने महिलाहरू पुरुषको तुलनामा बढी काम गर्छन् तथापि कम आर्थिक महत्व पाउँछन् भन्ने निचोड रहेको पाइन्छ **(Gurung, 2007)**।

सरकारी सेवामा पुरुषको तुलनामा एक चौथाइभन्दापनि कम महिलाहरूको सङख्या रहेको पाइन्छ । त्यसमा पनि अधिकृत तह वा निर्णायक तहमा महिलाहरूको संलग्नता झनै कम रहेको उल्लेख गरिएको छ । शिक्षा र नोकरीले महिलाको क्षमता र जीवनस्तरमा सुधार ल्याउने निचोड आएको छ (ढकाल, २०६६) ।

संयुक्त राष्ट्रसङ्घ मानव अधिकार घोषणापत्र सन् १९४८ (डिसेम्वर १०) ले मानव अधिकारलाई मानिसको जन्मसिद्ध अधिकार मानेको छ । जात, धर्म, लिङ्ग, वर्ग, भाषा, राजनीतिक, आर्थिक, सामाजिक पक्ष, रङ्ग, संस्कृतिका आधारमा कुनै पनि नागरिकलाई भेदभाव गरिनुहुन्न । कसैको इज्जत, सम्मान तथा आदरलाई उचित कदर गरिनुपर्दछ । सबै नागरिक कानूनका दृष्टिमा संरक्षित र समान न्यायका हकदार बन्नेछन् । यी सबै कानूनी व्यवस्था भएर पनि नेपाली महिला सामाजिक, आर्थिक एवम् राजनैतिक क्षेत्रमा समान हकका भागिदार बन्न सकेका छैनन् । सम्पत्ति, नागरिकता, रोजगारी, प्रजनन स्वास्थ्य, विवाह, पारिवारिक सम्बन्ध, दण्ड र कानूनी प्रक्रियामा समान हिस्सेदार बन्न सकेका छैनन् । नेपाली महिलाहरू परम्परागत सांस्कृतिक मान्यता र पुरुष प्रधान मान्यताले महिलाको पक्षमा पक्षपोषण गरेको पाइदैन । छोरालाई प्राथमिकतामा राख्ने, महिला स्वास्थ्यमा चासो नदिने, वाल विवाह, अनमेल विवाह, वहु विवाह, दाइजो प्रथा, घरेलु हिंसा आदि महिलाको

हकमा विसङ्गतिपूर्ण विषय हुन् । सामाजिकीकरणको प्रक्रियाबाट घरबाटै छोरीचेलीप्रति विभेद श्रृजना हुन्छ । सन् २००३ को मानवाधिकार सम्बन्धी स्टेट रिपोर्ट अनुसार सयभन्दा बढी कानूनी प्रावधानहरूमा चवन्न वटा प्रावधानमा महिला विभेदका विषय झल्कन्छन् ।

घरायसी कामका हरेक विषयमा महिलाको निर्णायक भूमिका न्यून स्थितिमा रहेको हुन्छ । यदि घरमूलि पुरुष घरमा छैन अर्थात् ऊ कामको शिलशिलामा विदेशमा गएको छ भने महिला आफै घरको मुली भएर निर्णय गर्दछन् । त्यस्तैगरी कृषि क्षेत्रमा निर्णय गर्ने क्रममा महिलाले मल, बीउहरू छान्ने काममा मात्रै आफ्नो निर्णय दिने गर्दछन् । महिलाहरू १८.५ प्रतिशत निर्णय आफै गर्दछन् भने १२.५ प्रतिशतमा मात्रै दुवै मिलेर गर्दछन् **(Koirala, 1997)** ।

महिलाको घरेलु निर्णयलाई प्रत्यक्ष वा परोक्ष रूपमा आर्थिक अवस्थाले प्रभाव पार्दछ । यदि महिलाको आर्थिक क्षेत्रमा सहभागितात्मक भूमिका रहने हो भने त्यसले निर्णय गर्न सक्ने शक्तिको विकास गर्दछ । त्यसैले महिलाको आर्थिक सम्वृद्धिलाई उत्थान गर्ने अवसरको सृजना हुनुपर्दछ । त्यसैगरी जनसाङ्ख्यिक तथा सामाजिक पक्षले पनि महिलाको निर्णय क्षमतामा असर पार्दछ । छोराछोरीको सङ्ख्या कम हुँदा आर्थिक सहभागिता, सम्भावना तथा खर्च गर्ने क्षेत्र कम हुन्छन् । त्यस्तै सानो परिवारमा निर्णयको अवसर बढी हुन्छ भने ठूलो परिवारमा कम । नेपाली महिलाले विभिन्न क्षेत्रमा निर्णायक भूमिका खेल्न सक्दछन् र खेलि रहेका छन् । जस्तैः कृषि फर्म (खेतबारी), व्यवस्थापन स्रोतको बाँडफाँड, घरेलु आम्दानी, खर्चको बाँडफाँड एवम् व्यवस्थापन आदि ।

आफ्नो कृति "एनोदर डेभलप्मेन्ट विथ ओमन ए भ्यू फ्रम एसिया" (१९८२) मा श्रीमती मजुमदार भन्नुहुन्छः- एसियाली महिलाहरू वास्तवमा ऐतिहासिक समयदेखि आर्थिक, सामाजिक, राजनैतिक पूर्वाग्रह र दमनका विषय बनेका छन् । यो अवस्था आजसम्म विद्यमान छ । वास्तवमा असमानता हटाउन र शक्ति आर्जन गर्न आर्थिक, सामाजिक, राजनैतिक तथा ज्ञानका क्षेत्रमा पहुँच पुग्नुपर्दछ, तवमात्र महिला क्षमतावान् र निर्णय लिन सक्ने अवस्थामा पुग्दछन् । खासगरी एशियाली महिलाका कामलाई अनुत्पादक मानिन्छ । त्यसैले उनको घरेलु कामको कम महत्व छ अर्थात् आर्थिक मान्यता पाउँदैनन् । यो अवस्था महिलाको हीनताले ग्रस्त सामाजिक अवस्था तथा व्यक्तिगत स्वतन्त्रता खोसिएको विषयसँग जोडिएको छ । यस सन्दर्भलाई लेखिकाले गैर समाजवादी मुलुकको अवस्थासँग दाँजेकी

छन् । जहाँ पूँजिवादले महिलाको आर्थिक र सामाजिक भूमिकालाई किनारा लगाएको छ । उनले आफ्नो अध्ययनलाई पारिवारिक बाध्यता, अशिक्षा, परम्परागत मूल्य मान्यता, महिलाको क्षमता जस्ता विषय, जसले निर्णय क्षमता वा अवसरलाई निर्धारण गर्दछन् भन्ने निश्कर्ष निकालेकी छन् । उनले यस समस्याको सुधारको लागि स्थानिय तहका सङ्गठनहरू उत्तरदायी हुनुपर्ने कुरामा जोड दिएकी छन् जो गरीब स्थानिय महिलाका हक हितमा स्थापना भएका छन् ।

व्यक्तिगत सम्पत्तिको सुरुवातसँगै महिलालाई अधिनमा राख्ने कुराको सुरुवात भयो । राज्य यन्त्र र शासनयन्त्रको विकासको साथसाथै एक पुरुषसँग विवाह, पितृसत्तात्मक परिवारमा परिवर्तन भयो, जहाँ महिलाको श्रमपनि व्यक्तिगत सेवा बन्न पुग्यो । पत्नी एक दासी वन्न पुगी व्यक्तिगत सेवा वन्न पुग्यो । उनलाई उत्पादन क्षेत्रभन्दा बाहिर राखियो । मातृअधिकार समाप्त हुनु नै महिलाहरूको ऐतिहासिक हार थियो । पुरुषहरूले घरमापनि नियन्त्रण गरेर महिलाहरूको दर्जा घटेर सेविका हुनपुग्यो । महिलाहरू खाली वच्चा जन्माउने साधनको रुपमा, पुरुषको वासनाको दासी वन्न पुगेका छन् **(Engles, 2004)**।

भारतको हर्याना स्टेटमा आधारित श्रीमती कौर (१९८७) को अध्ययनले देखाएको छ की घरेलु तथा कृषि फर्म सम्बन्धी निर्णय गर्ने अवसर महिलाले पाउनुपर्दछ । यो कुरा ग्रामिण परिवेशका महिलाको लागि बढी सान्दर्भिक छ । स्थानिय महिलाहरू केवल बच्चाको खाना र पोषण सम्बन्धमा मात्र निर्णय लिने गर्थे । अरु विषयमा महिलालाई अन्तिम निर्णयकर्ताको रूपमा स्वीकारिन्नथ्यो । स्थानिय 'महिला मण्डल' नामक महिला सङ्गठनमा संलग्न हुने कुरामा निर्णय लिन समेत महिलाहरू स्वतन्त्र थिएनन् । सामान्य विषयलाई छोडेर आर्थिक निर्णय पुरुषबाट हुने गर्दथ्यो । अन्त्यमा कौरको राय थियो कि महिला हकहित, क्षमता वृद्धिका कार्यक्रममा महिलाले नै निर्णयको अवसर पाउनुपर्दछ । असल एवम् योग्य महिलाका हैसियतले निर्णय क्षमता अभिवृद्धिका लागि महिलालाई शिक्षाको उचित अवसर दिनुपर्दछ ।

नेपाली महिलाहरूको अवस्था अन्य विकसित मुलुकका महिलाकोभन्दा दयनीय छ । आजको २१ औँ शताव्दीमा फड्को मारिसक्दा पनि नेपाली समाज पितृसत्तात्मक सोंच, परम्परा, अशिक्षा, गरिबी तथा अन्धविश्वासले जकडिएको अवस्थामा छ, त्यसैले महिलाहरू हरेक क्षेत्रमा पछाडी परेका हुन् **(Upreti, 1988)**।

प्रसिद्ध विद्वान् जिगिन्स (१९८९) ले आफ्नो लेख "हाउ पुवर ओमन अर्न इन्कम ईन सब साहारा अफ्रिका एण्ड हार्डवर्क्स एगेन्स्ट देम" मा कृषिमा आधारित घरेलु कामकाजी महिलाको अवस्थाबारे चर्चा गरेका छन् । उनको खोजबाट तीस प्रतिशत महिलाले घरेलु काम सघाइरहेका छन् । त्यस्तै ८० प्रतिशत कृषि मजदुर ज्याला विहीन अवस्थामा काम गरिरहेका छन् । उनीहरू साठी प्रतिशत खाद्यान्न उत्पादन गर्दछन् । त्यस्तै एक तृतियांश घरेलु आम्दानी साना व्यवसायबाट प्राप्त हुने गर्दछ । अर्को पक्ष पुरुष प्रधान पारिवारिक तथा सामाजिक संरचनाले सम्पत्ति र सीमित भूमिकाले महिलाको पहुँच सीमित बनाएको छ । त्यस्तै घरेलु धन्दाले उनीहरूको निर्णय क्षमतालाई पनि कुण्ठित पारेको छ । सरकारी सुविधा, सेवा र बजारको सहयोगलाई समेत उपयोग गर्न नसकेको अवस्था छ । सामाजिक सहयोग र लघु ऋणमा समेत कम पहुँच छ । त्यसैगरी असमान घरेलु उत्तरदायित्वका कारणले पनि महिलाको अवस्थालाई खस्काएको छ । उनको सुझाव छ कि खासगरी श्रमको अवस्था र स्वतन्त्र आर्जनको अवसर घरेलु तहमा सृजना गर्न सके महिलाको अवस्थामा सुधार हुनेछ ।

संयुक्त राष्ट्र संघवाट प्रकाशित एक तथ्याङ्क अनुसार संसारभरि गरिने कामको समयावधिमा ६० प्रतिशत भन्दा बढी योगदान महिलाहरूले गरेका हुन्छन् । तिनीहरूलाई संसारमा हुने आम्दानीको १० प्रतिशत मात्र हिस्सा प्राप्त हुन्छ । उनीहरू एक प्रतिशत सम्पत्तिको मात्र मालिक छन् । महिलाहरूले परिवारमा विभिन्न किसिमका कामहरूको निर्णय गर्ने अधिकार नपाउनु, सामाजिक कामहरूमा सहभागी हुन नपाउनु, सीपमुलक तालिम र शिक्षाको अभाव रहनु, रोजगारीको कुनै वैकल्पिक स्रोत नहुनु, परिवारले बुहारीप्रति विश्वास नगर्नु नै समाजमा महिलाको अवस्था तल पर्नु हो । शिक्षाको कमी, गरिबी, विकासको पूर्वाधारको अभाव, बाहिरी ज्ञानको अभाव, पारिवारिक रुपमा महिलालाई दोस्रो दर्जामा राख्ने परम्परा जिम्मेवार भएकाले महिला हरेक पक्षमा पछाडी परेका हुन् (पौडेल, २०५८) ।

घरायसी निर्णयमा महिलाको भूमिका सम्वन्धमा बाटुलेचौर, कास्कीमा महिलाहरूले अध्ययनको निष्कर्षमा घरका महत्वपूर्ण निर्णयको अन्तिम निर्णयकर्ता पुरुष वर्ग नै हुने अथवा दैनिक जिवनमा गरिने हरेक कामको निर्णय गर्ने काम पुरुषको हुने महिलाहरू केवल सहयोगी र सल्लाहकारको भूमिकामा रहने निष्कर्ष निकालिएको छ ।

नेपाली महिलाको सामाजिक, आर्थिक हैसियत कमजोर तथा सरकारले सञ्चालन गरेका विभिन्न लाभप्रद योजनामा सहभागी हुन नसक्नुमा उनीहरूको निरक्षरताको अवस्था जिम्मेवार भएको जनाउँदै आर्थिक उपार्जनको काममा संलग्नताको अभावमा घरायसी काम मै मात्र संलग्न रहनुपर्ने, आय आर्जनको दृष्टिले बाह्य कामको अवसर नभएको दिक्क लाग्दो  घरायसी कामले उनीहरूको सोच्ने शक्तिमा पनि सीमितता भै आत्म विश्वासमा असर पर्ने साथै समाजिक काम र घरायसी निर्णय प्रक्रियामा महिलाहरूको संलग्नता ज्यादै सिमित रहेको देखिन्छ ।

कतिपय सन्दर्भमा नेपाली समाज पुरातनवादी समाज भएको हुनाले यहाँ अन्धविश्वास कुरिती,कुसंस्कार, छुवाछुत र लैङ्गिक विभेदजस्ता सामाजिक विकृतिहरू अझपनि कायम रहेका छन् । त्यसैले आर्थिक, सामाजिक, राजनितिक निर्णय प्रक्रियामा महिलाको सक्रिय सहभागीता हुन सकेको छैन । यसको कारण महिलाहरूको शैक्षिक चेतनामा कमी हुनु, समाजमा लैङ्गिक भेदभाव पूर्ण रुपमा हट्न नसक्नु, छोरी बुहारीले घर बाहिर एक्लै जानुहुदैन भन्ने सामाजिक मान्यता स्थापित हुनु हो । यसका साथै महिलाहरूले  सम्पन्न गर्ने हरेक काममा पारिवारिक सहयोग, सद्भाव नहुनु र हरेक क्षेत्रमा लाग्न सामाजिक हौसला, प्रोत्साहन नपाएका कारणले निती निर्माण लगायत हरेक क्षेत्रमा महिलाहरूको उपस्थिती न्युन भएको कुरा स्पष्ट पारिएको छ । घरभित्र अथवा वाहिरका काममा पुरुषले भन्दा बढी श्रम गरेपनि श्रमको उचित मुल्याङ्कन हुन नसक्दा हरेक क्षेत्रमा महिला पछाडी परेको पाइन्छ (श्रेष्ठ र दाहाल, २०५७) ।

महिलाको दृष्टिकोणबाट प्रजातन्त्रको परिभाषा गर्दा पनि महिला सहभागितालाई निर्णायक स्थानमा राखिनुपर्दछ । अव प्रजातन्त्रलाई चुनावको वैधानिक प्रणाली वा मत दिन पाउने र उमेदवार वन्न पाउने अधिकारमा मात्र सिमित राख्न सकिन्न । राजनितिक संरचनामा र नीतिगत कुरामा प्रजातन्त्रको वास्तविक तस्विर झल्कन्छ । प्रजातन्त्रको अर्थ अभिव्यक्तिको स्वतन्त्रता र संगठन वनाउने स्वतन्त्रता मात्र होइन निर्णय प्रक्रियामा सहाभागीता पनि हो । शक्तिविहिन र कमजोर महिलाहरूलाई स्रोत, साधनमा पँहुच विस्तार गरी निर्णय गर्ने क्षमतामा वृद्धि गराउनुपर्छ भन्ने कुरामा जोड दिएको छ । विगत १९७० देखी १९९७ सम्मको मानव विकास प्रतिवेदनले नेपालको कुल ग्रार्हस्थ उत्पादन मापदण्ड अनुसार यस

अवधिमा महिलाहरूको क्षमतामा निकै सुधार भएको कुरा देखाएको छ (श्रेष्ठ एण्ड हाछेथु २०५९) ।

अमेरिकी कानुनविद **Florynce R. kennedy** का अनुसार समान किसिमको अवसर प्राप्त गर्न सके प्राकृतिक रुपमा नै निर्धारित कार्य जस्तै बच्चा जन्माउनु, डिम्ब उत्पादन गर्नु, स्तनपान गराउनु आदि भन्दा बाहेकका कार्यमा महिला र पुरुष दुवैले समान कार्य गर्न सक्दछन् (आचार्य, २०६३) ।

घरभित्रका हरेक निर्णय प्रक्रिया, आर्थिक, सामाजिक, नगद कारोवार, जग्गा जमिनको कारोवारमा थोरै महिलाबाट मात्र उनीहरूका श्रीमान्ले सरसल्लाह लिने गरेको पाइन्छ । नेपाली समाजमा पितृसत्तात्मक सोंचले जरा गाडेको कारण हरेक महिलाहरू घरायसी निर्णय प्रक्रियामा पछाडी परेको कुरालाई स्पष्ट गरिएको छ । परिवार सञ्चालनको लागी हरेक घरायसी कार्यमा पुरुषभन्दा महिलाले वढी श्रम खर्च गरेको पाइन्छ तरपनि ज्ञानको कमी, शिक्षाको अभाव र विभिन्न सामाजिक परिवेशवाट महिलाहरू बाँधिएका हुनाले निर्णय प्रक्रियामा महिला पछाडी परिरहेको अवस्था छ । मानिसका आवश्यकताहरू समय र परिस्थिती अनुसार परिवर्तन हुँदै जाने हुनाले महिलाहरूमा पनि विभिन्न ज्ञान, सिप, शक्ति र क्षमताको अभिवृद्धि हुदै गएकाले विभिन्न पेशामा संलग्नता रहेका कारण निर्णय प्रक्रियामा उनीहरूको सहभागिता पनि वृद्धि हुँदै जाने अपेक्षा गरिएको छ (बराल, २०६७) ।

लैङ्गिक विश्लेषणको मूल आधार नै परिवार स्तरको लैङ्गिक सम्वन्धको व्याख्या र विश्लेषण हो । यस सम्वन्धमा विना अग्रवालले आफ्नो पुस्तक **A field of one's own gender and land right in south asia (1998)** मा भनेकी छन् लैङ्गिक सम्वन्धका पक्षहरूको विश्लेषण घरायसी तथा पारिवारिक तहबाटै गरिनु आवश्यक छ । एउटा परिवारलाई लैङ्गिक विश्लेषणका एकाइ बनाउँदा परिवारभित्रको आर्थिक, सामाजिक तथा साँस्कृतिक क्रियाकलाप र निर्णय प्रक्रियामा महिला पुरुषको रुपमा लोग्ने-स्वास्नी, छोराछोरी, छोरी-बुहारी, बाबुआमा यिनीहरूको स्रोतमाथिको नियन्त्रण, प्रयोग र निर्णय अधिकारको अवस्थालाई बुझ्नुपर्दछ । यसबाटै लैङ्गिक अवस्थाको पहिचान हुन्छ । यो पारिवारिक तहको व्याख्या र विश्लेषणले मात्र अन्य तहको लैङ्गिक विश्लेषणलाई आधार उपलब्ध गराउन

सक्छ । परिवार तहमै रहेका विभेद, असमानता र नियन्त्रणले समुदाय, संस्था तथा राज्य स्तरसम्म महिलाको पँहुच न्युन रहन गएको छ (आचार्य, २०६८) ।

महिलाहरूको नाममा जग्गा दर्ता भएको भएपनि उनीहरूले स्वतन्त्र रुपमा त्यसको प्रयोग गर्न पाइरहेका छैनन् । महिलाहरूले आफुले आर्जन गरेको सम्पति पनि पुरुषहरूको अनुमतिबिना खर्च गर्न नपाउने अवस्था छ । महिलाहरूले सम्पूर्ण रुपमा सम्पत्तिको रक्षाको लागी त्याग गरेपनि वा सो कार्यमा सक्रीय सहभागिता देखिए पनि कतिपय सन्दर्भमा त्यसमाथी कुनैपनि खालको अधिकार, स्वामित्व र नियन्त्रण प्राप्त गर्न सकेका छैनन् । त्यसैगरी महिलाहरूले आफ्नो दक्षता, क्षमता र योग्यतालाई खुल्ला एवम् स्वतन्त्र रुपमा प्रस्फुटित एवम् वजारमा प्रतिस्पर्धा गर्न नपाइरहेको अवस्था छ । त्यसैले समाजमा भएको महिला र पुरुषविचको असमानता हटाउन विशेषतः महिलाहरूलाई अवसर सिर्जना गरी हरेक क्षेत्रमा निर्णायक बनाउनुपर्ने कुरामा जोड दिएको छ ।

हेमराज पौडेलले तयार पारेको सोधग्रन्थ “महिला सशक्तिकरणका लागी पैतृक सम्पत्तिमा महिलाहरूको समान अधिकार” शीर्षकमा अधिकांश आर्थिक मामिला सम्वन्धी पूंजिगत निर्णय गर्दा केवल पुरुषहरूका विचमा मात्र सल्लाह हुने गरेको उल्लेख छ । नेपालको “मानव विकास प्रतिवेदन” सन् १९९८ ले जनाए अनुसार आर्थिक मामला सम्वन्धी ४२ प्रतिशत पूजीगत निर्णयहरू पुरुषले गर्दछन् भने महिलाले ३६ प्रतिशत मात्र गर्दछन् । सामाजिक अवस्थामा समाज र परिवारमा महिलाको स्थान र नीति निर्माणको सामाजिक प्रक्रियामा महिलाको सहभागीता कस्तो छ भन्ने सन्दर्भमा कुरा गर्दा पितृसत्तात्मक समाजमा महिलाको स्थिती गौण रहन्छ । महिलाको भूमिकालाई कम महत्व दिइएकोले परिवारमा महिलाको हैसियत, शक्ति एवम् निर्णय गर्ने प्रक्रीयामा उनीहरूको सहभागीता फरक रहेको पाइन्छ । महिलाको सहभागीता अति न्युन रहेको छ । जहाँ परिवारमा पुरुषको निर्णय प्रक्रीयामा सहभागीता ६५ प्रतिशत रहेको पाइन्छ भने ३५ प्रतिशत सल्लाहले गर्दछन् । मंगोलियन समुदायमा ७० प्रतिशत निर्णयहरू महिला एक्लैले गर्दछन्, यसवाट के स्पष्ट हुन्छ भने जातिगत आधारमापनि महिलाको सामाजिक हैसियत फरक फरक हुन्छ (पौडेल, २०६८) ।

अधिकांश महिला प्रतिभाशाली छन् । उनीहरूलाई विकासको पुरा अवसर मिल्यो भने यस्तो कुनैपनि काम छैन जुन उनीहरू गर्न नसकुन् , तर अवसरवाट बञ्चित छन. । यसका लागी

वाधक तत्वहरूको अन्त्य गरी समतामुलक समाजको निर्माणमा अघि बढेमा पूर्ण रुपमा नारी अधिकार प्राप्त हुने विश्वास गर्न सकिन्छ (विष्ट, २०६९) ।

युनिसेफ (१९९०) को "चिल्ड्रेन एण्ड ओमन अफ नेपाल" शीर्षकको रिपोर्ट अनुसार महिलाहरूको सामाजिक उन्नति र आर्थिक योगदानको वाधक पक्ष सूचना र शिक्षामा सीमित पहुँच हुनुलाई मानिएको छ । जसले बौद्धिक तथा उत्पादनशील क्षमतालाई कुण्ठित पारेको छ । ग्रामिण महिलाको अवस्था त न्यून खालको छ तर शहरीया सीपयोग्य महिला पनि व्यवहारिक अवसरबाट पछाडि परेका छन् ।

"रिप्रोडक्टिभ विहेवियर अफ ओमन" (१९९०) सम्बन्धी प्रधान र श्रेष्ठको अध्ययनले घरेलु स्तरको निर्णयको भूमिकाले महिलाको हैसियत जनाउने सूचकाङ्कको काम गर्दछ । घरानीया महिलाहरू पनि साँस्कृतिक मान्यता तथा परम्परागत धारणाका कारण आर्थिक लाभ हुने रोजगारीमा संलग्न हुनबाट वञ्चित गराइएका छन् । यस्तो अवस्थामा घरमुलीले नै निर्णय प्रक्रियामा अग्रणी भूमिका खेल्दछ । यो अध्ययन कपास खेतीमा संलग्न महिलाको प्रजनन व्यवहार सम्बन्धी अध्ययनमा आधारित छ । कपास खेती गहन रूपमा श्रमिकको संलग्नता रहने क्षेत्र मानिन्छ । जसमा महिलाको संलग्नता बढी रहन्छ ।

"ओमन डेभलपमेन्ट एण्ड पब्लिकेशन सेन्टर" (१९९२) को अध्ययनले प्रस्तुत गर्दछ की महिलाको तुलनामा धेरै सङ्ख्यामा पुरुषहरू निस्कृय देखिन्छन् । उनीहरू श्रमसेवामा धेरै संलग्न हुन्छन् । चौविस घण्टामा महिलाहरू एघार घण्टा घरेलु काममा खट्दछन् । खासगरी वस्तु चराउने, दाउरा, घाँस सङ्कलन गर्ने, खाना पकाउने र पानी भर्ने काममा महिला संलग्न रहन्छन्, ग्रामिण परिवेशमा । यी काममा पचहत्तर प्रतिशत खट्दछन् र वाँकी बीस प्रतिशत खेतीवाली र पाँच प्रतिशत आय आर्जनको काममा खटिन्छन् । स्थानिय साँस्कृतिक कारणले तराईका महिलाभन्दा पहाडे महिला खेतीवालीको काममा बढी खट्दछन् । तराईमा मेसिनको प्रयोग बढी हुन्छ । धरातलका कारण निर्णयको भूमिका सम्बन्धमा खेतीवाली सम्बन्धी विषयमा अन्ठाउन्न प्रतिशत निर्णय पुरुषले लिन्छन् । एघार प्रतिशत निर्णय दुवै मिलेर लिइन्छ । वाँकी एकतिस प्रतिशत निर्णय महिलाले लिने गर्दछन् ।

महिलाको सशक्तिकरणको मापदण्डमा आयलाई आधारभुत मानवीय सामर्थ्य प्राप्तिको साधनको रुपमा लिइएको छ की छैन प्रश्न उठ्दछ । आर्थिक पक्षलाई शक्तिको स्रोतको रुपमा लिइएको छ । त्यस्तै प्रशासनिक व्यवस्थापकीय र व्यवसायिक पेशामा महिलाको अनुपातले पेशागत अवसरहरूमा महिलाको पहुँच र आर्थिक निर्णय प्रक्रियामा उनीहरूको सहभागीताको अवस्था इंकित गर्दछ । संसदमा महिलाको उपस्थितिको अवस्थाले राजनीतिक

अवसरहरूमा महिलाको पहुँच र राजनीतिक निर्णय प्रक्रियामा महिला सहभागीता दर्शाउँछ (यु.एन. डि पी., १९९५) ।

पुरुष प्रधान सामाजिक परिवेशमा महिलाको सार्वजनिक जीवनलाई सँस्कृतिले अवरूद्ध बनाएको हुन्छ । यसले उनीहरूलाई अधिनस्थ अवस्थामा पुऱ्याउँछ । फलतः स्त्रीहरू निर्णयको बेला पुरुषको मुख ताक्न पुग्दछन् र आत्मबल खुम्चिन्छ । महिलाको सार्वजनिक जीवनमा धर्म, जातीयता, सँस्कृति, कानून, प्रथा, परम्परा, इतिहास तथा सामाजिक दृष्टिकोणले प्रभाव पारी उनीहरूको सार्वजनिक क्षेत्रको सहभागिता खुम्चिन पुग्दछ । यसले उनीहरूको निजी जीवनलाई पनि नियन्त्रित गर्दछ । सीमित सङ्ख्याका महिला मात्र व्यवसायिक, व्यवस्थापकीय तथा निर्णय गर्न पाउने तहमा आवद्ध छन् (भासिन, १९९३) ।

पहिलो पञ्चबर्षीय योजना (२०१३-२०१८) र दोस्रो त्रिबर्षीय योजना (२०१९-२०२२) मा महिलाविरुद्ध हुने शोषणका बारेमा केही पनि व्यवस्था गरिएको थिएन । तेस्रो पञ्चबर्षीय योजना (२०२२-२०२७) ले सामाजिक असमानता उन्मूलन गर्ने उद्देश्य लिएको हुनाले यसले महिलाविरूद्ध हुने शोषणमा सुधार ल्याउने निति लिएको देखिन्छ । चौथो पञ्चवर्षीय योजना (२०२७-२०३२) मा शोषणरहित समाजको सिर्जना गर्ने उद्धेश्य रहेको पाइन्छ । पाँचौं पञ्चवर्षीय योजना (२०३२-२०३७) मा साक्षरता, छैटौ पञ्चवर्षीय योजना (२०४२-२०४७) मा सामाजिक कार्यक्रम, आठौं पञ्चवर्षीय योजना (२०४९-२०५३) मा महिला सहभागीता र नवौं पञ्चवर्षीय योजना (२०५४-५९) मा महिला र पुरुषविचका भेदभावहरू हटाउने नीति र लक्ष्य लिएको देखिन्छ । यस अवधिमा महिला भेदभाव सम्वन्धी सम्पूर्ण ऐन कानुनहरूको पुनरावलोकन गरी मुलुकी ऐनमा ११ औं संशोधन गरियो । महिलाविरुद्ध हुने घरेलु हिंसा, चेलीवेटी वेचविखन र देहव्यापार सम्वन्धी विधेयकहरू पनि तयार गरिएका छन् । दशौं योजना (२०५९-२०६४) मा यी विषयमा जोड दिइएको छ । महिला सशक्तिकरण र लैङ्गिक समानताका सबालहरू पनि यसमा समावेश छन् ।

कमला भासिनले पितृसत्तालाई पुरुषको दमनको रुपमा व्याख्या गरेकी छन् । उनले आफ्नो विभिन्न कृतिहरू मार्फत सामाजिकीकरण प्रक्रियाले महिलाहरू जन्मदेखि नै पछाडी परिरहेका र महिला र पुरुषविच फराकिलो खाडल बनेको कुरा विश्लेषण गरेकी छन् ।

पितृसत्ताले महिलाको प्रजनन, यौनिकता, उत्पादन र श्रम गतिशिलता, आर्थीक स्रोत साधन सामाजिक, साँस्कृतिक तथा राजनीतिक संस्थामाथि नियन्त्रण गरेको छ ।

नेपाली समाजले महिला नेतृलाई हेर्ने दृष्टिकोण दुराशययुक्त हुनु, महिला शिक्षालाई राज्यले अनिवार्य नगर्नु, महिलाको राजनितिक चेतनामा वृद्धि नहुनु, सामाजिक सुरक्षाको प्रत्याभूति नहुनुले महिलाका अवस्थामा सुधार नआएको हो भन्नुमा अत्युक्ति हुदैन । सहभागीता बढाउने कुरा भाषणमा मात्र सिमित हुनु अर्थात् राजनीतिक प्रतिवद्धता नहुनुले गर्दा महिलाको अवस्थामा सुधार नआएको हो । नेतृत्वदायी अङ्ग र नीति निर्माण तहमा महिला सहभागीता वढाउने कुरा भाषणमा मात्र सिमित हुनु अर्थात् राजनीतिक प्रतिवद्धता नहुनु योग्य र सक्षम व्यक्तिलाई दक्षताका आधारमा अगाडि नल्याइ पहुँचका भरमा ल्याउनुपनि महिलाको उन्नतिका वाधक पक्ष हुन् ।

श्रम विभाजनको सामाजिक प्रणाली अनुरुप महिलाहरूले धेरैजसो घरेलु र प्रत्यक्ष आर्थिक उपार्जन नहुने काममा बढी समय खर्चिन्छन् । जुन काम राष्ट्रिय उत्पादन सम्बन्धी तथ्याङ्कमा समावेश भएको हुँदैन । उत्पादनका साधनहरूमा जसको बढी हात छ उसैको निर्णय शक्ति बढी हुन्छ । नेपाली महिलाहरूले धेरै श्रम गरेपनि त्यसका लेखाजोखा र सम्पत्तिको अधिकार पनि नहुने साथै उत्पादनका साधनमाथी पहुँच कम भएको कारणले नीति निर्माण र निर्णय प्रक्रियामा महिलाहरूको हात नरहेको पाइन्छ ।

महिलाहरूले वर्तमानमा भोग्नुपरेका कठिनाइहरू र यसको उपचारको लागी भविष्यमा गर्नुपर्ने कामका भूमिकाको बारेमा समेत उनीहरूलाई बुझाउनु आवश्यक छ । यसैगरी महिलाका सवालमा विद्यमान विभेदकारी कानुनहरू र ती कानुनी प्रावधानलाई नयाँ नेपाल निर्माणको सन्दर्भमा समयानुकुल परिवर्तन गर्दै जानका लागी समेत महिला सहभागीता अनिवार्य छ । यी यावत विषयमा महिलाको अवस्थालाई सुधार गर्न र महिला स्वयलाई सक्षम एवम् सवल बनाउनुपर्छ भन्ने आम धारणा प्रवल भैरहेको सन्दर्भमा महिलालाई घरबाहिर ल्याउने मात्र होइन आफ्नो अधिकारको माग गर्न सक्ने बनाउनुपर्दछ ।

महिलाका सन्दर्भमा भारतीय राष्ट्रपिता स्व. मोहनदाश करमचन्दगांधीको भनाइ यस्तो छः "पुरुष एकजना साक्षर हुँदा एकमात्र नागरिक साक्षर हुनेछ तर नारी साक्षर हुँदा उनीसँगै सबै परिवार साक्षर हुनेछन् । भारतीय स्वतन्त्रता संग्राम लडेका गान्धीले नारी उत्थान,

दलित उत्थान र पछाडी परेका वर्गको उत्थानमा कहिल्यै सत्तामा नबसिकन जीवनभर लडिरहे । भारतलाई अंग्रेजी साम्राज्यबाट मुक्त बनाए ।"

महिलाको शिक्षा, आर्थिक स्रोत साधन, राजनीति, निर्णय प्रक्रियामा व्यक्तिगत स्वायत्तता सम्बन्धमा संयुक्त राष्ट्रसङ्घले महिलाको हैसियत परिभाषित गरेको छ । नेपालका जातजाति समूहमा महिलाको सामाजिक हैसियत फरक-फरक पाइन्छ । खासगरी जनजाति समूहका महिलाहरू बढी स्वतन्त्र छन् अन्यको तुलनामा । पुरुष प्रधान सामाजिक चिन्तनले महिलालाई अधिनस्थ बनाएको छ । सार्वजनिक क्षेत्रमा कम पहुँच, प्रविधि, ऋण सुविधा, शिक्षा, स्वास्थ्यमा महिलाको पहुँच कम हुनाको कारण उनीहरू पछाडि परेका छन् । तुलनात्मक रूपमा पुरुष सहयात्रुहरू बढी अवसरका कारण अग्रस्थानमा रहेका छन् ।


यसरी विभिन्न अध्ययन अनुसन्धानबाट के कुरा बुझ्न सकिन्छ भने घरेलु स्तरका हरेक पक्षहरूमा महिलाहरूको अवस्था त्यति सन्तोषजनक देखिदैन । सामान्य घरेलु कामकाजदेखि घर वाहिरका हरेक कामहरूमा पनि पुरुषकै वर्चस्व र महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । महिलाहरू केवल पुरुषहरूको सहयोगीको रूपमा रहेका र निर्णयमूलक तथा जिम्मेवारीपूर्ण कामहरूमा महिलाहरूको त्यति ठूलो भूमिका रहेको पाइदैन किनभने यस्ता कार्यहरूमा पनि पुरुषहरू नै अग्र पङ्तिमा रहेका छन् । समाजमा विद्यमान मूल्य मान्यता, पितृसत्तात्मक सोचका कारण हरेक पक्षमा पुरुषभन्दा महिला पछाडि रहेको पाइन्छ । कतिपय शिक्षित र रोजगारीमा संलग्न महिलाहरू घरेलु स्तरका कार्यहरूको निर्णयमा केही अगाडि देखिए पनि समग्रमा महिलाहरूको अवस्था त्यति राम्रो पाइदैन ।

यो अध्ययनमा विशेष गरी घरेलु निर्णय प्रक्रियामा महिला सहभागितालाई केन्द्रित गरिएको छ । महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक अवस्था, स्रोत र साधन परिचालन र उपयोगमा पहुँच के कस्तो रहेको छ र निर्णय प्रक्रियामा प्रभाव पार्ने पक्षहरूको खोजी गर्ने उद्देश्यले यो अध्ययनलाई अगाडि बढाइएको छ । महिलाहरूको जागिर घुमफिर र अन्य कार्यमा तिनको गतिशिलतामाथि पुरुषको आदेश, निगरानी र नियन्त्रणले कार्य गर्दछ । यस्ता व्यवहारले महिलाको स्वतन्त्रता, वृत्ति विकास र मानवीयता विपरित कार्य गर्दछ । त्यसैले पुरुषहरूबाट हुने यस्ता नियन्त्रणहरूलाई चिरफार गरी महिलाहरू आफैं स्वावलम्वी र आत्मनिर्भर बन्नको लागि र पारिवारिक विकास तथा उन्नतिको लागि यो घरेलु निर्णय

प्रक्रियामा उनीहरूको सहभागिता कस्तो रहेको छ भन्ने बुझ्नको लागि यो अध्ययनलाई अगाडि बढाइएको छ ।


## २.४ अवधारणात्मक खाका

यस अध्ययनमा घरेलु निर्णय प्रक्रियामा महिला सहभागितालाई हेर्ने क्रममा निर्णय प्रक्रियासँग सम्बन्धित अन्य चरहरूबिचको अन्तरसम्बन्धलाई पनि विश्लेषण गरिएको छ । जनसङ्ख्याको आधा हिस्सा ओगटेका महिलाहरू हरेक क्षेत्रमा पुरुषको तुलनामा पछाडि परेका छन् । अशिक्षा, बेरोजगारी लगायत अन्य सामाजिक, साँस्कृतिक मूल्यमान्यता एवम् सम्पत्तिमा समान अधिकार नहुनु तथा निर्णय प्रक्रियामा सहभागी हुनबाट परापूर्वकालदेखि नै वञ्चित गरिएको कारणले महिला पछाडि परेका हुन् । पछिल्लो समयमा महिलाहरूलाई अगाडि बढाउनको लागि विभिन्न संघ-संस्थाले उनीहरूमा रहेको क्षमता, ज्ञानलाई तालिमको माध्यमबाट उजागर गर्दै आएका छन् । महिलाहरूलाई पारिवारिक स्तरबाट नै माथि उठाउनुपर्ने कुरामा जोड दिँदै स्थानीय स्रोत र साधनहरूलाई परिचालन गरी त्यस्ता स्रोत र साधनमा महिलाको पहुँच विस्तार गर्दै उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउने तथा आत्मविश्वासको वातावरण सिर्जना गरी घरेलु निर्णय प्रक्रियामा सहभागिता बढाउने कुरामा बढी जोड दिएको पाइन्छ । घरेलु निर्णय प्रक्रियामा महिला सहभागिता भन्ने विषयमा पनि विभिन्न चरहरू अन्तर सम्बन्धित रहेका छन् ।



चित्र नं. २.१ अवधारणागत खाका

## २.५ सैद्धान्तिक खाका




चित्र २.२ सैद्धान्तिक खाका

प्रस्तुत सैद्धान्तिक खाकामा विभिन्न सैद्धान्तिक आयामहरूबारे चर्चा गरिएको छ । यस सन्दर्भमा खासगरी लैङ्गिक तथा नारीवादी सिद्धान्तबारे लेखाजोखा गरिएको छ । प्रकार्यवादी तथा द्वन्दवादी सिद्धान्तहरु पनि अध्ययनसँग सान्दर्भिक छन् । यस सन्दर्भमा जामुने गा.वि.स. तनहुँका महिलाहरुको घरेलु निर्णय प्रक्रियाको विषयलाई सैद्धान्तिक मान्यतासँग तादात्म्यता मिलाइ अध्ययन गर्ने प्रयत्न गरिएको छ । चित्रमा देखाएजस्तै उदार नारीवादी दृष्टिकोणले महिलालाई पुरुष समान बराबरी हैसियतमा देखाएको छ । समानता तथा समान श्रम सम्बन्धी दृष्टिकोण प्रस्तुत गरिएको छ । त्यस्तै संरचनात्मक प्रकार्यवादी दृष्टिकोणमा महिला, समाजका अभिन्न अंगका रुपमा रहेका हुन्छन् भन्ने मान्यता प्रस्तुत गरिएको छ । उनीहरुको भूमिका समाजमा अपरिहार्य मानिन्छ । समाजमा नारी र पुरुष दुवैको सह अस्तित्व रहेको हुन्छ । द्वन्दवादी दृष्टिकोणले मार्क्सवादी मान्यतालाई अङ्गिकार गरेको हुन्छ । समाज द्वन्दवादी प्रक्रियाले अगाडि बढेको हुन्छ । लैङ्गिक असमानताका

कारण पुरुष महिला बीच सधैं शक्ति र सह-अस्तित्वको टकराव भैरहन्छ, जसले द्वन्द निम्त्याउँछ । द्वन्दवादी प्रक्रियाबाट महिला उत्थान सम्भव हुन्छ । त्यही परिवर्तनको नियम हो । उल्लेखित सैद्धान्तिक मान्यताहरु महिलाको घरेलु निर्णय प्रक्रियामा कोषे ढुङ्गाको रुपमा सावित हुनेछन् । समग्रमा महिला उत्थानका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक, कानूनी तथा निर्णयको अवसर प्रदान गरिनु पर्दछ । यसतर्फ सम्बद्ध पक्षको यथोचित ध्यान पुगेमा महिला उत्थान सम्भव हुनेछ । यिनै सन्दर्भलाई विभिन्न चरहरुको आपसी सम्बन्ध देखाई सैद्धान्तिक आधारमा पुष्टि गर्ने प्रयत्न गरिएको छ ।

*अध्याय तीन*

# अनुसन्धान विधि

कुनै पनि विषयमा शोध अध्ययन गर्नुपर्दा सम्बन्धित शीर्षक अनुसारको शोध अध्ययनको क्षेत्र, अध्ययन गर्नुको महत्व, अनुसन्धानको ढाँचा कस्तो रहने भन्ने जानकारी पहिल्यै निर्क्यौल गर्नु जरुरी हुन्छ । आफ्नो अध्ययनलाई पूर्ण बनाउन, अपेक्षित उद्धेश्य पूरा गर्न, तथ्याङ्कको स्रोत, प्रकृति, समग्रताको नमूना छनौट, तथ्याङ्क सङ्कलन एवम् विश्लेषण विधिबारे यस अध्यायमा चर्चा गरिएको छ । यस अध्यायमा शोध अध्ययनको क्षेत्र, ढाँचा, नमूना छनौट, तथ्याङ्कको प्रकृति, तथ्याङ्क सङ्कलन विधि एवम् तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट समय समयमा महिलाका हक अधिकारका सम्बन्धमा विभिन्न सन्धि सम्झौता, अध्ययन अनुसन्धान मार्फत् समस्यालाई उजागर गर्दै समाधानका उपायहरूको खोजी गर्ने कार्य भइरहेको पाइन्छ । खासगरी सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक एवम् निर्णय प्रक्रिया लगायतका पक्षमा जति सुधार आउनुपर्ने हो त्यति अपेक्षित सुधार आउन सकेको छैन । त्यसैले महिलाको विषयमा अझ बढि अध्यययन अनुसन्धान हुनु आवश्यक छ भन्ने सोचका कारण यो अध्ययनलाई अगाडि बढाइएको छ । नेपाल जस्तो वहुलवादी समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक एवम् क्षेत्रिय विशेषताहरू फरक-फरक पाइने हुँदा निर्णय प्रक्रियाका ढाँचा पनि स्वभाविक रूपमा फरक पाउन सकिन्छ । महिलाको यो सवाल समसामयिक वहसको विषय पनि बनेको हुँदा अध्ययनको लागि प्राथमिकतामा पारिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

घरेलु निर्णय प्रक्रियामा महिला सहभागिता बारेमा अनुसन्धान गरिएको हुँदा यसमा लैङ्गिक दृष्टिकोणको प्रयोग गरिएको छ । यस प्रक्रिया अन्तरगत विभिन्न सामाजिक, आर्थिक, राजनीतिक तथा अन्य पक्षमा महिलाको के कति सहभागिता रहेको छ भन्ने विषयलाई प्राथमिकता दिइएकोले यसमा खासगरी विवरणात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

## ३.३ नमुना छनौट विधि

प्रस्तुत अनुसन्धानको लागि तनहुँ जिल्लाको जामुने गा.वि.स अन्तर्गत वडा नं. १ अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ । अध्ययन क्षेत्रमा ४२४ घरधुरी रहेको उक्त वडामा जनसङ्ख्या २२६९ रहेको छ । ४२४ घरधुरी मध्येबाट दैविक नमुना छनोट विधि मार्फत् २५ प्रतिशत घरधुरीको प्रतिनिधित्व हुने गरी १०६ घरधुरी नमुनाको रुपमा लिइएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत एवम् प्रकृति

यस अनुसन्धानमा गुणात्मक र सङ्ख्यात्मक दुवै प्रकृतिका तथ्याङ्कहरू सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक स्रोत अन्तर्गत अध्ययनको उद्धेश्यमा आधारित भएर कार्यक्षेत्र अध्ययन, अवलोकन, अन्तरवार्ता, अनुसूची, वैयक्तिक अध्ययन आदि प्रयोग गरिएको छ । द्वितीय स्रोत अन्तरगत अध्ययनसँग सम्बन्धित सार्वजनिक अभिलेख विभिन्न सङ्घ संस्थाबाट प्रकाशित लेख, रचना, जर्नल, रिपोर्ट, पत्रपत्रिका, पुस्तक साथै सम्बन्धित साहित्यको सहयोग लिइएको छ ।

## ३.५ पूर्व परीक्षण

अनुसन्धानकर्ताले प्रश्नावली भराउने काममा पहिला प्रश्नावलीलाई पूर्व परीक्षण गरिएको थियो । अनुसन्धानको अनुकुलता अनुसार आरुखर्क गा.वि.स वडा नं ३ स्याङ्जामा परीक्षण गरी अस्पष्ट प्रश्नावली साथै जटिल प्रश्नहरूलाई सरल र सहज बनाउने काम गरिएको थियो । पूर्व परीक्षणबाट शोधपत्रको उद्धेश्य अनुरुप तथ्याङ्क सङ्कलन गर्न सहयोग प्राप्त भएको थियो ।

## ३.६ प्रामाणिकता र विश्वासनियता

अनुसन्धान कार्य उपयुक्त र तर्कसङ्गत हुनको लागि सङ्कलित तथ्याङ्क प्रमाणिकता र विश्वासनियतामा निर्भर रहन्छ । अध्ययनको प्रामाणिकताको लागि शोध निर्देशक, सम्बन्धित उत्तरदाता र सम्बन्धित विषयमा दक्ष व्यक्तिसँग सम्पर्क कायम गरिएको थियो । तथ्याङ्कको उद्धेश्यलाई कायम राख्न जम्मा गरिएको विभिन्न तथ्याङ्कहरूसँग तुलना गरेर कमजोरीहरू हटाउन प्राथमिकता दिइएको थियो । विश्वसनीयताको लागि अन्तर्वार्ता अनुसूचिलाई पूर्व परीक्षण पछि अनावश्यक प्रश्न हटाइ आवश्यक प्रश्नहरू थप गरी प्रयोग गरिएको छ । जुन विषयमा अध्ययन गर्न खोजिएको छ अथवा जे नाप्न खोजिएको छ वास्तविक रुपमा त्यहीँ विषयलाई केन्द्रित गरिएको छ । त्यही अनुसार जति पटक परीक्षण गर्दा पनि नतिजा एउटै आएकोले यो अनुसन्धानको विश्वसनीयता भरपर्दो रहेको छ । तत्थ्याङ्कको प्रामाणिकता र विश्वासनियताको आधारमा सही वा यथार्थ निष्कर्ष निकाल्न सकिन्छ भन्ने मान्यता अपनाइएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलन विधि तथा औजार

शोध कार्य सम्पन्न गर्दा विभिन्न तथ्याङ्क सङ्कलन विधिहरू अवलम्बन गर्नुपर्ने हुन्छ । यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै खाले स्रोतलाई आधार मानिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता अनुसूचि, अवलोकन तथा सम्बन्धित व्यक्तिहरूसँग प्रत्यक्ष रुपमा सूचना सङ्कलन गरिएको छ ।

### ३.७.१ अन्तरवार्ता प्रश्नावली

यस अनुसन्धानमा अन्तरर्वार्ता प्रश्नावली मार्फत् आवश्यक तथ्याङ्क तथा सूचना सङ्कलन गरिएको छ । अनुसन्धानकर्ता प्रत्यक्ष रूपमा अध्ययन क्षेत्रमा गइ प्रत्येक उत्तरदातासँग तथ्याङ्क लिइएको छ । उत्तरदाताबाट लिइएको उत्तरलाई तालिकीकरण गरी तथ्यलाई परिमार्जित गरिएको छ । जुन प्रश्नावलीमा संरचित र असंरचित दुवै खाले प्रश्नहरूको प्रयोग गरिएको छ । अन्तरवार्ताको लागि लिइएका प्रश्नावलीको ढाँचा अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ३.७.२ अवलोकन

सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने  विभिन्न विधीहरूमध्ये अवलोकन विधि अत्यन्त महत्वपूर्ण विधी हो । गुडे एण्ड ह्याटले भनेका छन् । **"Science begins with observation and must ultimately return to observation for  its final validation."** (अधिकारी र गौतम, २०६०) । कतिपय कुराहरू अन्तरवार्ताको क्रममा उत्तरदाताले भन्न सक्दैनन् त्यस्ता तथ्यहरू अवलोकनको माध्यमबाट थाहा पाउन सकिन्छ । त्यसैले यो विधि उपयोगी मानेर प्रयोग गरिएको छ । यसमा उत्तरदाताको सामाजिक परिवेश एवम् वस्तुस्थिति, परिवारका सदस्यहरू बिचको व्यवहार, हाउभाउ, दैनिक क्रियाकलापलाई नजिकबाट अवलोकन गरेर पनि धेरै तथ्याङ्क सङ्कलन गरिएको छ । यस विधी मार्फत कतिपय उनीहरूसँग प्रत्यक्ष सहभागी भएर सूचना सङ्कलन गरिएको छ भने कतिपय तथ्याङ्क उत्तरदातालाई थाहा नदिइकन पनि सङ्कलन गरिएको छ । त्यसैले यो विधि मार्फत सङ्कलन गरिएका सूचना तथा तथ्याङ्क बढी नै मात्रामा वास्तविकतामा आधारित रहेको छ ।

## ३.८ तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

कुनैपनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त गर्न तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । तसर्थ घरेलु निर्णय प्रक्रियामा महिला सहभागिता सम्बन्धी सङ्कलित कोरा तथ्यहरूको वैज्ञानिक रूपबाट व्यवस्थित गर्न एस्.पी.एस्.एस्. प्रोग्रामको प्रयोग गरी तालिकाको प्रकृति अनुसार वर्गीकरण एवम् विश्लेषण गरिएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण गरिएको छ । सङ्ख्यात्मक तथ्यलाई बोधगम्य तरिकाले आवश्यकताअनुसार कही तालिकीकरण गरि तथ्याङ्कहरूको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## *अध्याय चार*

## अध्ययन क्षेत्रको परिचय एवम् जनसाङ्ख्यिक विवरण

यस परिच्छेदमा अध्ययन क्षेत्रको आर्थिक, सामाजिक तथा जनसांख्यिक विवरण प्रस्तुत गरिएको छ । भौगोलिक विषयवस्तु, ऐतिहासिक सन्दर्भ, स्थानिय सङ्घ-संस्थाको विवरण प्रस्तुत गरिएको छ । उत्तरदाताको पारिवारिक तथ्याङ्क, लैङ्गिक संरचना जस्ता विवरण प्रस्तुत गरिएको छ ।

### ४.१ जामुने गा.वि.स.को परिचय

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चल, तनहुँ जिल्लाको ४६ गा.वि.स मध्ये व्यास नगरपालीकाको सन्निकट छिमेकी गा.वि.स.को रुपमा रहेको जामुने गा.वि.स. समुन्द्र सतहदेखि करिब ५१५ मिटरदेखि ११०० मिटरको उचाइसम्म फैलिएको छ । यस गा.वि.सको नाम कसरी जामुने रहन गयो भन्ने जिज्ञासामा त्यहाँका वृद्ध र जानेवुझेका व्यक्तिहरूसँग बुझ्दा ऐतिहासिक कालमा गण्डकी प्रदेशबाट तत्कालिन नेपाल खण्ड मध्ये चार भञ्याङ भित्रको उपत्यका जाने - आउने मुख्य नाकाको रुपमा यस गाउँ रहेको र यहाँ ठूलो जामुनाको घारी भएको हुँदा आउने जाने बटुवाहरूले यस गाउँलाई जामुने भन्ने गरेको जनश्रुति रहेको पाइन्छ ।

#### ४.१.१ भौगोलिक अवस्था

प्राकृतिक रुपमा सुन्दर, स्वच्छ, हराभरा यस गा.वि.सका मुख्य आकर्षणको रुपमा मानुङ्ग कोट, दभुङ्ग, बहपुर, उमाचोक, किल्चोक, बरच्याङ्ग, सिप्ले रहेका छन् । त्यसैगरी भञ्ज्याङ्ग देउराली अन्तरगत जामुने भञ्ज्याङ, किल्चोक, पाटेचौर आदि रहेका छन् । भने ऐतिहासिक एवम् धार्मिक महत्वको रुपमा गुणादी बाराही गुफा रहेको छ । अध्ययन क्षेत्र गुणादी यसै गाविस अन्तर्गत सदरमुकाम दमौलीबाट पोखरातर्फ जाने (पृथ्वीराजमार्ग) बाटोमा करिब ५ कि.मी को दुरीमा पर्दछ । कूल जनसङ्ख्या १०३३५ रहेको यस गा.वि.समा पुरुष ५३५६ महिला ४९७८ रहेका छन् । जम्मा घरधुरी १९३६ रहेको उक्त गा.वि.सको जनसङ्ख्या वृद्धिदर १.६३ प्रतिशत रहेको छ । जनघनत्व ३४३ जना प्रति वर्ग कि.मि रहेको छ ।

## ४.१.२ जनसाङ्ख्यिक विवरण

उमेर र लिङ्ग अनुसारको जनसङ्ख्या विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

तालिका ४.१: लिङ्ग र उमेर अनुसार जनसङ्ख्याको विवरण

| वडा | ५ बर्ष सम्मका | | | ६-१० बर्षका | | | ११-१५ वर्षका | | | १६-२४ वर्षका | | | २५-४५ वर्षका | | | ४५-६०बर्षका | | | ६०-७५ वर्षका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नं. | बा | बाली | जः | बा | बाल | ज | केटा | केटी | ज | केटा | केटी | ज | पु | म | ज | पु | म | ज | पु | म | ज |
| ज्ञ | ज्ञज्ञट | ज्ञज्ञद्द | द्दद्दड | ज्ञछड | ज्ञद्दद्ध | द्दडद्द | ज्ञछट | ज्ञद्दद्द | द्दठड | द्दज्ञण | द्दणठ | द्धज्ञठ | घटघ | घज्ञद्ध | टठठ | ज्ञज्ञढ | ज्ञज्ञठ | द्दघट | टज्ञ | टद्ध | ज्ञद्दछ |
| द्द | घज्ञ | द्दछ | छट | घद्ध | घट | ठण | द्धद्ध | द्धघ | डठ | टढ | टण | ज्ञद्दढ | ज्ञज्ञज्ञ | डघ | ज्ञढद्ध | द्धण | द्धण | डण | ज्ञढ | द्दद्द | द्धज्ञ |
| घ | घढ | द्दद्ध | टघ | घड | घघ | ठज्ञ | घट | घछ | ठज्ञ | ठण | टट | ज्ञघट | ज्ञद्दज्ञ | ढट | द्दज्ञठ | छज्ञ | द्धढ | ज्ञणण | द्दड | द्दद्ध | छद्द |
| द्ध | घट | द्दण | छट | घद्ध | द्धद्ध | ठड | द्धट | घछ | डज्ञ | टड | टण | ज्ञद्दड | ज्ञज्ञछ | ज्ञद्दण | द्दघछ | छट | छठ | ज्ञज्ञघ | द्दघ | द्दज्ञ | द्धद्ध |
| छ | द्धद्द | द्दड | ठण | द्धण | द्धड | डड | द्धठ | द्धठ | ढद्ध | डड | ठठ | ज्ञटछ | ज्ञघट | ज्ञद्दड | द्दटद्ध | टठ | ठण | ज्ञघठ | द्दद्द | द्दट | द्धड |
| ट | घड | द्दघ | ठज्ञ | द्धघ | घघ | ठट | द्धड | छछ | ज्ञणघ | द्धछ | द्धठ | ढद्द | ढज्ञ | डठ | ज्ञठड | घण | द्दट | छट | ज्ञड | घज्ञ | द्धढ |
| ठ | ज्ञद्दछ | ढट | द्दद्दज्ञ | ज्ञघघ | ज्ञद्दण | द्दछद्ध | ज्ञद्दठ | ज्ञघड | द्दटछ | ज्ञढघ | ज्ञढड | घढज्ञ | घडढ | घछठ | ठद्धट | ज्ञद्दघ | ज्ञज्ञड | द्दद्धज्ञ | द्धड | छद्ध | ज्ञणज्ञ |
| ड | द्धज्ञ | घछ | ठट | ठण | द्धण | ज्ञज्ञण | टड | टड | ज्ञघट | ज्ञज्ञघ | डठ | द्दणण | ज्ञठड | ज्ञटद्ध | घद्धद्द | टद्ध | टद्ध | ज्ञद्दड | घद्ध | घण | टद्ध |
| ढ | द्धट | टछ | ज्ञज्ञज्ञ | ठठ | ठज्ञ | ज्ञद्धड | ठद्ध | डठ | ज्ञटज्ञ | ज्ञज्ञण | ढज्ञ | द्दणज्ञ | ज्ञघढ | ज्ञद्धद्द | द्दडज्ञ | ठण | छट | ज्ञद्दट | ज्ञड | ज्ञठ | घछ |
| जम्मा | छज्ञद्ध | द्धघड | ढछद्द | टद्दठ | छद्धढ | ज्ञज्ञठट | टद्धट | टघण | ज्ञद्दठट | ढटट | डढघ | ज्ञडछछ | ज्ञटद्धघ | ज्ञद्धढज्ञ | घज्ञघद्ध | टद्दण | छछठ | ज्ञद्दज्ञठ | द्दठज्ञ | द्दडड | छछछ |

स्रोत : गाविसको प्रतिवेदन, द्दणटड ।

अध्ययन क्षेत्रको गाउँ विकास समितिमा २५ देखी ४५ वर्ष उमेर समुहका मानिसको बाहुल्यता रहेको छ । कुल जनसङख्या १०३३५ मध्ये यस उमेर समुहका ३१३४ जना रहेका छन् । यो सङ्ख्या ३० प्रतिशत हुन आउँछ र सक्रिय जनशक्तिको रुपमा रहेका छन् । ५ वर्षसम्मका बालक ५१४, बालिका ४३८ गरी जम्मा ९५२ जना । ६-१० वर्षका बालक ६२७, बालिका ५४९ गरी जम्मा ११७६ जना । त्यस्तैगरी ११-१५ वर्षका केटा ६४६, केटी ६३० गरी जम्मा १२७६ जना रहेका छन् । उमेर समूह ४५-६० वर्षका पुरुष ६२०, महिला ५९७ गरी जम्मा १२१७ रहेका छन् । प्रौढ ६०-७५ बर्षका पुरुष २७१ र महिला २८८ गरी जम्मा ५५९ जना छन् ।

### ४.१.३ जातिगत आधारमा जनसङ्ख्या विवरण

नेपाल बहु-जातीय, बहु-भाषिक, बहु-सांस्कृतिक एवम् बहु-धार्मिक भएको मुलुक हो । नेपाल अधिराज्यभरि हरेक जातजाति, भाषाभाषिको बाहुल्यता भए जस्तै यस गाविसमा पनि विभिन्न जातजातिको बसोबास रहेको पाइन्छ । जुन तालिका ४.२ बाट स्पष्ट हुन्छ ।

तालिका ४.२: अध्ययन क्षेत्रको जनसङ्ख्याको जातिगत विवरण

| जातिगत नाम | महिला | पुरुष | जम्मा | प्रतिशत % |
|---|---|---|---|---|
| बाह्मण | डज्ञघ | डडघ | ज्ञटढट | ज्ञट. द्ध |
| क्षेत्री | छ्क्षघ | छ्क्षद्ध | ज्ञण डठ | ज्ञण छ |
| मगर | ज्ञटद्धड | ज्ञठटठ | घद्धज्ञछ | घघज्ञ |
| नेवार | छ्क्ड | टद्धड | ज्ञद्दण ट | ज्ञज्ञ. ट |
| गुरुङ | द्धद्ध | छ्ज्ञ | ढछ | ण . ढ |
| कामी | ठडद्द | डघज्ञ | ज्ञटज्ञघ | ज्ञछ ट |
| दमै | ज्ञण ज्ञ | ज्ञघद्द | द्दघघ | द्द. घ |
| सार्की | द्दछ्क्ष | द्दद्धठ | छ्ण ज्ञ | द्ध. ढ |
| घर्ति | घघ | घढ | ठद्द | ण . ठ |
| रानाभाट | ज्ञद्दड | ज्ञघण | द्दछ्ड | द्द. छ |
| गाइने | घ | द्ध | ठ | ण . ज्ञ |
| गीरि | घ | द्ध | ठ | ण . ज्ञ |
| कुमाल | द्दज्ञ | द्दद्ध | द्धछ | ण . द्ध |
| लामा | छ | द्ध | ढ | ण . ज्ञ |
| माझी | द्ध | ड | ज्ञद्द | ण . ज्ञ |
| ठकुरी | घज्ञ | द्धज्ञ | ठद्द | ण . ठ |
| जम्मा | द्धढठज्ञ | छ्कछ | ज्ञण घद्दड | ज्ञण ण ए |

स्रोतः गा.वि.स कार्यालय प्रतिवेदन, २०६८ ।

तालिका ४.२ अनुसार अध्ययन क्षेत्रमा रहेको यस गाउँ विकास समितिमा सबैभन्दा बढी कुल जनसङ्ख्याको ३३.१ प्रतिशत मगर जातिको बाहुल्यता रहेको छ । त्यस्तैगरि बाहुन १६.४ प्रतिशत, कामी १५.६० प्रतिशत, नेवार ११.७० प्रतिशत, क्षेत्री १०.५० प्रतिशत, सार्की ४.९० प्रतिशत, दमै २.३ प्रतिशत, गुरुङ ०.९ प्रतिशत, कुमाल ०.५ प्रतिशत, घर्ती ०.७ प्रतिशत रहेका छन् ।

## ४.१.४ गा.वि.स को घरधुरी जनसङ्ख्या तथा घरमुली सम्वन्धी विवरण

तालिका ४.३: उत्तरदाताको घरधुरी तथा घरमुलि सम्बन्धी विवरण

| वडानं. | जम्मा | जनसङ्ख्या | | | पु.घरमुली | म.घरमुली | औषत |
|---|---|---|---|---|---|---|---|
| | घरधुरी | पुरुष | महिला | जम्मा | भएको घरधुरी | भएको घरधुरी | परिवार |
| ज्ञ | द्धद्द्ध | ज्ञज्ञटद्ध | ज्ञज्ञ्ण छ | द्दद्दटढ | घडछ | घढ | छ. घछ |
| द्द | ज्ञघठ | घछ्र | घज्ञढ | टठड | ज्ञज्ञद्द | द्दछ | द्ध .ढछ |
| घ | ज्ञद्धढ | घढज्ञ | घघढ | ठघ्ण | ज्ञद्दघ | द्दट | द्ध .ढ |
| द्ध | ज्ञद्धड | घठज्ञ | घठद्द | ठद्धघ | ज्ञद्दछ | द्दघ | छ. णद्द |
| छ | ज्ञटट | द्धद्धठ | द्धघ्ण | डठठ | ज्ञद्धण | द्दट | छ.द्दड |
| ट | ज्ञ्ण ण | घद्दढ | घज्ञ्ण | टघढ | डछ | ज्ञछ | ट .घढ |
| ठ | द्धघद्द | ज्ञज्ञटज्ञ | ज्ञ्ण डज्ञ | द्दद्दद्धद्द | घठण | टद्द | छ.ज्ञढ |
| ड | द्दण ज्ञ | छ्रड | द्धढठ | ज्ञ्ण ठछ | ज्ञठड | द्दघ | छ .घछ |
| ढ | ज्ञठढ | छ्रु | छ्रुछ | ज्ञ्ण डद्द | ज्ञछ्रट | द्दघ | ट .णद्ध |
| जम्मा | ज्ञढघट | छ्रघछ्र | द्धढठड | ज्ञ्ण घघछ | ज्ञटठद्ध | द्दटद्द | छ .घद्ध |
| प्रतिशत | | छ्रज्ञ.डघB | द्धड.ज्ञठ B | ज्ञ्ण घघछ | डटद्धठ B | ज्ञघछ्रद्धB | |

स्रोत : गा.वि.स प्रतिवेदन २०६८ ।

तालिकामा ४.३ मा उल्लेख गरिएअनुसार यस गा.वि.स.मा जम्मा १९२३ घरधुरी रहेको छ । कूल जनसङ्ख्या १०३३५ रहेको यस गा.वि.स मा पुरुष ५३५७ (५१.८३B) र महिलाको सङ्ख्या ४९७८ (४८.१७ B) रहेको छ । यसमा १६७४ घरधुरीमा पुरुष घरमुली रहेका छन्

। जसमध्ये वडा.न. १ मा सवैभन्दा बढी ३८५ घरधुरीमा पुरुष घरमुली रहेका छन् भने सवैभन्दा कम वडा नं.६ मा ८५ घरधुरीमा पुरुष घरमुलीको रुपमा रहेका छन् । त्यस्तैगरी वडा नं. ७ मा सवैभन्दा बढी घरधुरीमा महिला घरमुली छन् भने सवैभन्दा कम वडा नं. ६ मा १५ घरधुरीमा महिला घरमुली रहेका छन् । वडा नं. १ मा २२६९ जनामध्ये पुरुष ११६४ र महिला ११०५ जना रहेका छन् । वडा नं. २ मा ६७८ जनामध्ये पुरुषको सङ्ख्या ३५९ र महिला ३१९ जना रहेका छन् । जनसङ्ख्याको आधारमा वडा नं. १ मा सवैभन्दा वढी २२६९ जना रहेका छन् । त्यसैगरी वडा नं. ३ मा ३९१ पुरुष र ३३९ महिला गरी ७३० जना रहेका छन् । वडा नं. ४ मा ३७१ पुरुष र ३७२ महिला गरी जम्मा ७४३ जना रहेका छन् । वडा नं. ५ मा ४४७ जना रहेका छन् । वडा नं. ७ मा ११६१ पुरुष र १०८१ महिला गरी जम्मा २२४२ जना रहेका छन् । त्यसैगरी वडा नं. ८ मा ५७८ जना पुरुष र ४९७ जना महिला गरी जम्मा १०७५ जना रहेका छन् । बडा नं. ९ मा ५५७ जना पुरुष र ५२५ जना महिला गरी जम्मा १०८२ जना रहेका छन् ।

## ४.१.५ मातृभाषाका आधारमा जनसङ्ख्या

तालिका ४.४: मातृभाषाका आधारमा जनसङ्ख्या विवरण

| वडा नं. | नेपाली मातृभाषा वोल्ने सङ्ख्या | | मगर भाषा वोल्ने सङ्ख्या | | गुरुङ्ग मातृभाषा वोल्ने सङ्ख्या | | नेवारी मातृभाषा वोल्ने सङ्ख्या | | जम्मा सङ्ख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार | जनसङ्ख्या | परिवार | जनसङ्ख्या | परिवार | जनसङ्ख्या | परिवार | जनसङ्ख्या | परिवार | जनसङ्ख्या |
| ज्ञ | ज्ञठद्द | डडज्ञ | द्दज्ञढ | ज्ञद्दद्दद्द | ण | ण | घघ | ज्ञटट | ढ्ढद्दढ्ढ | द्दद्दटढ |
| द्द | छ्द्द | द्दघद्द | डढ्ढ | ढ्ढघड | ज्ञ | ड | ण | ण | ज्ञघठ | टठड |
| घ | ज्ञण छ | छ्ज्ञघ | द्दज्ञ | ढढ्ढ | ण | ण | द्दघ | ज्ञद्दघ | ज्ञढ्ढढ | ठघण |
| ढ्ढ | ढड | ढ्ढडद्द | ज्ञ | ढ्ढ | ण | ण | ढ्ढढ | द्दछ्ठ | ज्ञढ्ढड | ठघण |
| छ | ज्ञज्ञछ | छ्डद्द | घछ | द्दज्ञछ | ज्ञ | घ | ज्ञछ | ठठ | ज्ञटट | डठठ |
| ट | द्दढ | ज्ञठड | छ्छ | घढ्ढट | ण | ण | ज्ञट | ज्ञज्ञछ | ज्ञण ण | टघढ |
| ठ | द्दडद्द | ज्ञढ्ढढछ | ज्ञण ड | छ्ढ्ढट | ण | ण | ढ्ढद्द | द्दण ज्ञ | ढ्ढघद्द | द्दद्दढ्ढद्द |
| ड | ठढ | ढ्ढद्दण | डद्द | ढ्ढद्दछ | द्द | ज्ञछ | घड | द्दज्ञछ | द्दण ज्ञ | ज्ञण ठछ |
| ढ | ज्ञघछ | डद्दढ | द्दघ | ज्ञद्दछ | ज्ञढ्ढ | टढ | ठ | छ्ढ | ज्ञठढ | ज्ञण डद्द |
| जम्मा | ज्ञण टठ | छ्टज्ञद्द | टद्दड | घढ्ढज्ञछ | ज्ञड | ढछ | द्दद्दघ | ज्ञद्दज्ञघ | ज्ञढघट | ज्ञण घघछ |
| प्रतिशत | छ्छB | छ्ढ्ढ B | घद्द B | घघB | ज्ञB | ज्ञB | ज्ञद्द B | ज्ञज्ञ ठढ्ढ B | ज्ञण ण B | ज्ञण ण B |

स्रोतः गा.वि.स.प्रतिवेदन २०६८ ।

### ४.१.६ धर्मका आधारमा जनसङ्ख्या

यस गाउँ विकास समितिमा रहेका सवै समुदायले हिन्दु धर्म मान्ने गरेको पाइन्छ । दशै, तिहार, माघेसंक्रान्ति, चैते दशै, जनैपूर्णीमा आदि चाडपर्वहरू सवै समुदायले विशेष उत्साहकासाथ मनाउने गर्दछन् । गुरुङ जातिले विशेष गरी अर्घौ, छेवर, बुद्धजयन्ती, ल्होसार जस्ता चाड धुमधामले मनाउँछन् । यसका अतिरिक्त सवै समुदायमा न्वारान, पास्नी, चुडाकर्म, व्रतवन्ध, विवाह र मृत्यु संस्कारहरू आ-आफ्नो रीति अनुसार सम्पन्न गर्दछन् । खासगरी मगर, गुरुङ, कुमाल, दरै नेवार जातिको आफ्नो भेषभुषा भएतापनि हाल आएर यो भेषभूषा विशेष अवसर तथा चाडहरूमा मात्र प्रयोग हुने गरेको पाइन्छ । धर्मका आधारमा जनसङ्ख्याको विवरण निम्न अनुसार रहेको छ ।

तालिका ४.५: धर्म अनुसार जनसङ्ख्या विवरण

| वडा नं. | हिन्दु धर्म मान्ने सङ्ख्या | | इस्लाम धर्म मान्ने सङ्ख्या | | क्रिस्चियन धर्म मान्ने सङ्ख्या | | जम्मा जनसङ्ख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | परिवार | सङ्ख्या | परिवार | सख्या | परिवार | सङ्ख्या | परिवार | सङ्ख्या |
| ज्ञ | द्धद्दज्ञ | द्दद्दद्धठ | ण | ण | घ | द्दद्द | द्धद्दद्ध | द्दद्दटढ |
| द्द | ज्ञघठ | टठड | ण | ण | ण | ण | ज्ञघठ | टठड |
| घ | ज्ञद्धढ | ठघण | ण | ण | ण | ण | ज्ञद्धढ | ठघण |
| द्ध | ज्ञद्धठ | ठघद्ध | ज्ञ | ढ | ण | ण | ज्ञद्धड | ठढद्धघ |
| छ | ज्ञटट | डठठ | ण | ण | ण | ण | ज्ञटट | डठठ |
| ट | ज्ञण ण | टघढ | ण | ण | ण | ण | ज्ञण ण | टघढ |
| ठ | द्धघद्द | द्दद्दद्धद्द | ण | ण | ण | ण | द्धघद्द | द्दद्दद्धद्द |
| ड | द्दण ज्ञ | ज्ञण ठछ | ण | ण | ण | ण | द्दण ज्ञ | ज्ञण ठछ |
| ढ | ज्ञठठ | ज्ञण ठद्द | ण | ण | द्द | ज्ञण | ज्ञठढ | ज्ञण डद्द |
| जम्मा | ज्ञढघण | ज्ञण द्दढद्ध | ज्ञ | ढ | छ | घद्द | ज्ञढघट | ज्ञण घघछ |

स्रोतः गाविस कार्यालय प्रतिवेदन, २०६८ ।

## ४.१.७ शिक्षा र स्वास्थ्य सम्वन्धी विवरण

यस गा.वि.स भित्रका कूल जनसङ्ख्या मध्ये ५८.७० साक्षर छन् । भने महिला साक्षरता ४७.५३ प्रतिशत र पुरुष साक्षरता ६९.४४ प्रतिशत देखिन्छ। हालसम्म ३ वटा उ.मा.वि. ३ नि.मा.वि र ९ वटा प्रा.वि तहका विद्यालयहरू सञ्चालनमा रहेका छन् । यसका साथै निजी क्षेत्रवाट १ नि.मा.वि र ९ वटा प्रा.वि तहको विद्यालय समेत सञ्चालनमा रहेका छन् । निजी क्षेत्रवाट १ नि.मा.वि तहको विद्यालय र १ प्रा.वि तहको विद्यालय समेत सञ्चालनमा रहेको छ। साथै विभिन्न ४ वटा पूर्व प्राथमिक तहको शिशु स्याहार केन्द्र साथै बालविकास केन्द्रहरू समेत सञ्चालनमा रहेका छन् ।

यो गा.वि.स मा जामुने उपस्वास्थ्य चौकी र जामुने आयुर्वेद औषधालय रहेको छ। स्वास्थ्य कर्मीको सङ्ख्या ६ जना रहेको छ। यिनीहरू सरकारी कर्मचारीको रुपमा रहेका छन् । यस गा.वि.स.का मानिसहरू सामान्य उपचार गा.वि.स.भित्र गराएपनि धेरैजसो सदरमुकाम दमौली लगायत पोखराका विभिन्न अस्पतालहरूमा उपचार गर्न जाने गरेको पाइन्छ।

## ४.१.८ सामाजिक बनोट र पेशा

वास्तवमा जामुने गा.वि.स बहुजातिहरूको साझा घर हो। यहाँ ब्राह्मण, क्षेत्री, मगर, गुरुङ्, नेवार, सार्की, कामी, दमाइ सवै जातजातीहरूको बसोबास छ। बहुजातीय समाज भएपनि सामाजिक तथा धार्मिक सहिष्णुताको अतुलनीय उदाहरण यहाँ पाइन्छ। यस गा.वि.स को डाँडा पाखाहरूको वस्तीमा अधिकांश मगर समुदाय र कहि कहि गुरुङ्ग, नेवार, ठकुरी, कामी, दमै, सार्की, गन्धर्वहरूको बसोवास छ भने वेशी खण्डमा र अर्धशहरी क्षेत्रहरूमा बाहुन, क्षेत्री नेवार, रानाभाट, मगर, सार्की, दमाइ, र कामी हरूको वस्ती रहेको छ । यस गा.वि.सको वेशी भेगका जनजातीहरूको तुलनामा गाउँको जनताहरूको जीवनशैली बढी कठिन


देखिन्छ।

यहाँका अधिकांश मनिसको पेशा कृषि रहेतापनि विदेशी सैनिक सेवामा भर्ति हुने तथा सरकारी नोकरी शिक्षण पेशामा संलग्न मानिसहरूको समेत सङ्ख्या ठूलो रहेको पाइन्छ । केही मानिसहरू ज्यामी पेशामा आवद्ध रहेका छन् ।

### ४.१.९ कृषि तथा अन्य आर्थिक अवस्था

यस गाविसका मानिसहरू कतिपय कृषि पेशामा आवद्ध छन् । खाद्यान्न वालीमा धान, गहुँ, मकै, मास प्रमुख रहेका छन् भने तरकारी खेतीवाट पनि आयआर्जन गरेका छन् । आलु, काउली, रायो साग, गोलभेडा साथै फलफुलमा केरा, काँक्रो, सुन्तला, नास्पति पनि लगाउने गर्दछन् । त्यस्तैगरि कसैले व्यवसायिक गाइपालन, कुखुरापालनबाट पनि राम्रो आम्दानी गरेको पाइन्छ । कतिपय निजी संघसंस्थामा आवद्ध छन् भने कतिपय सरकारी कर्मचारी रहेका छन् । कसैले वैदेशिक रोजगारीबाट पनि आम्दानी गरेकाले समग्रमा यस क्षेत्रको आर्थिक अवस्था सन्तोषजनक नै रहेको छ ।

## ४.१० अध्ययन क्षेत्रको नक्सा




चित्र नं. ४.१: अध्ययन क्षेत्रको नक्सा

## *अध्याय पाँच*

## उत्तरदाताहरूको सामाजिक तथा आर्थिक अवस्था

अध्ययन क्षेत्रको वस्तुगत विषयमा अध्याय चारमा नै धेरै कुरा उल्लेख गरिसकिएको छ । यस अध्यायमा उत्तरदाता महिलाहरूको सामाजिक, आर्थीक अवस्था, दैनिक जीवनमा आइपर्ने हरेक पारिवारिक निर्णय, नीति निमार्णमा महिलाहरूको के कति सहभागिता छ । सम्पत्तिमा महिला र पुरुषबिच बराबर हक र अधिकार हुनुपर्ने अथवा नपर्ने कुराहरूको विषयलाई जोड दिइएको छ । दैनिक कामकाज, चलअचल, सम्पत्ति कस कसको नाममा रहेको छ जस्ता कुराहरूलाई जोड दिइएको छ । राजनीतिक, शैक्षिक, प्रजनन् निर्णय, वालवच्चाको हेरचाह र सरसफाइ लगायतका अन्य विषयहरूलाई यहाँ उल्लेख गरिएको छ । देशको आधा जनशक्तिका रुपमा रहेका महिलाहरू देश विकासमा सदैव संलग्न रहेपनि अशिक्षा, अस्वस्थता, गरिवी एवम् रुढिवादी व्यवहारका कारण सम्पत्ति, आय, रोजगारी, आर्थिक एवम् अन्य स्रोतको पहुँचवाट टाढा छन् । जवसम्म महिला र पुरुष वर्ग साथसाथै पूर्ण रुपमा राष्ट्र उत्थान कार्यमा संलग्न हुँदैनन् तवसम्म देशको आर्थिक स्थितीमा सुधार आउन सक्दैन भन्ने कुरा सर्व वितिदै छ । यही कुरालाई  मध्यनजर राख्दै बहुजातीय समाजमा घरायसी निर्णय पक्रियामा महिलाको सहभागीता के कस्तो रहेको छ भन्ने विषयमा ४२४ घरधुरीवाट २५ प्रतिशत प्रतिनिधित्व हुने गरी १०६ जना उत्तरदाता छनोट गरिएको छ । यसैसंग सम्वन्धित विभिन्न विषयहरूलाई यहाँ उल्लेख गरिएको छ ।

### ५.१ अध्ययन क्षेत्रका महिलाको उमेरगत विवरण

अनुसन्धानमा अध्ययन क्षेत्रमा छनोटमा परेका महिला उत्तरदाताहरूको घरेलु निर्णय प्रक्रियामा कत्तिको बाहुल्यता रहेको छ सो जान्नको लागि उमेरगत अनुसार तलको तालिका मार्फत् प्रस्तुत गरिएको छ ।

तालिका ५.१: उत्तरदाताको उमेरगत विवरण

| क.स | उमेर | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १६-२४ | ११ | १०.३८ |
| २ | २५-४५ | ५० | ४७.१७ |
| ३ | ४५-६० | ४० | ३७.७४ |
| ४ | ६०-७५ | ५ | ४.७१ |
| जम्मा | | १०६ | १०० |

स्रोत :स्थलगत अध्ययन २०७१ ।

तालिका ५.१ अनुसार २५-४५ वर्ष उमेरका महिला उत्तरदाता सबैभन्दा बढी (४७.१७%) रहेका छन् । अन्यमा ४५-६० वर्ष उमेरका ३७.७४ प्रतिशत, १६-२४ वर्ष उमेरका १०.३८ प्रतिशत सबै भन्दा न्यून ६०-७५ वर्ष उमेरका ४.७१ प्रतिशत रहेका छन् ।

उक्त तथ्य अनुसार महिला उत्तरदाताको परिपक्व उमेर समुह, केही गरौ भन्ने भावना जाग्ने समय भनेको २५-४५ वर्ष कै हुन जान्छ । सो उमेरका महिलाहरुको बाहुल्यता बढी भएकाले घरेलु निर्णय प्रक्रियामा पनि उनीहरुको भूमिका उच्च रहन सक्छ ।

## ५.२ उत्तरदाताको शैक्षिक अवस्था

छनोटमा परेका महिला उत्तरदाताहरूको घरेलु निर्णय प्रक्रिया सम्बन्धी गरिएको अध्ययनमा उत्तरदाताको शैक्षिक अवस्थाको स्तर तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.२: उत्तरदाताको शैक्षिक विवरण

| विवरण | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ३० | २८.३० |
| २ | साक्षर वा १० भन्दा मुनि | ५६ | ५२.८३ |
| ३ | एस.एल.सी पास | २० | १८.८७ |
| जम्मा | | १०६ | १०० |

स्रोत :स्थलगत अध्ययन २०७१ ।

माथिको तालिका ५.२ अनुसार कूल १०६ जना मध्ये उत्तरदाताको शैक्षिक अवस्थालाई हेर्दा अत्यधिक (५२.८३%)मात्रामा साक्षर वा १० भन्दा मुनि रहेको पाइयो । त्यस्तैगरी निरक्षरमा २८.३० प्रतिशत, सबैभन्दा न्यून एस.एल.सी.पास रहेको पाइयो ।

उत्तरदाताको शैक्षिक अवस्थालाई हेर्दा केही साक्षर मात्र भएको संख्या अत्यधिक भएकोले छनौटमा परेका महिलाहरु उमेरगत रुपबाट बाहुल्यता भएता पनि शैक्षिक हिसावले कमजोर देखिएकाले घरेलु निर्णय प्रक्रियामा उनीहरुको निर्णय कमजोर हुन सक्छ । उत्तरदाताको सही निर्णयको लागि शिक्षाले ठूलो प्रभाव पार्ने हुँदा महिला शिक्षामा अझै जागरण ल्याउन आवश्यक ठानिन्छ ।

## ५.३ धर्म र जाति अनुसार उत्तरदाताको विवरण

अध्ययन क्षेत्रका अधिकांश उत्तरदाताहरूले हिन्दू धर्मलाई प्रमुख धर्मको रुपमा मान्ने गरेको पाइयो भने पाश्चात्य संस्कृतिको प्रभावका कारण केहिले भने धर्म परिवर्तन गरी इसाइ धर्म मान्ने गरेको पाइन्छ । नेपाल बहुजाति बहुसाँस्कृतिक, बहुधार्मिक मुलुक भएको कारणले विभिन्न जातजातिहरूको बसोबास रहेको छ जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ५.३: उत्तरदाताको धर्म र जाति अनुसार विवरण

| जात | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण/क्षेत्री | छ्ञ | ४७.१७ |
| मगर | घ्ण | २८.३० |
| नेवार | द्दण | १८.८७ |
| दलित | ट | ५.६६ |
| जम्मा | ज्ञ्ण ट | १०० |

स्रोत :स्थलगत अध्ययन २०७१ ।

माथिको तालिका अनुसार उत्तरदाताको रुपमा ब्राहमण/क्षेत्री ५० जना, मगर ३० जना, नेवार २० जना र दलित ६ जना रहेका छन् ।

## ५.४ उत्तरदाताको पेशागत अवस्था

छनोटमा परेका महिला उत्तरदाताहरूको घरेलु निर्णय प्रक्रिया सम्बन्धी गरिएको अध्ययनमा उत्तरदाताको शैक्षिक अवस्थाको स्तर तलको तालिका मार्फत् प्रस्तुत गरिएको छ। अध्ययन क्षेत्रको रुपमा रहेको जामुने गा.वि.स.एक ग्रामिण समुदायको बर्चश्व रहेको गा.वि.स.भएकाले यहाँका मानिसहरु बढी मात्रामा स्थानीय नै रहेका बसाइँसराई गरी कम आएकाले यस क्षेत्रका मानिसहरुमा शहरीकरणले त्यति प्रभाव पारेको देखिदैन । छनौटमा परेका उत्तरदाताको पेशागत अवस्थालाई हेर्दा उनिहरुको संलग्नता तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

तालिका ५.४: उत्तरदाताको पेशागत विवरण

| क्र.स | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि/गृहिणी | ५५ | ५१.८९ |
| २. | मजदुर | २० | १८.८७ |
| ३. | व्यापार | १५ | १४.१६ |
| ४. | जागिर | ११ | १०.३८ |
| ५ | अन्य | ५ | ४.७१ |
| जम्मा | | १०६ | १०० |

स्रोत :स्थलगत अध्ययन २०७१ ।

तालिका ५.३ अनुसार कूल १०६ जना उत्तरदाताहरु मध्ये प्रायः गृहिणी अर्थात् कृषिमा संलग्न रहेका बढी (५१.८९%) रहेको पाइयो । त्यस्तैगरी मजदुरी गरी आफ्नो दिनचर्या गर्ने उत्तरदाताहरु १८.८७ प्रतिशत, व्यापारमा १४.१६ प्रतिशत, जागिरमा १०.३८ प्रतिशत र अन्य ४.७१ प्रतिशत रहेको पाइन्छ ।

यसरी प्राप्त तथ्याङ्कको अवस्थालाई हेर्दा प्रायगरी धेरै उत्तरदाता गृहिणी एवम् पारम्पारिक कृषिमा आवद्ध भएकाले अर्थोपार्जनका हिसावले शुन्य रहेकोले महिलाहरु आर्थिक पक्षबाट सवल नभएको पाउन सकिन्छ । आयमुलक नभई केवल समय बिताउने मात्र रहेकोले आर्थिक पक्षले पनि निर्णय प्रक्रियालाई प्रभाव पार्न सक्दछ ।

## ५.५ पारिवारिक संरचना

अध्ययन क्षेत्रको रुपमा रहेको जामुने गा.वि.स.का छनोटमा परेका उत्तरदाताको पारिवारिक संरचनालाई हेर्दा एकल, संयुक्त दुवै रहेको पाउन सकिन्छ जुन निम्न तालिकाबाट स्पष्ट हुन्छ ।

तालिका ५.५: उत्तरदाताको पारिवारिक विवरण

| क.स | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | ४५ | ४२.४५ |
| २ | सयुक्त | ६१ | ५७.५५ |
| जम्मा | | १०६ | १०० |

स्रोत :स्थलगत अध्ययन २०७१ ।

तालिका ५.४ अनुसार कुल १०६ जना उत्तरदातामध्ये अधिकांस (५७.५५%) उत्तरदाता संयुक्त परिवारमा रहेको पाइयो । संयुक्त परिवारमा एकल परिवारमा जस्तो श्रीमान्/श्रीमती र छोराछोरी मात्र नभई अन्य ज्येष्ठ सदस्यहरु पनि रहन्छन् । स्वभाविक रुपमा एकल परिवारको तुलनामा संयुक्त परिवारमा महिलाको निर्णायक भूमिका कमजोर रहन्छ । संयुक्त परिवारको संरचनाले गर्दा अध्ययन क्षेत्रमा पारिवारिक निर्णयमा महिलाको भूमिका कमजोर हुन्छ ।

## ५.६ घरमुली तथा स्वामित्वको अवस्था

परिवारको घरमुली भन्नाले घरको सम्पूर्ण जिम्मेवारी वहन गर्ने व्यक्ति बुझिन्छ । कुशल नेतृत्वदायीले घरको अवस्था राम्रो हुने नेतृत्वप्रक्रिया कमजोर भएमा परिवारमा आपसी बेमेल, खटपट हुन सक्ने ठानिन्छ । अध्ययन क्षेत्रको रुपमा रहेको जामुने गा.वि.स.मा गरिएको अध्ययनमा घरमुली तथा घरको स्वामित्वको अवस्थालाई तलको तालिका बाट देखाउन सकिन्छ ।

तालिका ५.६: स्वामित्वको अवस्था

| क.स | घरमुली | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला घरमुली भएको | ३९ | ३६.८० |
| २. | महिला घरमुली नभएको | ६७ | ६३.२० |
| जम्मा | | १०६ | १०० |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

तालिका ५.६ अनुसार कूल १०६ जना उत्तरदाताहरु मध्ये महिला घरमुली र महिलाको स्वामित्व एवम् महिलाको निर्देशनमा सञ्चालित घरपरिवार अत्यधिक कम (३६.८०%) रहेको पाइन्छ ।

स्वभावैले हालको सामाजिक संरचना पितृसतात्मकतामा आधारित रहेकोले प्राचीन समय देखिनै अन्य क्षेत्रमा जस्तै घरेलु निर्णय प्रक्रियामा पनि पुरुषको बाहुल्यता अधिक रहन जान्छ । त्यस्तैगरी अध्ययन क्षेत्रमा पनि निर्णय प्रक्रियामा प्रभाव पार्ने विभिन्न तत्वहरु जस्तो शिक्षा, उमेर, लिङ्ग, पारिवारिक संरचना साथसाथै महिला र पूरुष विच हुने विभेदका कारणले पुरुषको तुलनामा महिलाको घरेलु निर्णय प्रक्रियामा सहभागीता कम हुन आउँछ ।

## ५.७ सामाजिक कार्यमा सहभागिता

विविध कारणले महिला र पुरुषबीच विभेदतापूर्ण व्यवहारबाट ग्रसित हाम्रो समाजमा विद्यमान अवस्थामा पनि हरेक सामाजिक क्रियाकलापमा घरपरिवारको प्रतिनिधित्वको रुपमा पुरुष नै जाने बढी प्रचलन छ । जुन प्रभाव अध्ययन क्षेत्र पनि अछुतो छैन । सामाजिक कार्यमा सहभागिता सम्बन्धी महिलाको उपस्थिति सम्बन्धमा तलको तालिकाबाट स्पष्ट प्रस्तुत गरिएको छ ।

तालिका ५.७: सामाजिक कार्यमा संलग्नता

| क.स | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सामाजिक कार्यमा संलग्न रहेका | ४६ | ४३.४० |
| २. | सामाजिक कार्यमा संलग्न नरहेका | ६० | ५६.६० |
| जम्मा | | १०६ | १०० |

स्रोत :स्थलगत अध्ययन २०७१ ।

तालिका ५.७ अनुसार कूल १०६ जना उत्तरदाताहरु मध्ये सामाजिक कार्यमा संलग्नता रहेका घरपरिवार सामाजिक कार्यमा संलग्न नरहेकाको तुलनामा कम (४३.४०%) रहेको पाइन्छ ।

पितृसतात्मक हालीमुहाली भएको विद्‌यमान समाजमा अर्थोपार्जन लगायत समाजमा प्रतिष्ठित हुने, नाम राख्ने जस्ता कार्यमा पनि पुरुषकै बर्चश्व रहेको पाइन्छ । जस्तो कि घरपरिवारमा महिलाको उल्लेखनीय भूमिकाबाट आफ्‌नो परिवार राम्रो अवस्थामा पुऱ्याएपनि त्यहाँ महिलाको नाम नजोडि पुरुषकै नाउँ जोडिन्छ । त्यस्तै गरी हरेक सामाजिक क्रियाकलाप जस्तैः तालिम, सचेतना, गोष्ठि, सेमिनार, जस्ता परिवारको प्रतिनिधित्व हुने कार्यमा प्राय पुरुष नै अग्रसर हुने प्रचलनले पनि यस्ता कार्यमा महिल उपेक्षित बन्न पुगेको पाइन्छ ।

## ५.८ धार्मिक कार्यमा सहभागिता

धार्मिक कार्य जस्तो बेला बेलामा विभिन्न मठ मन्दिरमा हुने पूजा-आजा, घरमा दैनिक रुपमा गरिने पूजापाठ लगायत अन्य धार्मिक कार्यमा महिला, पुरुष कति सक्रीय हुन्छन् भन्ने कुरालाई तलको तालिका ५.८ मार्फत् प्रस्तुत गरिएको छ ।

तालिका ५.८ः धार्मिक कार्यमा सहभागिता

| क्र.स | विवरण | सङख्या | प्रतिशत |
|---|---|---|---|
| १. | धार्मिक कार्यमा सहभागी | ७० | ६६.०३ |
| २. | धार्मिक कार्यमा सहभागी नभएका | ३६ | ३३.९७ |
| जम्मा | | १०६ | १०० |

स्रोत :स्थलगत अध्ययन २०७१ ।

तालिका ५.८ अनुसार कूल उत्तरदाता १०६ जना मध्ये ६६.०३ प्रतिशत महिला धार्मिक क्रियाकलापमा सहभागी रहेको पाइयो भने जम्मा ३३.९७ प्रतिशत महिलाको धार्मिक कार्यमा सहभागिता नरहेको पाइयो यसमा पुरुषभन्दा बढी महिला नै सक्रिय रुपमा लागि परेको देखिन्छ ।

धर्म यस्तो पक्ष हो जसले परिवार र समाजमा महिलाको स्थितिलाई निर्धारण गर्दछ । यद्यपि समाजमा विद्यमान रहेका धर्महरु भगवान तथा मोक्ष प्राप्त गर्ने सिद्धान्तको आधारमा फरक फरक छन् तर पनि ती सबै विद्यमान धर्महरुमा महिलालाई समाजको तल्लो र कमजोर स्थितिमा स्थापित गर्ने सामूहिक विशेषता रहेको पाइन्छ । यस बाहेक धार्मिक मान्यता तथा धार्मिक आस्थाले पनि समाजमा महिलालाई तल्लो स्थितिमा स्थापित गर्न भूमिका खेलेको हुन्छ । अध्ययन क्षेत्रका अधिकांस महिलाहरु धार्मिक आस्थाबाट प्रभावित छन् जसले गर्दा उनीहरुले आफूलाई पुरुषको सहायकको रुपमा लिएको देखिन्छ । जसको कारण अध्ययन क्षेत्रमा निर्णय प्रक्रियामा धर्मले पनि प्रभाव पारेको देखिन्छ । जहाँ पुरुषको मुख्य भूमिका रहन्छ ।

## ५.९ प्रजनन् निर्णयमा सहभागीता

सामान्यतया सन्तान उत्पादन कार्यमा महिला र पुरुष दुवैको अपरिहार्य आवश्यकता पर्दछ । तरपनि के कति सन्तान जन्माउने भन्ने विषयको निर्णयमा महिला र पुरुषको बराबर सहभागिता नहुन सक्दछ । त्यसलाई तालिका ५.८ मार्फत् प्रस्तुत गरिएको छ ।

तालिका ५.९: प्रजनन् सम्बन्धी निर्णयमा सहभागिता

| क्र.स | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | प्रजनन निर्णयमा सहभागी हुने | ४६ | ४३.४० |
| २. | प्रजनन निर्णयमा सहभागी नहुने | ६० | ५६.६० |
| जम्मा | | १०६ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७१ ।

तालिका ५.९ मा उल्लेख गरिए अनुसार सन्तान उत्पादन कार्यमा ५६.६० प्रतिशत प्रजनन निर्णयमा सहभागी नहुने रहेको छ भने ४३.४० प्रतिशत महिलाको निर्णय रहेको पाइयो । तर वर्तमान समयमा धेरै परिवर्तन आएको पाइएको छ । महिला सन्तान उत्पादनको कार्यमा सवै निर्णय नै पुरुषको रहेको हुन्थ्यो भने अहिले आएर महिलाको पनि निर्णय प्रक्रियामा सहभागीता रहेकोले पनि महिला सम्बन्धी सचेतना बढी प्रजनन् निर्णय प्रक्रियामा वृद्धि हुँदै गएको पाइयो ।

## ५.१० कृषि कार्यमा सहभागिता

नेपालका महिलाहरू सरदर १२ घण्टा दिनमा काम गर्दछन् । पुरुषको तुलनामा महिलाहरू वढी घरधन्दा लगायत बाहिरका कृषि कार्यमा पनि उत्तिकै सहभागी भएको पाइएको छ । तर महिलाको कामलाई आर्थिक रुपमा गणना नगरिने परिपाटी छ । कृषि क्षेत्रमा महिला पुरुषको के कति सहभागीता छ त्यसलाई तालिका ५.९ मार्फत् प्रस्तुत गरिएको छ ।

तालिका ५.१०: उत्तरदाताको कृषि कार्यमा सहभागिता

| क्र.स | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि कार्यमा सहभागी | ६५ | ६१.३२ |
| २. | कृषि कार्यमा सहभागी नभएका | ४१ | ३८.६८ |
| जम्मा | | १०६ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७१ ।

तालिका ५.१० अनुसार ६१.३२% महिलाहरूको कृषि क्षेत्रमा सहभागिता रहेको पाइयो भने ३८.६८ प्रतिशत महिला कृषि कार्यमा सहभागी नरहेको पाइयो । यसरी अधिकतम महिलाहरु कृषि कार्यमा संलग्न रहेको पाइन्छ जसबाट कृषिमा आवश्यक पर्ने श्रम शक्ति महिलाहरुबाट पूर्ति भएको छ तर महिलाको श्रमको मुल्य कम दिने परिपाटी देखिन्छ । महिलाको पहुँच कृषिमा पुरुषको भन्दा बढी देखिए पनि स्वयं कृषिबाट प्राप्त आम्दानीको निर्णय गर्ने अधिकार अध्ययन क्षेत्रका महिलालाई न्यून भएको देखिन्छ ।

## ५.११ चल, अचल सम्पत्तिमा पहुँच

प्रायजसो आर्थिक कारोवारमा पुरुषकै निर्णायक भूमिका रहेपनि कतिपय चल, अचल सम्पत्ति महिलाको नाममा पनि रहेको हुन्छ । समयको परिवर्तन सँगै बैक ब्यालेन्स राख्ने, महिलाको नाममा जग्गा जमिन राख्दा राजश्वमा छुट हुने भएकालेपनि कतिपयले यस्तो गर्दछन् । चल, अचल सम्पत्तिमा महिलाको केकति सहभागीता रहेको छ त्यसलाई तलिका ५.१० मार्फत् प्रस्तुत गरिएको छ ।

तालिका ५.११: उत्तरदाताको चल अचल सम्पत्ति विवरण

| क.स | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | चल, अचल सम्पत्ति हुने महिला | ४६ | ४३.४० |
| २. | चल, अचल सम्पत्ति नहुने महिला | ६० | ५६.६० |
| जम्मा | | १०६ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७१ ।

तालिकामा ५.११ अनुसार ४३.४० प्रतिशत महिलाको नाममा चल, अचल सम्पत्ति रहेको र ५६.६० प्रतिशत महिलाको नाममा चल, अचल सम्पत्ति नरहेको पाइयो । आर्थिक आत्मनिर्भरताको अधिकार एउटा यस्तो महत्वपूर्ण अधिकार हो, जसले व्यक्तिको व्यक्तिगत निर्णय गर्ने तथा सो अनुरुपको कार्य गर्ने क्षमतालाई प्रभाव पार्दछ । अध्ययन क्षेत्रमा रहेको जामुने गा.वि.स. वडा नं. १ गुणादीमा उत्तरदाताको चल, अचल सम्पत्ति सम्बन्धी अध्ययनमा पुरुषको तुलनामा महिलाको स्वामित्व अत्यन्त कम रहेको देखिन्छ । आर्थिक अधिकारले व्यक्तिका अन्य अधिकार शिक्षा, स्वास्थ्य, रोजगार समेत प्रभाव पर्ने हुँदा घरेलु निर्णय प्रक्रियामा महिलाको कम पहुँच रहेको तथ्य प्राप्त तथ्याङ्बाट पुष्टि हुन आउँछ ।

## ५.१२ महिलाको राजनैतिक अवस्था

समग्र नेपाललाई हेर्दा राजनितिक क्षेत्रमा महिलाको तुलनामा पुरुषको नै बाहुल्यता रहेको देखिएको छ । घरायसी जन्जालबाट मुक्त हुन नसक्दा महिलालाई राजनैतिक क्षेत्रमा सहभागी हुन ज्यादै अप्ठ्यारो परेको देखिन्छ । समाजमा हरेक क्षेत्रमा महिला र पुरुषको समान सहभागीता हुनुपर्दछ भन्दै संविधानले नै समानताको हक प्रदान गरी महिलालाई नागरिक हकका रुपमा राजनितिक अधिकार प्रदान गरेको भएपनि अशिक्षा, अज्ञानता गलत सामाजिक संस्कारका कारण पुरुष सरह महिलाहरूले राजनैतिक अधिकार प्राप्त गर्न नसकिरहेको अवस्था छ । महिलाहरूको सहभागीता वृद्धिको लागी संविधानले नै सुविधाहरू प्रदान गरी थप आरक्षणको व्यवस्था गर्दा पनि समाजिक मूल्य र मान्यताका कारण राजनितिमा सहभागीता कम रहेको छ ।

तालिका ५.१२: राजनैतिक क्षेत्रमा पहुँच

| क्र.स | विवरण | सङख्या | प्रतिशत |
|---|---|---|---|
| १. | राजनीतिमा पहुँच हुने महिला | १६ | १५.१० |
| २. | राजनीतिमा पहुँच नहुने महिला | ९० | ८४.९० |
| जम्मा | | १०६ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७१ ।

तालिका अनुसार १५.१० प्रतिशत महिलाको राजनितिमा पहुँच रहेको छ भने ८४.९० प्रतिशत महिलाको राजनीतिमा पहुँच नरहेको पाइयो । अध्ययन क्षेत्रमा महिलाको राजनीतिक सहभागीतालाई दृष्टिगत गर्दा पुरुषको तुलनामा महिलाको सहभागिता ज्यादै न्यून देखिन्छ । समाजमा स्थापित संघ संस्था संगठनमा महिलाहरु सशक्त रुपमा लाग्न नसकेको परिस्थिति अध्ययन क्षेत्रमा पाइन्छ । समाजको तल्लो तहदेखि राज्यको उपल्लो तहसम्म महिला सहभागिता कमि हुनाले निर्णय गर्ने क्षेत्रमा महिलाको पहुँच कमि देखिन्छ । राजनीति पक्षले राजनीति, सामुदायिक सहभागिता, मताधिकार र विकासका कार्य संलग्नता साथै घरायसी एवम् सार्वजनिक तहका स्रोत साधनमा निर्णय गर्ने अधिकारलाई प्रभाव पार्दछ ।

## ५.१३ लैङ्गिक समानता र मानव अधिकारको विषयमा ज्ञान

अध्ययन क्षेत्रमा महिलाहरूलाई लैङ्गिक समानता र मानव अधिकारको विषयमा जानकारी रहेको छ कि छैन भन्ने जिज्ञासामा निम्न अनुसारको जानकारी प्राप्त भएको छ ।

तालिका ५.१३: लैङ्गिक समानता र मानव अधिकार विषयमा जानकारी

| क्र.स | लैङ्गिक समानता | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छ | ५० | ४७.१७ |
| २. | छैन | ३० | २८.३० |
| ३ | आंशिक ज्ञान भएको | २६ | २४.५३ |
| जम्मा | | १०६ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७१ ।

तालिका ५.१३ अनुसार कुल १०६ उत्तरदाताहरु मध्ये महिला मानव अधिकार आफुहरूले के के अधिकार पाउनुपर्छ र आफ्ना अधिकार के के हुन भन्ने विषयमा ४७.१७ प्रतिशत महिलाहरूलाई जानकारी रहेको पाइयो । छैन भन्नेमा २८.३० प्रतिशत महिलाहरू, सामान्य जानकारी पाएको भन्नेमा २४.५३ प्रतिशत महिलाहरु रहेको पाइयो ।

लिङ्गका आधारमा भेदभाव नगरी समान व्यवहार गरिनुपर्ने कुरा लैङ्गिक समानता हो र मानिसले मानिसको रूपमा सम्मानित जीवन बाँच्न पाउने अधिकार मानव अधिकार हो ।

## ५.१४ घरायसी दैनिक कामकाजमा महिला र पुरुषको सहभागीता

यस अनुसन्धानमा अध्ययन क्षेत्रलाई नजिकबाट अवलोकन गर्दा वा अन्तरवार्ता मार्फत धेरै विषयको जानकारी प्राप्त गरिएको छ । सामान्य घरायसी काम जस्तै खाना पकाउने, भाडा माझ्ने, घर सफा गर्ने, पानी भर्ने, दाउरा खोज्ने काम महिलाले गर्नुपर्ने भन्ने परम्परागत मान्यता भएपनि मगर, नेवार समुदायमा यस्ता खाले काम महिला र पुरुष दुवैले मिलेर सम्पन्न गरेको पाइयो । ब्राह्मण, क्षेत्री समुदायमा विशेषगरी महिलाले नै यी सवै काममा मुख्य भूमिका खेलेको पाइयो । बच्चाको स्याहार सुसार, खानपिनमा भने सवै समुदायमा पुरुषको तुलनामा महिलाको नै वढी सहभागीता रहेको पाइयो । बस्तुभाउलाई घाँस, पानी दिने, भकारो सफा गर्ने काम प्रायः सवै समुदायमा महिला र पुरुष दुवै मिलेर गरेको पाइयो । कामको वाँडफाँड गरेर, आपसी सल्लाहबाट नै गर्ने गरेको पाइयो ।

त्यसैगरी गृहिणी भन्दा जागिरे, व्यापार, व्यवसायमा संलग्न रहेका महिलाहरू बढी सक्रिय हुने भएकाले निर्णय प्रक्रियामा उनीहरूको सहभागीता बढी देखिन्छ । प्रायजसो महिलाले आफ्नो पेशा बाहेक फूर्सदको समय घरायसी कामधन्दामा र बालबच्चाको हेरचाहमा विताएको पाइयो । रोजगारीमा संलग्न महिलाहरूलाई घरबाटपनि सकारात्मक सहयोग रहेको पाइयो । छोराछोरीलाई दैनिक रुपमा विद्यालय लैजाने तथा ल्याउने काम महिला र पुरुष दुवै मिलेर गरेको पाइयो । छोराछोरीको शिक्षादिक्षाको विषयमा महिला पुरुष दुवैको रोजगारी अथवा दुवै आर्थिक रुपमा सक्षम भएको अवस्थामा दुवैको सरसल्लाहमा कहाँ, कसरी पढाउने भन्ने कुराको निर्णय गरेको पाइयो । पुरुषले नै सम्पूर्ण घरायसी व्यवहार गर्नुपर्ने अवस्था छ भने सामान्य सल्लाह महिलासँग लिएपनि अन्तिम निर्णय स्वयं पुरुषले नै गरेको पाइयो । त्यसैगरी छोराछोरीको विवाह लगायत अन्य शुभकार्यमा महिला र पुरुषको

उतिकै सहभागीता र आपसी सहयोगमा सवै कामको निर्णय गरिएतापनि आर्थिक कुराको विषयमा पुरुष नै अग्रसर रहेको पाइयो ।

त्यसैगरी अध्ययन क्षेत्रका महिला पुरुषले छोरा र छोरीलाई हेर्ने दृष्टिकोणमा खासै फरक देखिएन । आजको २१ औं शताव्दीमा छोरा सरह छोरीलाई पनि हरेक कुरामा अवसर दिएमा उनीपनि सक्षम भएर जीवननिर्वाह गर्न सक्छिन भन्ने कुरा लगभग सवैले बुझेको पाइयो । छोराछोरीलाई उनीहरूले चाहेको शिक्षा दिक्षा दिएको पाइयो । विशेषगरी ब्राहमण समुदायमा छोरीहरूले उच्च शिक्षा लिएका छन् भने मगर, नेवार लगायत अन्य दलित समुदायमा भने अलि कम रहेको पाइएको छ ।

अध्ययन क्षेत्रका महिलाहरूलाई बेला बेलामा हुने मेला उत्सवहरूमा जानको लागी घरपरिवारबाट रोकावट रहेको छैन । तर सार्वजनिक कार्यमा महिलाको भन्दा बढी पुरुषको नै सहभागीता रहेको छ । प्रायजसो महिलाहरू सहकारी, आमा समूह, वचत समूहमा आवद्ध भएका हुनाले उनीहरूले पनि विभिन्न विषयमा छलफल गरेर निर्णय गर्ने गरेको पाइयो ।

अध्ययन क्षेत्रका महिलाहरूसँग घरको आर्थिक अवस्थाको विषयमा जिज्ञासा राख्दा १० प्रतिशतले अत्यन्त राम्रो, ५० प्रतिशतले ठिकै, ३० प्रतिशतले राम्रो र १० प्रतिशतले कमजोर रहेको वताएका छन् । त्यसैगरी परिवारमा पेशा व्यवसायको छनोट गर्दा महिला पुरुष दुवैको संयुक्त छलफलबाट नै गरेको पाइयो र महिलाले आफुले कमाएको पैसापनि छोराछोरीको शिक्षादिक्षा लगायत घरखर्चमा लगाएको पाइयो । समय अनुसार खेतीवाली लगाउने काम महिला र पुरुष दुवैको सक्रिय सहभागीता हुने गरेको पाइयो । केही महिलाहरूको पेवाको रुपमा नगद जिन्सी पनि रहेको छ भने परिवारमा घरजग्गा महिला र पुरुष दुवैको नाममा रहेको छ । विशेष गरी पुरुषको नाममा रहेको छ र किनबेच गर्दा महिला पुरुषविच आपसी सरसल्लाह भएपनि अन्तिम निर्णय पुरुषको नै हुने गरेको पाइयो । घरमा आवश्यक खाद्यान्न लगायत अन्य सामानहरू महिला र पुरुष दुवैले ल्याउने गरेको पाइयो । घरका गाइवस्तु किनबेच र पैसाको लेनदेन प्रायजसो पुरुषले नै गरेको पाइयो । अध्ययन क्षेत्रका महिलाहरूको कामप्रति उत्प्रेरित गराउन, मनोवल उच्च राख्न, घरपरिवारबाट ५० प्रतिशत महिलाहरूलाई सामान्य खालको सहयोग गरेको पाइयो भने १५ प्रतिशत महिलाहरूलाई अत्यन्तै राम्रो सहयोग रहेको पाइयो त्यसैगरी २५ प्रतिशत

महिलाहरूलाई घर परिवारबाट खासै सहयोग नभएको पाइयो र १६ प्रतिशत महिलाहरूलाई घर परिवारबाट ठिकै सहयोग प्राप्त भएको पाइयो ।

पुरुषको तुलनामा महिलाले धेरै काम गरेपनि उनीहरूको कामको उचित मुल्याङ्कन हुन नसक्नुको कारण के होला भन्ने प्रश्न राख्दा पुरुषको तुलनामा महिला आर्थिक रुपमा गणना नहुने, धेरै श्रम लाग्ने कृषि, घरेलु कामधन्दामा मात्रै सिमित भएको कारणले पनि उनीहरूको उचित मुल्याङ्कन हुन नसकेको कुरा बत्ताउछन् । त्यसैगरी पुरुषप्रधान समाजमा आर्थिक मामिला सम्वन्धी निर्णयमा पुरुष नै सर्वेसर्वा हुने भएको कारणले गर्दापनि महिलाहरूको कामको उचित मुल्याङ्कन हुन नसकेको हो । कतिपय महिलाहरूले आफ्नो हक अधिकार लिनपनि हिचकिचाउने र आफू सधै खुम्चिएर पुरुषलाई नै अगाडि बढाइ आफु सहयोगी मात्र बनेर बस्ने गरेको कारणपनि जति श्रम गरेपनि महिलाहरूको उचित मुल्याङ्कन हुन सकिरहेको छैन भन्ने विचार उत्तरदाताहरूले प्रस्तुत गरेका छन् ।

वैयक्तिक अध्ययन १

*मेरो नाम दुर्गा खनाल हो । मेरो उमेर ४५ वर्ष भयो । मेरा ४ छोरी, श्रीमान्, श्रीमती र आमा गरी ७ जनाको परिवार छ । श्रीमान् प्राविधिक कार्यालयमा जागिरे हुनुहुन्छ । म वाराही महिला बहुउद्‌देश्शिय सहकारी संस्था गुणादीमा कार्यरत छु । दुई जना छोरीको विवाह भइसकेको छ । एक जना छोरी स्टाफ नर्स गण्डकी हस्पिटलमा कार्यरत छिन् भने एउटी छोरी वि.एस.सि. नर्सिङ काठमाडौंमा पढ्‌दै छिन् । घरमा सासु, श्रीमान् र म बस्छौं । आफू यो संस्थामा आवद्‌ध नहुदासम्म सामान्य घर व्यवहारमा पनि सबै कुरा श्रीमान्‌लाई नै सोधेर गर्नुपर्‍थ्यो अहिले घरका हरेक व्यवहारमा सक्रिय रूपमा अगाडि बढेर आफूले नै निर्णय गर्ने गरेकी छु । घरमा आवश्यक पर्ने सामान ल्याउने, अन्नपात, बाखापाठा पनि आफूले नै निर्णय गरी बेचविखन गर्ने गर्छु । पैसाको राखनधारण गर्ने र व्यवहार गर्दा श्रीमान्‌ले त्यस्तो कुनै अवरोध खडा गर्नुहुन्न । अहिले सङ्घ संस्था, आमा समूह, व्यापार व्यवसायमा महिलाको सक्रियता बढेको छ । त्यसले गर्दा आफ्नो निर्णय गर्न महिला सक्षम छन् ।*

## वैयक्तिक अध्ययन २

*मेरो नाम विष्णुमाय श्रेष्ठ हो । मेरो उमेर ४२ वर्ष भयो । मेरा ४ छोरी र १ छोरा सहित ७ जनाको परिवार रहेको छ । मेरो श्रीमान् होटल व्यवसाय र कृषि कार्यमा संलग्न हुनुहुन्छ । म पनि त्यही काममा संलग्न छु । दुई छोरीको विवाह भैसक्यो । २ जना छोरीहरू पढ्दैछन् । छोरा वैदेशिक रोजगारीमा संलग्न छ । जग्गा जमिन मेरो नाममा पनि रहेको छ । होटलमा आम्दानी भएको पैसा लगानी गर्ने, खर्च गर्ने, छोराछोरीको शिक्षादीक्षामा खर्च गर्ने लगायत घर व्यवहार गर्ने कुरामा मैले नै निर्णय लिने गरेकी छु । पहिला मेरो निर्णय चल्दैनथ्यो । सबै व्यवहार श्रीमान्ले नै गर्नुहुन्थ्यो अहिले त सबै कुरामा निर्णय गर्न सक्षम भएकी छु । मैले गरेको व्यवहारमा श्रीमान्को पनि सकारात्मक सहयोग रहेको छ । छोराले विदेशबाट पैसा पठाउँदा पनि मेरो नाममा पठाउँछ र सबै व्यवहार मैले नै गर्ने गरेकी छु । घरेलु निर्णय लिने विषयमा म सन्तुष्ट छु ।*

## वैयक्तिक अध्ययन ३

*मेरो नाम मित्रकला विक हो । मेरो उमेर ३५ वर्ष भयो । मेरो १ छोरा र १ छोरी सहित ४ जनाको परिवार रहेको छ । श्रीमान् वैदेशिक रोजगारमा संलग्न हुनुहुन्छ । मैले सामान्य खेतीपाती गरेर आफ्नो गुजारा चलाउँदै छु । छोराछोरी पढ्दै छन् । श्रीमान् विदेशमा भएको कारणले सम्पूर्ण व्यवहार म आफैं गर्नुपर्छ । छोराछोरीलाई कहाँ कसरी पढाउने, घर व्यवहार कसरी गर्ने, घरका सामान वेचविखन लगायतका काममा आफैं निर्णय गर्नुपर्छ । विदेशबाट श्रीमान्ले बेला बेलामा पैसा पठाउनुहुन्छ त्यो पैसालाई कहाँ कसरी लगानी गर्ने भन्ने कुरामा स्वयम् निर्णय लिन्छु । पहिला घरमा श्रीमान् हुँदा सबै व्यवहार उहाँले नै गर्नुहुन्थ्यो अहिले आफ्नो थाप्लामा सबै व्यवहार परेपछि सक्रिय रूपमा अगाडि बढ्न सक्षम भएकी छु । परिआएमा जस्तो काम पनि गर्न सकिदो रहेछ भन्ने कुरामा आत्मबल बढेको छ ।*

# *अध्याय छ*

# सारांश, निष्कर्ष तथा सुझाव

## ६.१ सारांश

समाज परिवर्तनशील छ । आधुनिकीकरण एवं विश्वव्यापीकरणले गर्दा विश्व नै एउटा गाउँ जस्तो भइसकेको अवस्था छ । औद्योगिकरण, आधुनिकीकरण, शहरीकरण, विभिन्न प्रविधिको विकास, साँस्कृतिक आदान प्रदान परिवर्तनका कारक हुन् नारीबादी सिद्धान्त, विकासका सिद्धान्तहरू परिवर्तनका संम्बाहक हुन । हाम्रो समाज हिजो जुन अवस्थामा थियो ,आज त्यस्तो छैन । परिवर्तन प्राकृतिक एवं सास्वत नियम हो ।

पुरातन पारिवारीक संरचनामा महिलाहरूले दुःख, यातना, पिडा सहेर मनका इच्छा तथा चाहनालाई कुन्ठित पारी उठेका आवाजहरूलाई दवाएर अन्यायलाई सहदै हरेक कुरामा सम्झौता गर्नुपर्ने अवस्था थियो । महिला स्वतन्त्रताको आवाज पहिलेदेखि उठिरहेको हो तर जबसम्म परिवारको मानसिकतामा परिवर्तन आउँदैन तबसम्म महिला स्वतन्त्रताको कुरा कागजमा मात्र सिमित हुन्छ । हाम्रो समाजले महिलालाई सुरुदेखि नै पराइ घर जाने बर्ग भनि सामाजिकीकरण गराइरहेको हुन्छ । अरुका लागी रमाउनुपर्ने, सहयोगी बन्नुपर्ने, आत्मसन्तुष्टि नमिलेपनि देखावटी रुपमा महिलाले विविध भूमिका निर्वाह गर्नुपर्ने अवस्था रहन्छ ।

नेपाली समाजमा महिलाले परम्परादेखि नै उचित हैसियत प्राप्त गर्न आफ्नो निश्चित भूमिका र कर्तव्यहरू निर्वाह गर्दै आएको पाइन्छ । एकातिर हिन्दु धर्मग्रन्थ, बैदिक पुराण, रामायण, महाभारतमा आदिम महिलाको भूमिका र हैसियत उच्च रहेका कुरा उल्लेख छ । आजभोली व्यवहारमा तिनै महिलाहरू दासी एवम् सेविकाको रुपमा पुरुषहरूको सेवा गर्दै जीवन गुजार्न बाध्य छन् । उत्पादन तथा श्रमशक्ति, प्रजननशक्ति, महिलाको यौनिकता, महिलाहरूको गतिशिलता, सम्पत्ति आदि क्षेत्रमा पहुँचको अभाव र नियन्त्रण छ । नियन्त्रण कारी संस्थाहरूमा परिवार, धर्म, कानुनी व्यवस्था, आर्थिक संस्थाहरू, राजनितिक व्यवस्था

तथा संस्थाहरू जनसञ्चार माध्यम, शिक्षण संस्थाहरू, ज्ञान व्यवस्था आदि पितृसत्ताका प्रतिनिधिका रुपमा रहेको मानिन्छ ।

अधिकांश महिलाहरूले अनौपचारिक श्रम क्षेत्र र कृषि क्षेत्रमा श्रम खर्चिनु परेको छ । महिलाको परिश्रमको उचित लेखाजोखा छैन । अझैपनि हाम्रो समाजमा पारिवारिक काम र सामाजिक दायित्वलाई कामको रुपमा परिभाषित गर्न सकिएको छैन ।

महिलाहरूलाई हरेक क्षेत्रमा अधिकार सम्पन्न गराउनु पर्दछ भन्ने सन्दर्भमा नागरीक समाज र राज्यबाट पटक पटक आवाजहरू बुलन्द गरिएका छन् । उनीहरूको हरेक क्षेत्रमा पहुँच विस्तार गरी महिला अधिकार सुनिश्चित गराउन विभिन्न नियम कानुन तर्जुमा गरिएतापनि तिनको कार्यान्वयन उचित ढङ्गले हुन सकिरहेको छैन । यस्ता विषयलाई सहज रुपले समाजबाट स्वीकार गरिएको हुनुपर्दछ । यसै सन्दर्भमा विश्वव्यापी मानव अधिकार घोषणापत्र १९४८ को धारा १ मा सवै मानव जाति जन्मदै स्वतन्त्र, सम्बृद्ध र अधिकार सम्पन्न हुन्छन् भनिएको छ । त्यसै सन्दर्भमा **Jannet hunt** ले महिला विकासको आवश्यकतालाई मानव अधिकारको परिधिभित्र राखेर हेरिनुपर्दछ भनेकी छन् ।

नेपालले सन् १९७५ लाई अन्तराष्ट्रिय नारी वर्षको रुपमा मनाउने र १९७५ -८५ को दशक लाई महिला दशकको रुपमा मनाउने संयुक्त राष्ट्रसंघको आवह्नानलाई स्वीकार गरी तदअनुरुप कार्यक्रम सञ्चालन गरिएको थियो । अन्तर्राष्ट्रिय सम्मेलनको सन्दर्भमा सन् १९७५ मा मेक्सिकोमा प्रथम महिला सम्मेलन भयो । दोस्रो विश्व महिला सम्मेलन महिला समानता, सहभागिता, अधिकार, अवसर र उत्तरदायित्व जस्ता पक्षलाई अगाडि सार्दै सन् १९८० मा डेनमार्कको राजधानी शहर कोपनहेगन मा सम्पन्न भयो । महिलाहरूको आर्थिक समाजिक तथा शैक्षिक विकास गरी उनीहरूको जीवन स्तरमा सुधार गर्दै लैजाने उद्धेश्यले सन् १९८५ मा केन्याको राजधानी नैरोवीमा तेस्रो विश्व महिला सम्मेलनको आयोजना गरियो । त्यस्तै सन् १९९५ को **(Beijing declertion 4$^{Th}$ international conference)** लाई मान्यता प्रदान गरी सोको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना लागु गरेको छ । उक्त सम्मेलन महिला पुरुषविचको भेदभाव अन्त्य गर्न र उनीहरू विच नयाँ साझेदारी विकास गर्ने उद्धेश्यले आयोजना गरिएको थियो । विशेषगरी संयुक्तराष्ट्रसंघको स्थापना भएपछि महिला विकासका प्रयासहरू अगाडि बढाइएका हुन । सन् १९८० को दशकयता हरेक क्षेत्रमा महिला

सहभागिता हुनुपर्छ भन्ने कुरा टड्कारो रुपमा उठिरहेको छ । धेरै काम पनि भएका छन् । महिला र पुरुष एक रथका दुई पाङग्रा हुन त्यसलाई सहज तरिकाले सञ्चालन गर्न महिलाकोपनि उतिकै महत्वपूर्ण भूमिका र आवश्यकता पर्दछ ।

राजा सुरेन्द्र विक्रम शाहको पालाको मुलुकी ऐन वि.सं. १९१० कानुनी रुपमा पहिलो व्यवस्थित दस्तावेज हो । यसमा महिला समानताको कुनै विषयमा बोलिएको छैन । यसवारेको अवधारणाको विकास पनि भएको थिएन । वि.स १९७७ मा श्री ३ चन्द्रशमशेरले सती प्रथा र दासप्रथाको उन्मुलन गरेका थिए । यो एउटा महत्वपूर्ण कदम मानिन्छ । नेपालको पहिलो लिखित संविधान पद्मशमशेरको पालामा नेपाल सरकार वैधानिक कानुन २००४ थियो । त्यस्तै नेपाल अन्तरिम शासन विधान २००७ ले समानताको विषयलाई खासै उठाएको थिएन । नेपाल अधिराज्यको संविधान २०१५ पछिमात्र महिला हरूका लागी मौलिक हकका रुपमा समानताको विषय उठाइयो । इतिहासमा नेपाल अधिराज्यको संविधान २०४७ मा अधिकार, समानता, स्वतन्त्रता तथा नागरिक हकका विषयमा धेरै व्यवस्था गरिएको थियो । त्यसै गरी नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ धारा १३ मा सवै नागरिक कानुनको दृष्टिमा समान रहने साथै समान कामका लागी महिला र पुरुषविच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने कुरा उल्लेख गरेको पाइन्छ । त्यस्तै धारा २० मा कुनैपनि महिला विरुद्व शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र यस्ता कार्य कानुनद्वारा दण्डनीय रहने व्यहोरा उल्लेखित छ । साथै पैतृक सम्पत्तिमा पनि छोरा र छोरीलाई समान हक हुने र महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने व्यवस्था छ । मुलुकी ऐनको ११ औं संसोधनलाई महिलामाथि हुने भेदभाव र शोषणको उन्मुलनका सवालमा महत्वपूर्ण कदम मान्न सकिन्छ । यस संसोधनले अंशवण्डाको महलमा छोरीहरूले समेत दाजुभाई सरह जन्मनासाथ अंश पाउने व्यवस्था गरेको छ । यसभन्दा पहिला अविवाहित रहेकी छोरीलाई अंश पाउन ३५ बर्ष पुग्नुपर्थ्यो ।

पहिलो पञ्चबर्षीय योजना (२०१३-२०१८) र द्रोस्रो त्रिबर्षीय योजना (२०१९-२०२२) ले महिला विरुद्व हुनेशोषणका बारेमा केही व्यवस्था गरे पनि तेस्रो पञ्चबर्षीय योजना (२०२२-२०२७) ले सामाजिक असमानता उन्मुलन गर्ने उदेश्य लिएको हुनाले यसले महिला विरुद्व हुने शोषणमा सुधार ल्याउने निति लिएको देखिन्छ । चौथो पञ्चबर्षीय योजना (२०२७-२०३१) मा शोषणरहित समाजको सिर्जना गर्ने उद्वेश्य रहेको पाइन्छ । पाचौं

पञ्चबर्षीय योजना (२०३२-२०३७) मा साक्षरता । छैठो पञ्चबर्षीय योजना (२०३८-२०४२) र सातौ पञ्चबर्षीय योजना  (२०४२-२०४७) मा सामाजिक कार्यक्रम । आठौ पञ्चबर्षीय योजना (२०४९-२०५३) मा महिला सहभागिता र नवौं पञ्चबर्षीय योजना (२०५४-५९) मा महिला र पुरुषविचका भेदभावहरू हटाउने निति र लक्ष्य लिएको देखिन्छ । यस अबधिमा महिलाहरूलाई भेदभाव गर्ने सम्बन्धी सम्पूर्ण ऐन कानुनहरूको पुनराबलोकन गरी मुलुकी ऐनमा ११ औं संशोधन गरियो । महिला विरुद्व हुने घरेलु हिंसा, चेलिवेटी बेचबिखन र देहव्यापार सम्बन्धी विधयेकहरू पनि तयार गरिएका छन् । दशौ योजना (२०५९-२०६४) मा महिला विरुद्व हुने सवै प्रकारका भेदभावहरूलाई हटाउने कुरामा जोड दिइएको छ । महिला सशक्तिकरण र लैङ्गिक समानताका सवालहरूपनि यसमा समाबेश छन् । त्यसैगरी एघारौँ अन्तरिम योजना वि.स २०६४-२०६७ ले महिलाको मूलभूत तथा समान अधिकार सुनिश्चित गर्दै समुन्नत, न्यायपूर्ण र लैङ्गिक रुपले समावेशी तथा समतामुलक नयाँ नेपाल निर्माण गर्ने सोंच राखेको छ । लैङ्गिक समानता तथा मूल प्रवाहीकरण सम्बन्धी उद्देश्य मानव बेचबिखन लगायत महिला विरुद्व हुने सवै प्रकारका हिंसा र विभेदको अन्त्य गर्ने । द्वन्द्व प्रभावित तथा विस्थापित महिलाको सामाजिक पुन स्थापना गर्ने, द्वन्द समाधान र शान्ति प्रक्रियामा महिलाको क्रियाशिल सहभागिता सुनिश्चित गर्ने, राष्ट्रिय विकास एवम् सामाजिक, राजनितिक र आर्थिक जीवनका सवै पक्षमा सवै जातजाति र क्षेत्रमा महिलाको समान अधिकार सुनिश्चित गर्दै लैङगिक रुपले समाबेशी र समतामूलक समाज निर्माणमा जोड दिएको छ ।

त्यसैगरी **Gender Perspective** ले सामाजिक, साँस्कृतिक तथा मनोवैज्ञनिक सन्दर्भमा महिलाहरूलाई सबल बनाउनुपर्छ ,पुरुष सरह बनाउनुपर्छ, महिलाहरूको आर्थिक स्थिति तथा निर्णय गर्ने अधिकार पुरुषको समानान्तर पुऱ्याउनुपर्दछ  भन्ने कुरालाई जोड दिन्छ । यसरी महिलाको स्थान, अवस्था र अनुभव पुरुषभन्दा फरक रहेकोले पुरुष सरह महिलाका अधिकारहरू सुनिश्चित गराउन ,साथै महिलामाथि हुने विभिन्न हिंसाबाट मुक्ति दिलाउन र निर्णय प्रक्रियामा महिलालाई अग्रसर बनाउन विभिन्न महिलावादी आन्दोलनहरू अगाडि बढेका छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट महिलाका हक अधिकारका विषयमा जति आबाज बुलन्द गरेपनि हरेक क्षेत्रमा पुरुषको तुलनामा महिलाको सहभागिता न्युन रहेको कुरा स्पष्ट देख्न

सकिन्छ । महिलाका विषयमा थुप्रै संघ,सस्था ले अध्ययन अनुसन्धान गरेका छन् । तरपनि सामाजिक, राजनैतिक, आर्थिक, निर्णय प्रक्रिया आदि क्षेत्रमा महिलाको अवस्थामा जति सुधार आउनुपर्ने हो त्यति सुधार आउन सकेको छैन । त्यसैले महिलाको विषयमा अझै धेरै अनुसन्धान गर्न आवश्यक भएको र महिलाहरूले गर्ने हरेक काममा पारिवारिक सहयोग, सद्भाव, हौसला, र प्रोत्साहन दिनुपर्ने आवश्यकता महसुस गरी यो अध्ययनलाइ अगाडि बढाइएको हो । महिलाहरूको जागिर, घुमफिर र अन्य कार्यमा तिनको गतिशिलतामाथि पुरुषको आदेश, निगरानी र नियन्त्रणले कार्य गर्दछ । यस्ता व्यवहारले महिलाको स्वतन्त्रता, बृत्तिविकास र मानवियता विपरित कार्य गर्दछ । त्यसैले पुरुषहरूबाट हुने यस्ता नियन्त्रणहरूलाई चिरफार गरी महिला हरू आफै स्वावलम्वी र आत्मनिर्भर बन्नको लागी र पारिवारिक विकास तथा उन्नतिको लागी घरेलु निर्णय प्रक्रियामा उनीहरूको सहभागिता कस्तो रहेको छ भन्ने बुझ्नको  लागी यो अध्ययनलाई अगाडि बढाइएको छ । हरेक परिवार समाज, समुदाय, एवम् राष्ट्रको चौतर्फी विकास गर्न महिला र पुरुष समान ढङ्गबाट लाग्नुपर्ने यथार्थता हाम्रो सामु छर्लङ्ग छ । त्यसकारण पारिवारिक स्तरमा जुन  भेदभावपूर्ण वातावरण छ त्यसलाई हटाई महिला र पुरुषमा समान स्वास्थ्य, शिक्षा, अवसर हरेक क्षेत्रमा समान सहभागिता, निर्णय प्रक्रियामा सक्रिय रुपमा अगाडि बढ्नुपर्ने मान्यता यस अध्ययनले राखेको छ ।

यसरी कुनैपनि समाज, समुदाय तथा राष्ट्रको विकासको लागी पारिवारिक स्तरबाट नै महिलालाई हरेक कुराको निर्णयमा सहभागी गराउनुपर्दछ । तवमात्र महिलाहरू घर बाहिरका विभिन्न निर्णय गर्न सक्षम हुन्छन् । घरेलु निर्णय प्रक्रियामा महिलाको सहभागिता बढाउन सकियो भनेमात्र निर्धक्क भएर महिलाहरूले पनि घर बहिरका यावत् विषयमा निर्णय गर्न सक्छन् । यदि महिलालाई घरभित्रको निर्णयमा सहभागि गराइएन भने घरबाहिरका हरेक क्षेत्रमा निर्णय गर्ने अवसर बाट बन्चित हुन्छन् । महिलाको अवस्था साह्रै नाजुक भयो भनेर अवस्था सुधार गर्ने गरिएका अनेकौ प्रयासहरूले पनि खासै परिवर्तन गर्न नसकेकाले सुधारात्मक कामले मात्र समस्याको समाधान गर्न सक्दैन भन्ने मान्यता राखी मूल चुरोमाथि नै ध्यान केन्द्रित गर्ने उद्देश्यले यो विषयलाई छनोट गरिएको हो । प्रस्तुत अनुसन्धानको लागी तनहुँ जिल्लाको जामुने गा.वि.स अन्तरगतको वडा नं. १ छनोट गरिएको हो । जम्मा ४२४ घरधुरी रहेको उक्त वडामा कूल जनसङ्ख्या २२६९ रहेको छ । ४२४ घरधुरी मध्येबाट दैविक नमुना छनोट विधिमार्फत २५% घरधुरीको प्रतिनिधित्व हुनेगरी १०६

घरधुरीलाई नमुनाको रुपमा लिइएको छ । प्राकृतिक रुपमा सुन्दर, स्वच्छ हराभरा रहेको अध्ययन क्षेत्र यसै जामुने गा.वि.स.अन्तरगत वडा नं. १ गुणादी सदरमुकाम दमौलीबाट पोखरातर्फ जाने पृथ्वीराजमार्ग  करिब ५ कि.मि को दुरीमा पर्दछ । ऐतिहासिक एवम् धार्मिक महत्वको रुपमा परिचित गुणादी बाराही गुफा पनि यसै क्षेत्रमा अवस्थित छ । यहाँ ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, नेवार, दमै, कामी, सार्की, सवै जातजातिहरूको बसोबास रहेको छ । यहाँ हिन्दुधर्मको बाहुल्यता रहेको छ भने थोरै सङ्ख्या क्रिस्चियनको पनि रहेको छ । मुख्य चाडपर्वको रुपमा दशै, तिहार, तिज, माघेसक्रान्ति, जनैपूर्णिमा, चैते दशै, जस्ता चाडपर्वहरू सवै समूदायले मान्ने गरेका छन । विभिन्न जात जातिका अन्य चाडपर्व जन्म, मृत्यु संस्कार आ-आफ्नो तरिकाले मनाउने गरिन्छ ।

यहाँका अधिकांश मानिसहरूको पेशा कृषि भएपनि विदेशी सैनिक सेवामा भर्ति हुने पेशा, सरकारी नोकरी, शिक्षण पेशामा संलग्न, व्यापार व्यवसायमा संलग्न मानिसहरूको सङ्ख्या ठूलो छ भने केही मानिस हरू ज्यामी  पेशामा आवद्ध रहेका छन् ।

अध्ययन क्षेत्रमा स्वास्थ्य, शिक्षा, यातायात खानेपानीको सुविधा रहेको छ । प्रमुख बजार पनि नजिकै रहेको छ । खाद्यान्न, लत्ता कपडा लगायतका अन्य सामानहरू पनि सहज रुपमा पाउन सकिन्छ । यस अनुसन्धानमा प्राथमिक र द्वितीय दुवै खाले स्रोतलाई तथ्याङ्क सङ्कलनको आधार मानिएको छ । गुणात्मक र सङ्ख्यात्मक दुवै प्रकृतिका तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क संकलन गर्नको लागी कार्यक्षेत्र अध्ययन , अवलोकन र अन्तरर्वार्ता अनुसुचि विधी, वैयक्तिक अध्ययन प्रयोग गरिएको थियो । महिलाको विषयमा अनुसन्धान गरिएको हुँदा यसमा लैङगिक दृष्टिकोणको प्रयोग गरिएको छ । यसमा खासगरी वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

अध्ययन क्षेत्रमा ३६.८० प्रतिशत महिलाहरू घरमूलीको रुपमा रहेको पाइयो । समय अनुसार खेतीबाली लगाउने काम प्राय सवै समुदायमा महिला र पुरुष दुवैको सक्रिय सहभागितामा हुने गरेको पाइयो । प्रायजसो महिलाले आफ्नो पेशा बाहेक फूर्सदको समयमा घरायसी कामधन्दा  र बच्चाको स्याहार, सुसारमा विताएको पाइयो । अध्ययन क्षेत्रका महिलाहरूको घरको आर्थिक अवस्थाको विषयमा जिज्ञासा राख्दा १० प्रतिशत ले अत्यन्त राम्रो, ५० प्रतिशत ले ठिकै, ३० प्रतिशत ले राम्रो र १० प्रतिशत ले कमजोर रहेको बताएका छन् । त्यसैगरी परिवारमा पेशा व्यवसायको छनोटगर्दा महिला र पुरुष दुवैको

संयुक्त छलफलले नै निर्णय गरेको पाइयो । अध्ययन क्षेत्रका महिलाहरूलाई बेलाबेलामा हुने भेला उत्सवहरूमा जानको लागि घरपरिवारबाट रोकावट रहेको छैन । तर सार्वजनिक कार्यमा महिलाको भन्दा पुरुषको बढी सहभागिता रहेको छ । प्रयाजसो महिलाहरू सहकारी, आमा समूह, बचत समूहमा आबद्व भएका हुनाले उनीहरूले पनि विभिन्न विषयमा छलफल गरेर निर्णय गर्ने गरेको पाइयो ।

राजनितिक सहभागिताका सन्दर्भमा राष्ट्रिय एवम् स्थानिय कुनै निकाय र तहका निर्णय निर्माण गर्ने अङ्गहरूमा महिलाको सहभागिता अत्यन्तै न्युन छ । निजामति सेवा, प्रशासनिक सेवा लगायत अन्य सरकारी निकायहरूमा पुरुषहरूकै बाहुल्यता रहेको पाइन्छ । आजको २१ औं शताब्दीमा छोरा सरह छोरीलाई पनि हरेक कुरामा अवसर दिएमा उनीपनि सक्षम भएर जीवन निर्वाह गर्न सक्छिन्, भन्ने  कुरा लगभग सवैले बुझेको पाइयो । तर बाह्मण समाजमा छोरीहरूले उच्च शिक्षा लिएका छन् । मगर ,नेवार लगायत अन्य दलित समूदायमा कम मात्रामा उच्च शिक्षा लिएको पाइन्छ । कुल सङ्ख्याको ४३.४० प्रतिशत महिलाहरूको नाममा चल अचल सम्पति रहेको छ । विभिन्न कारणले गर्दा महिलाका नाममा सम्पति रहेपनि विशेषगरी पुरुषको नाममा नै राख्ने चलन रहेको छ । उत्तरदाता महिलाहरू मध्ये केही महिलाहरूको पेवाको रुपमा जिन्सी र नगदपनि रहेको छ । जग्गा जमिन किनबेच गर्दा महिला पुरुषविच सामान्य सरसल्लाह भएपनि अन्तिम निर्णय पुरुषको नै हुने गरेको पाइयो । घरका गाइवस्तु किनबेच र पैसाको लेनदेनमा प्राय मगर, गुरुङ, नेवार लगायत अन्य समुदायमा पुरुषहरू देशबाहिर रहेको हुनाले महिला स्वयंले ७० प्रतिशत निर्णय गर्ने गरेका छन् भने ३० प्रतिशत मात्र सरसल्लाहमा गरेको पाइन्छ । ब्राह्मण समुदायमा ७० प्रतिशत निर्णय पुरुषले गरेको पाइन्छ  र ३० प्रतिशत मात्र सरसल्लाहमा गरेको पाइन्छ । महिलाको कामलाई आर्थिक रुपमा गणना नगरिए तापनि पुरुषको तुलनामा कृषि कार्यमा महिला (६१.३२%) सहभागिता नै बढी देखिएको छ । महिलाको उचित मूल्याङ्कन हुन नसक्नुको कारण महिला अर्थिक रुपमा गणना नहुने, धेरै श्रम लाग्ने कृषि, घरेलु कामधन्दामा मात्र सिमित हुनु हो भन्ने विचार ४० प्रतिशत महिलाहरूले राखेका छन् । ५० प्रतिशत महिलाले पुरुषप्रधान समाजमा आर्थिक मामिला सम्बन्धी निर्णयमा पुरुष नै सर्वेसर्वा हुने भएको कारण महिला हरूको कामको उचित मूल्याङ्कन हुन नसकेको कुरा बनाउँछन् । त्यस्तै १० प्रतिशत उत्तरदाताले महिलाले आफ्नो

हक अधिकार लिन हिचकिचाउने र आफू सधैं खुम्चिएर पुरुषलाई नै अगाडि बढाई आफू सहयोगी मात्र बनेर बस्ने कारण प्रस्तुत गरेका छन् ।

## मुख्य प्राप्तीहरू

- अध्ययन क्षेत्रमा ३६.८० प्रतिशत महिलाहरू घरमुलीको रुपमा रहेको पाइन्छ ।
- सामाजिक कार्यमा ४३.४० प्रतिशत महिला सहभागिता रहेको पाइन्छ ।
- विशेषगरी ब्राह्मण समुदायमा भन्दा अन्य समूदायमा घरभित्रको काम महिला पुरुष दुवैले मिलेर सम्पन्न गरेको पाइन्छ ।
- अध्ययन क्षेत्रमा महिलाको धार्मिक कार्यमा पुरुषको तुलनामा सक्रिय सहभागिता रहेको पाइयो ।
- उत्तरदाताहरू ४२.४५ प्रतिशत एकल र ५७.५५ प्रतिशत संयुक्त परिवारका रहेका छन् ।
- प्रजनन निर्णयमा ५६.६० प्रतिशत पुरुषको निर्णय रहेको पाइयो भने ४३.४० प्रतिशत महिलाको निर्णय रहेको र परम्परागत समाजमा भन्दा बर्तमानमा केही परिवर्तन भएको देखिएको छ ।
- महिलाको कामलाई आर्थिक रुपमा गणना नागरिएता पनि पुरुषको तुलनामा कृषिकार्यमा महिलाको (६१.३२%) सहभागिता नै बढी देखिएको छ ।
- अध्ययन क्षेत्रका ४३.४० प्रतिशत महिलाको नाममा चल, अचल सम्पति रहेको पाइएको छ ।
- अध्ययन क्षेत्रका १५.१० प्रतिशत महिला मात्र राजनीतिमा संलग्न रहेको पाइन्छ भने ८४.९० प्रतिशत महिलाहरूको सहभागिता नरहेको देखिएको छ ।
- लैङ्गिक समानता र मानव अधिकारको विषयमा ४७.१७ प्रतिशत महिलाहरूलाई जानकारी रहेको र २८.३० प्रतिशत महिलाहरू यस विषयमा अनविज्ञ रहेको पाइन्छ । त्यसै गरी २४.५३ प्रतिशत महिलाहरूलाई कम मात्र थाहा भएको पाइन्छ ।
- अध्ययन क्षेत्रका महिलाहरूको कामप्रति उत्प्रेरित गराउन, मनोबल उच्च राख्न, घरपरिवारबाट ५० प्रतिशत महिलाहरूलाई सामान्य खालको सहयोग १५ प्रतिशत

महिलाहरूलाई अत्यन्त राम्रो र २५ प्रतिशत महिला हरूलाई घर परिवारबाट खासै सहयोग नभएको र १० प्रतिशत महिलाहरूलाई ठिकै सहयोग प्राप्त भएको पाइयो ।

- महिलाको कामको उचित मूल्याङ्कन हुन नसक्नुको कारणमा महिला आर्थिक रुपमा गणना नहुने धेरै श्रम लाग्ने कृषि, घरेलु कामधन्दामा मात्र सिमित हुनु हो भन्ने विचार ४० प्रतिशत महिलाहरूले राखेको छन् भने ५० प्रतिशत महिलाहरूले पुरुषप्रधान समाजमा आर्थिक मामिला सम्बन्धी निर्णयमा पुरुष नै सर्वेसर्वा हुने भएको कारण महिलाहरूको कामको उचित मूल्याङ्कन हुन नसकेको कुरा बताउँछन् । त्यस्तै १० प्रतिशत उत्तरदाताले महिलाले आफ्नो हक अधिकार लिन हिचकिचाउने र आफू सधै खुम्चिएर पुरुषलाई नै अगाडि वढाइ आफू सहयोगी मात्र बनेर बस्ने कारण प्रस्तुत गरेका थिए ।
- उत्तरदाता महिलाहरूले आफूले कमाएको पैसा छोरा छोरीको शिक्षा-दिक्षामा लगायत घरखर्चमा लगाएको बताए ।
- सार्वजनिक कार्यमा महिलाभन्दा पुरुषको नै बढी सहभागिता रहेको पाइयो ।
- गृहिणीभन्दा जागिरे व्यापार व्यवसायमा संलग्न रहेका महिलाहरू बढी सक्रिय हुने भएकाले निर्णय प्रक्रियामा उनीहरूको सहभागिता बढी देखिन्छ ।
- बच्चाको स्याहार, सुसार, खानपिनमा भने प्राय सवै समूदायमा पुरुषको तुलनामा महिला सहभागिता वढी देखियो ।
- बस्तुभाउको घाँसपानी, भकारो सफा गर्ने काम प्रायः सवै समुदायमा महिला र पुरुष दुवै मिलेर गरेको पाइयो ।
- प्राय मगर, नेवार, समुदायमा पुरुषहरू देशबाहिर गएको हुनाले आर्थिक कारोबार लगायत अन्य व्यवहार महिलाले गरेको पाइयो ।

## ६.२ निष्कर्ष

घरेलु निर्णय प्रक्रियामा महिला सहभागिता सम्बन्धी जामुने गा.वि.स.वडा नं.१ मा गरिएको यस अध्ययनले अध्ययन क्षेत्रका समग्र महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक अवस्थालाई उजागर गरेको छ । ४३.४० प्रतिशत महिलाहरूको नाममा चल, अचल सम्पत्ति रहेको छ तर अधिकांश महिलाहरू आफ्नो पेवापात भए पनि श्रीमान्सँग सोधेर

मात्र व्यवहार गर्ने कुरा बताउँछन् । त्यसकारण आफ्नो एकल निर्णय सम्भव नभएको कारण आर्थिक पक्षमा पनि महिलाको कम पहुँच देखिन्छ । विभिन्न सामाजिक क्रियाकलापमा घर परिवारको प्रतिनिधित्वको रूपमा महिलाको तुलनामा पुरुष नै बढी सहभागी हुने भएकाले यो अध्ययन क्षेत्रमा पनि पितृसत्तात्मक सोचले जरा गाडेको पाइन्छ । महिलाको राजनीतिक अवस्थाको अध्ययन गर्दा मतदाताको रूपमा रहेका सम्पूर्ण महिलाहरूको राजनीतिमा रूचि, सक्रियता, दलगत सुझाव खासै देखिदैन । केवल १५.१० प्रतिशत महिलाहरू मात्र राजनीतिमा संलग्न रहेको देखिन्छ । समाजका हरेक क्षेत्रमा महिला र पुरुषको समान सहभागिता हुनुपर्दछ भन्दै संविधानले नै समानताको हक प्रदान गरी महिलालाई नागरिक हकका रूपमा राजनीतिक अधिकार प्रदान गरेको भएपनि अशिक्षा, अज्ञानता, गलत सामाजिक संस्कारका कारण र घरायसी जन्जालबाट मुक्त हुन नसक्दा पुरुष सरह महिलाहरूले राजनीतिक अधिकार प्राप्त गर्न नसकिरहेको अवस्था छ ।

घरेलु मामिलामा लिइने निर्णय प्रक्रियालाई विभिन्न पक्षहरूले प्रभाव पारेको देखिन्छ, जस्तैः शिक्षा, रोजगारी, पारिवारिक संरचना, घरमुलीको स्थिति आदि । अध्ययन क्षेत्रमा सामान्य पढलेख गर्न सक्ने भन्दा उच्च शिक्षा लिएका महिलाहरू निर्णय प्रक्रियामा बढी समावेश भएको पाइयो । रोजगारमा संलग्न महिलाहरू आत्मनिर्भर भएको हुनाले घरका हरेक निर्णय गर्न सक्षम भएको देखिन्छ । आफ्नो आर्थिक हैसियत मजबुत भएको कारण पनि श्रीमान्को एकल निर्णय नभइ आफूहरू पनि निर्णयमा सहभागी हुन सक्ने कुरा उनीहरू बताउँछन् । विशेषगरी संयुक्त परिवारको तुलनामा एकल परिवारमा महिलाहरूलाई घरका हरेक कुराको निर्णय गर्ने अवसर प्राप्त भएको पाइएको छ । त्यस्तै पुरुष घरमुली भएको परिवारमा भन्दा महिला घरमुली भएको परिवारमा सम्पूर्ण व्यवहार गर्ने जिम्मेवारी महिला स्वयम्लाई भएको हुँदा हरेक कुराको निर्णय गरेको पाइयो ।

अधिकांश पुरुष घरमुली भएको परिवारमा स्रोत परिचालन, उपयोग तथा निर्णय प्रक्रियामा महिलाको मात्र एकल निर्णय नभएको पाइयो । पुरुष प्रधान समाजको प्रभाव रहेको कारण पुरुषसँग नै सल्लाह लिनुपर्ने देखियो । ब्राह्मण क्षेत्री समुदायमा भन्दा अन्य जनजाति, दलित समुदायमा स्रोत परिचालन, उपयोग र निर्णय प्रक्रियामा महिलालाई सहज भएको पाइयो । स्रोत परिचालन र उपयोगमा महिलाले आफूखुसी निर्णय गर्दा विशेषगरी ब्राह्मण क्षेत्री समुदायमा पारिवारिक बेमेल, टकराव देखियो, यसको लागि महिला र पुरुष दुवै मिलेर

अगाडि बढ्ने र घरभित्रका हरेक कुरामा महिलालाई पनि निर्णय गर्ने अवसर प्रदान गरेमा समस्या समाधान हुने देखिन्छ ।

## ६.३ सुझावहरू

प्रस्तुत अनुसन्धान पछि हरेक क्षेत्रमा महिला सहभागिता बढाउनको लागी निम्न कार्यहरू गर्नुपर्ने सुझावहरू प्रस्तुत गरिएको छ ।

१. महिलाहरूको उत्थानको लागी सिपमुलक र व्यवहारिक शिक्षामा जोड दिनुपर्ने ।

२. मानव अधिकार, लैङ्गिक समानताको विषयमा महिलाहरूलाई विभिन्न कार्यक्रम मार्फत जानकारी गराउनुपर्ने ।

३. राजनितिमा महिला सहभागिता अत्यन्त न्युन रहेकाले महिला सहभागिता वृद्धिमा जोड दिने ।

४. महिलाको क्षमता अभिवृद्धिका लागी समय समयमा विभिन्न तालिम तथा जनचेतनामुलक कार्यक्रमहरू ल्याउनुपर्ने ।

५. विशेषगरी ब्राह्मण, क्षेत्री समुदायमा आर्थिक कारोबार लगायत घरको अन्य व्यवहारमा महिलाहरूलाई अग्रसर गराउनुपर्ने ।

६. महिलालाई लक्षित गरी बनेका नियम कानुनहरू केवल कागजमा सिमित नभइ त्यसलाई व्यवस्थित ढङ्गले कार्यान्वयनमा जोड दिने

७. महिला स्वयं पनि आफूले पाउने हक अधिकार के हो र आफूले गर्ने कर्तव्यको विषयमा सचेत हुनुपर्ने ।

८. महिलालाई हरेक क्षेत्रमा अगाडि बढाउन र उसको मनोबल उच्च राख्नको लागि पुरुषप्रधान समाज र सोचको अन्त्य गर्नुपर्ने ।

९. सन्तान उत्पादन कार्यको निर्णय धेरैजसो पुरुषले मात्र गरेको देखिएको छ । यसमा महिलाको निर्णय लाई पनि मान्यता दिनुपर्ने देखिन्छ ।

१०. सम्पतिमा पनि महिलाको पुरुषको बराबर हक रहने व्यवस्था अनिवार्य गरिनुपर्ने र यसको व्यवस्थित कार्यन्वयनमा जोड दिनुपर्ने ।

११. महिलालाई घरभित्र मात्र सिमित नराखी, घरबाहिर सामाजिक, सार्वजनिक कार्यक्रमहरूमा सक्रिय सहभागिता गराउनुपर्ने ।

१२. शिक्षा, स्वास्थ्य, रोजगारी लगायत विभिन्न क्षेत्रका निति निर्माण तहमा महिला सहभागिता अनिवार्य गर्नुपर्ने ।

१३. पुरुषहरूले महिलाहरूलाई हेर्ने परम्परागत दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, रेशराज र टिकाराम गौतम (२०६०), *समाजशास्त्रीय र मानवशास्त्रीय अनुसन्धान पद्धति,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, रेशराज र घिमिरे, हरिहर (२०६१), *नेपाली समाज र संस्कृति,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, भोजेन्द्र (२०५९), *लैङ्गिक अध्ययन,* काठमाडौः समाजशास्त्र प्रकाशन ।

अर्याल, भोजेन्द्र (२०६५), *नेपाली समाज र संस्कृतिको विश्लेषण,* काठमाडौ, ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, बलराम (२०६३ क), *सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण,* काठमाडौः नेशनल बुक सेन्टर भोटाहिटी ।

आचार्य, बलराम (२०६३ ख), *अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन,* काठमाडौंः नेशनल बुक सेन्टर भोटाहिटी ।

आचार्य, बलराम (२०६८), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौः नेशनल बुक सेन्टर, भोटाहिटी ।

कार्की, अशोक कुमार (२०६७), *सामुदायिक तथा प्रजनन स्वास्थ्य,* काठमाडौंः पैरवी प्रकाशन ।

चौलागाई, तिलकप्रसाद, श्रेष्ठ, केशवकुमार र सापकोटा, केशवराज (२०६६), *लैङ्गिक अध्ययन,* काठमाडौः एकेडेमिक बुक सेन्टर कीर्तिपुर ।

ढकाल, मिरा (२०६६), *एजुकेटेड वुमन इन गभरमेन्ट इम्प्लोइमेन्ट, अ केस स्टडी अफ पोखरा सबमेट्रोपोलिटनसिटी एण्ड कास्की डिस्ट्रिक्ट डेभलपमेन्ट कमिटि अफिस,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृ.ना.क्या, समाजशास्त्र/मानवशास्त्र विभाग, पोखरामा प्रस्तुत ।

ढकाल, सोमनाथ (२०६७), *सामुदायिक तथा प्रजनन स्वास्थ्य,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

दाहाल, कपिलमणि (२०६६), *कास्की, जिल्ला ढिकुरपोखरी गा.वि.स., ठुलाचौरका ब्राह्मण महिलाहरुको सामाजिक तथा सम्पत्तिको अवस्था एक अध्ययन,* अप्रकाशित शोधपत्र,

त्रिभुवन विश्वविद्यालय, पृ.ना.क्या, समाजशास्त्र/मानवशास्त्र विभाग, पोखरामा प्रस्तुत ।

दाहाल, शिवराज र श्रेष्ठ, आनन्दप्रसाद (२०५७), *समकालीन समाज,* सा.ने.पा.नेपाल फाउण्डेसन फर एडभान्स स्टडीज (नेफास)

पौडेल, तुलसीराम (२०५८), *लैङ्गिक अध्ययनको रुपरेखा,* काठमाडौंः निमा पुस्तक प्रकाशन ।

पौडेल, हेमराज (२०६८), *महिला सशक्तिकरणका लागि पैतृक सम्पतिमा महिलाहरुको समान अधिकार,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृ.ना.क्या, समाजशास्त्र/मानवशास्त्र विभाग, पोखरामा प्रस्तुत ।

बराल, निर्मला (२०६७), *घरेलु निर्णय प्रक्रियामा महिलाको भूमिका,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृ.ना.क्या. पोखरा ।

भण्डारी, के.पी. (२०६०), *समाजका नमुनाहरु,* विराटनगरः श्यामपुस्तक भण्डार ।

भासिन, कमला (१९९३), *आखिरी यो जेण्डर के हो त ?,* काठमाण्डौः स्त्री शक्ति प्रकाशन ।

भासिन, कमला (२००३), *पितृसत्ता के हो ?,* काठमाण्डौः स्त्री शक्ति प्रकाशन ।

विष्ट, प्रेमसिंह र जोशी, महेन्द्रराज (२०६७), *सामुदायिक तथा प्रजनन स्वास्थ्य,* काठमाडौंः भूँडीपुराण प्रकाशन ।

विष्ट, मीना (२०६९), *नारी अधिकारका वाधक तत्वहरू,* कार्यक्रम संयोजक जागरण, काठमाडौं, नेपाल ।

श्रेष्ठ, अस्मिता (२०६६), *महिला कानुन व्यवसायीहरुको सामाजिक अवस्था,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृ.ना.क्या, समाजशास्त्र/मानवशास्त्र विभाग, पोखरामा प्रस्तुत ।

सापकोटा, केशवराज, पौडेल, कृष्णकान्त, पनेरु, खेमराज र तिमिल्सिना (२०६८), *सामाजिक स्तरीकरण र विविधिकरण,* काठमाडौः एकेडेमिक बुक्स सेन्टर ।

हाछेथु, कृष्ण र श्रेष्ठ, इन्दिरा (२०५९), *महिला शासन व्यवस्था र प्रजातान्त्रिक प्रक्रिया राज्यको परिकल्पना,* काठमाडौंः स्त्री शक्ति प्रकाशन ।

*अन्तरिम संविधान* (२०६३), नेपाल सरकार, सिंहदरवार काठमाडौं ।

*केन्द्रिय तथ्याङ्क विभाग* (२०६८) नेपाल सरकार ।

जामुने गा.वि.स.(२०७१) का वस्तुगत विवरण ।

*वेइजिङ सम्मेलनमा प्रस्तुत प्रारम्भिक प्रतिवेदन (१९९९),* नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

*मुलुकी ऐन* (२०२०), कानुन किताब व्यवस्था समितिः काठमाडौं ।

यु.एन.डि.पि.(१९९५), *मानव विकास प्रतिवेदन,* काठमाडौः नेपाल ।

**Engles (2004).** ***Origin of the family private property and the state,*** **Australia: Resistance Books 23, Abercrombie St. Chippendate NSW.**

**Gigans (1989),** ***Women on Income in sub sahara Africa and white box against of Human right***

**Gurung, S. (2007),** ***Socio economic status of women farmer,*** **An Unpublished Master Degree Thesis, Submitted to the Department of Sociology/Anthropology, Prithvi Narayan Campus, Pokhara.**

**HMG (1995),** ***The*** **united** ***nations fourth world conference on women country report Nepal*****.**

**Koirala, U. (1997),** ***Study of status of working women of Biratnagar,*** **An Unpublished Master Degree Thesis, Submitted to the Department of Sociology/ Anthropology, Tribhuvan University, Kathmandu.**

**Pradhan & Shrestha (1990),** ***Reproductive behaviour of women,*** **Kathmandu: Women Development and Publication Center.**

**Ritzer, J. (1996),** ***Modern sociologic theory.*** **New Delhi: M.A. Gra Hill Company.**

**Upreti, L. P. (1988),** ***Women and credit in Nepal: Some achivment of limitation of the observation.*** **Kathmandu: Women Development Center.**

**UNICEF (1990),** ***Children and women of Nepal.***